# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली भाषा सरकारी कामकाजको भाषा हुनुको साथै विद्यालय तहको शिक्षाको प्रमुख माध्यमका रूपमा रहँदै आएको छ । त्यसैले विद्यालय तहको शैक्षिक क्रियाकलापमा नेपाली भाषाको महत्त्वपूर्ण स्थान छ । विद्यालय तहको प्रारम्भिक कक्षादेखि अनिवार्य रूपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले शिक्षण गर्न आवश्यक हुन्छ । यस विषयलाई अनिवार्य विषयका रूपमा अध्ययन अध्यापन गर्नुको खास उद्देश्य साहित्यको अध्ययन गराउनु होइन । साहित्यका विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै नेपाली भाषा अध्यापनको मुख्य उद्देश्य हो ।

सर्वप्रथम त व्याकरण शब्द वि+ आ+कृ+अन् जस्ता उपसर्ग, धातु र प्रत्ययको योगबाट व्युत्पन्न गरिएको शब्द हो । परम्परागत व्याकरणले शुद्ध लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिन्छ भनी परिभाषित गरेको देखिन्छ । यस आधारमा भन्नुपर्दा व्याकरण नजानी भाषाको शुद्ध प्रयोग जानिदैन भन्ने हुन्छ तर व्याकरणले भाषालाई डोऱ्याउने नभई भाषा प्रयोगका आधारमा व्याकरण चल्नु पर्दछ । यसका नियमहरूलाई भन्दा प्रयोगलाई विशेष महत्त्व दिनुपर्छ ।

व्याकरण भाषा शिक्षणसँग सम्बन्धित विषयवस्तु भएकाले भाषा सिक्नु व्याकरणको सिकाइ पनि हो तर व्याकरण सिक्नु भनेको भाषाको सिकाइ नभएकाले व्याकरण भाषाको एक अनिवार्य तत्व हो जसलाई भाषातत्वका रूपमा लिने गरिएको पाइन्छ । व्याकरण भाषाको आन्तरिक संरचना भएकाले मानिसलाई जीवित रहनका लागि विभिन्न अङ्गहरूको खाँचो परे जस्तै भाषालाई शिष्ट, शुद्ध, मर्यादित र मानक स्वरूप निर्धारण गर्ने कार्य व्याकरणले गर्ने गर्दछ ।

हरेक भाषा शिक्षणको निकै महत्त्व हुन्छ । सबै भाषाको निश्चित नियमबद्ध व्याकरण हुन्छ । त्यस्तै प्रत्येक भाषामा वर्णविन्यास, रूप व्यवस्था, वाक्य व्यवस्था तथा अर्थ व्यवस्था हुन्छ । भाषा भित्रका यी सबै व्यवस्थाहरू निश्चित नियमबद्ध हुन्छन् । भाषा भित्रका यिनै

नियम अनुशासन र नियन्त्रणलाई व्याकरण भनिन्छ । यसले भाषालाई शुद्ध, स्तरीय र मानक रूपको प्रयोग सँगै भाषामा पनि समय सापेक्ष परिवर्तन र प्रवर्द्धन भई नै रहन्छ । भाषालाई समसामयिक बनाउनका लागि शब्दलाई अनुशासन गर्ने र व्यवस्थित गर्ने काम व्याकरणले गर्दछ । कुनै पनि भाषाको मौखिक र लिखित गरी दुई माध्यम हुन्छन् । मौखिक रूपलाई कथ्य र लिखित रूपलाई लेख्य रूप भनिन्छ । यसरी कथ्य र लेख्य भाषाको छुट्टाछुट्टै अस्तित्व छ, लेख्य वा मानक रूप प्रयोगको लागि व्याकरणको आवश्यकता पर्दछ । व्याकरण के हो भन्ने विषयमा नेपाली बृहत् शब्दकोश, विभिन्न व्याकरणहरू तथा विद्वान्हरूले गरेको मतलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक ठानिन्छ ।

नेपाली बृहत् शब्दकोशमा कुनै भाषाको शब्द शब्दका विभिन्न रूप, तिनको संरचना, विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध छुट्याउनुका साथै शब्द वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको निरूपण गर्ने शास्त्र शब्द तथा वाक्यसम्बन्धी नियम र उदाहरणको सङ्कलन गर्ने शास्त्र भनी व्याकरणको परिभाषा गरिएको छ (पोखेल र अन्य, २०४० : १२४) । त्यसैगरी बालचन्द्र शर्माको नेपाली शब्दकोश (२०५७ : ९८८) मा “कुनै भाषाका शब्द तिनका रूप वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमहरूको निरूपण गर्ने शास्त्र भनी व्याकरणको परिभाषा गरिएको छ ।” त्यस्तै व्याकरण समिति नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान हाल नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा निर्मित बृहत् नेपाली व्याकरणमा जुन शास्त्रमा विभिन्न वर्ण, शब्द, भेद प्रकृति प्रत्यय धातु रूप, वाक्य, भेद कुन ठाउँमा कस्तो रूप प्रयोग गर्नुपर्छ आदि कुरालाई विस्तार पूर्वक वर्णन गरिएको छ । त्यसैगरी पुस्कर शमशेर जवराको सजिलो नेपाली व्याकरणमा “नेपाली व्याकरण भनेको हामीलाई नेपाली कुरा शुद्ध गरी बोल्न र लेख्न सिकाउने शास्त्र हो ।” भनी परिभाषित गरिएको छ । परम्परागत मान्यता अनुसार शुद्ध लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिन्छ । उपयुक्त परिभाषाका आधारमा समष्टिगत रूपमा व्याकरणलाई भाषाको अन्तरनिहित व्यवस्थाहरूको शुद्ध प्रयोग गर्न सिकाउने शास्त्रको रूपमा लिन सकिन्छ ।

तसर्थ व्याकरणले कुनै पनि भाषाका वक्ताहरूलाई एउटै स्तरीय शुद्ध तथा मानक रूपको प्रयोग गर्न सिकाउँछ भने व्याकरणअन्तर्गत भाषाका रूपदेखि वाक्यात्मक तहसम्मका संरचनात्मक कुराहरूको सुव्यवस्थित अध्ययन गरिन्छ । त्यसैले व्याकरण भाषाको आन्तरिक संरचना सम्बद्ध तत्व हो र यसले भाषाका तिनै आन्तरिक संरचना र नियमहरूको व्याख्या एवं विश्लेषण गर्दछ । त्यसैले भाषाले व्याकरणलाई नभएर व्याकरणले भाषालाई पछ्याउँछ ।

यस परिप्रेक्ष्यमा व्याकरणलाई अनौपचारिक बौद्धिक विषयका रूपमा लिनु हुँदैन र प्रयोग प्रसंगमा एवम् सम्प्रेषणात्मक उपयुक्तताका दृष्टिले ग्रहण गरी सोही अनुरूप सरल र सहजताले भाषा शिक्षण गरिनु पर्दछ । हुनत कतिपय भाषिकागत एवम् शैलीगत विचलनहरूमा सुधार गर्न र व्यवहारहरूको स्वरूप निर्माण गर्न औपचारिक ढङ्गले व्याकरण शिक्षण पनि केही हदसम्म ग्रहणीय हुन सक्छ । तर पनि भाषाको शिष्ट एवम् स्तरीय प्रयोजनका लागि शिक्षणीय तह र प्रयोजन अनुसार भाषाको प्रयोग र व्यवहारसँग सम्बन्धित गराएर व्याकरण शिक्षण गरिनु उपयुक्त मानिन्छ ।

अतः नेपाली भाषा नेपाली वक्ताका लागि अनिवार्य विषय भएको कारण र राष्ट्रिय मान्यता प्राप्त भाषा, सरकारी कामकाजको भाषा र नेपालमा बसोबास गर्ने नेपालीहरूले एक अर्का बिच विचार आदानप्रदान गर्न नेपाली भाषाका माध्यमबाट गर्ने भएकाले भाषा पाठ्यपुस्तक भित्र व्याकरणको अनिवार्य समावेश गरी भाषा र व्याकरणको मिलावटबाट भाषिक सिपको विकास गर्न सकिने हुनाले उक्त पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अभ्यास र प्रयोग के, कसरी, कति मात्रामा प्रयोग गरिएको छ भनेर थाहा पाउनु जरुरी छ ।

## १.२ समस्या कथन

भाषा विना व्याकरणको अस्तित्व हुँदैन भने व्याकरण विनाको भाषा पनि हुन सक्दैन । त्यसकारण भाषा र व्याकरणको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । शोधको विषयमा अध्ययन अनुसन्धानका लागि छनोट गरिएको जुन शीर्षक छ त्यो नै आफैँमा शोध समस्या हो । अर्को अर्थमा भन्नुपर्दा अनुसन्धान गर्न लागिएको विषयवस्तुमा देखिएको समस्या नै शोध समस्या हो । शोध समस्याबाट नै अनुसन्धानको बाटोलाई पहिल्याउन मद्दत पुग्छ । शोध समस्यालाई अनुसन्धेय विषयवस्तुका रूपमा पनि लिने गरिएको पाइन्छ, जसले शोधको समस्यालाई दिशानिर्देश मात्र गर्दैन कि त्यसको समाधानका निम्ति गोरेटो निर्माण गर्नमा सहज तुल्याइदिन्छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको प्रयोगमा के कस्ता समस्याहरू रहेका छन् भनी अनुसन्धान निम्नानुसार समस्याहरूमा केन्द्रित रहेको छ ।

(क) कक्षा दशको पाठ्यपुस्तकमा समाविष्ट व्याकरणहरू पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा समावेश गरिएका छन्/छैनन् ?

(ख) उक्त कक्षाको पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणात्मक अभ्यासबाट पूर्ण रूपमा भाषिक सिप हासिल गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्य गर्नुको उद्देश्य रहन्छ । उद्देश्यविनाको कार्यहरू सम्पन्न गर्न प्रायः असम्भव नै हुने गर्दछ । शोध समस्यामा केन्द्रित हुने भएकाले शोध समस्या समाधान गर्ने स्पष्ट गोरेटो नै उद्देश्य हो । यसमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको प्रयोग शोधकार्यको निम्ति निम्नानुसार उद्देश्य रहेको छ :

(क) कक्षा दशको पाठ्यपुस्तकमा समाविष्ट व्याकरणहरूलाई पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा विश्लेषण गर्नु

(ख) उक्त पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणात्मक अभ्यासको भाषिक सिपका दृष्टिले विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

भाषिक कुशलतालाई व्यवहारमा सबल र सक्षम बनाउनु भाषा शिक्षणको मुख्य लक्ष्य हो । भाषिक सिपको उत्तरोत्तर विस्तार गर्न र भाषिक व्यवहारलाई सबल र सक्षम तुल्याउने उद्देश्यले पाठ्यक्रम निर्माण गरिएको हुन्छ । पाठ्यक्रमको लक्ष्यलाई अपेक्षाकृत रूपमा पूर्ण गर्न अभ्यासात्मक साधनका रूपमा पाठ्यपुस्तकलाई लिनु पर्दछ । भाषा पाठ्यपुस्तकका अन्त्यमा दिइएका अभ्यासमा के सिक्ने ? कसरी सिक्ने र कति सिक्ने ? भन्ने कुराको निर्धारण गरिएको हुन्छ । अतः भाषा पाठ्यपुस्तकमा दिइएको व्याकरणसम्बन्धी अभ्यासले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसै धारणाअनुसार कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समयानुकूल परिमार्जन गरी विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान प्रदान गर्न खोजिएको छ र यस तहमा व्याकरणमा के कस्ता व्यावहारिक पक्षहरूमा परिवर्तन गर्नुपर्ने छ, प्रस्तुत शोधले पाठ्यपुस्तकमा समाविष्ट व्याकरणहरू पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा छन्/छैनन् र पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणात्मक अभ्यासबाट पूर्ण रूपमा भाषिक सिप हासिल गर्न सकिन्छ भनेर यस अध्ययनले जोड दिएको छ ।

## १.५ सीमाङ्कन

शोधपत्रमा निर्धारित शीर्षकअन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो सोको किटानी गर्नुलाई शोध कार्यको सीमाङ्कन भनिन्छ (ओझा, २०७२ : १२२) । शोधको सीमाङ्कन भन्नाले अनुसन्धान गरिने विषयवस्तुको सीमा वा क्षेत्र के कति हो त्यसको निर्धारण गर्ने कार्य नै शोधको सीमाङ्कन हो भन्न सकिन्छ । योजनाबद्ध कार्य गर्नका लागि कुनै पनि कार्यलाई निश्चित दायरा, क्षेत्र वा सीमाभित्र राखी व्यवस्थित गर्नुपर्ने देखिन्छ । सीमाङ्कनले अध्ययन गरिने विषयवस्तुको किटान गर्दछ र त्यही विन्दुमा रही अध्ययनलाई केन्द्रित, सङ्गठित र दिशा निर्देशित गर्दछ । उद्देश्य अनुरूप नै यसको सीमा निर्धारण हुने हुँदा शीर्षकको मातहतमा तय गरिएका उद्देश्य अनुरूप नै सीमाङ्कन गर्नु उपयुक्त भएको पाइन्छ ।

प्रस्तुत शोधकार्य *कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको प्रयोग* शीर्षकमा केन्द्रित रहेको छ । प्रस्तुत शोधकार्यको सीमालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

(क) प्रस्तुत अध्ययन ललितपुर जिल्लामा सीमित रहेको छ ।

(ख) प्रस्तावित अध्ययन कक्षा दशको नेपाली पाठ्यपुस्तकको पाठ्यक्रम र पाठगत आधारमा अध्ययन सीमित रहेको छ ।

(ग) उक्त पाठ्यपुस्तक भाषिक सिप पहिचानका आधारमा अध्ययन सीमित रहेको छ ।

(घ) प्रस्तुत अध्ययनका लागि ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयहरू अध्ययनका रूपमा समावेश गरिएका छन् ।

(ङ) कक्षा दशमा व्याकरण शिक्षण गर्ने शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त सूचनाहरूको विश्लेषणमा प्रस्तुत अध्ययन सीमित रहेको छ ।

(च) कक्षा १० को नेपाली भाषा शिक्षण गर्ने १० वटा विद्यालयबाट १० जना शिक्षकलाई मात्र प्रस्तुत अधययनमा समावेश गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नानुसारको रूपरेखामा सङ्गठित गरी प्रस्तुत गरिएको छ :

अध्याय एक : शोधको पृष्ठभूमि

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको प्रयोग

अध्याय पाँच : समाविष्ट व्याकरणहरूलाई पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा विश्लेषण

अध्याय छ : व्याकरणात्मक अभ्यासको भाषिक सिपको दृष्टिले विश्लेषण

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ सम्बद्ध कार्यको पुनरावलोकन

यसलाई साहित्यको पुनरावलोकन पनि भनिन्छ । हुन त पूर्वकार्यको समीक्षा गर्ने काम समस्याको छनोट गर्नुभन्दा अगाडिदेखि नै हुन्छ र अनुसन्धान परियोजनालाई पूर्णता दिने बेलासम्म निरन्तर रूपमा चलिरहन्छ । सामान्यतया सम्बन्धित पूर्वकार्यको समीक्षाले समस्यालाई स्पष्ट रूपमा परिभाषित गर्न, अनुसन्धानको औचित्यलाई प्रस्ट पार्न, उपयुक्त अनुसन्धान विधिको छनोट गर्न, तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियाको बारेमा निर्णय गर्न ठोस आधार प्रदान गर्छ । यसका अतिरिक्त यसले हालसम्म अनुसन्धान हुन नसकेका समस्याहरू पहिल्याउनु र दुई वा सोभन्दा बढी अनुसन्धानको बिचमा देखिएका मतभिन्नताहरू पत्ता लगाउन सहयोग गर्दै खोज भईसकेका कुराहरूको बारेमा पनि प्रस्ट जानकारी प्रदान गर्दछ । जसले गर्दा एकपटक अनुसन्धान भइसकेका समस्यामा पुनः अनुसन्धान हुन सक्ने सम्भावनाको न्यूनीकरण हुन्छ । यसका अतिरिक्त पूर्वकार्यको समीक्षाले अन्य अनुसन्धानबाट निस्केको नतिजाको बारेमा स्पष्ट जानकारी दिन सघाउ पुर्‍याउँछ ।

### २.१.१ पुस्तक समीक्षा

पुस्तक समीक्षा गर्दा सर्वप्रथम समीक्षकले विषयवस्तुको कुन विधा वा क्षेत्रको सामग्री हो त्यसको परिचय दिनु आवश्यक हुन्छ । तत्पश्चात् त्यसको विषयवस्तु र सेरोफेरोलाई नियालेर टिप्पणी गरिन्छ । यसै विषय क्षेत्रसँग सम्बन्धित रहेर गरिएका सैद्धान्तिक एवम् प्रयोगात्मक अनुसन्धानहरू निम्नानुसार छन् :

सुवेदी र पराजुली (२०५७, तेस्रो संस्करण) द्वारा *नेपाली वर्णविन्यास व्याकरणात्मक* नामक पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकमा नेपाली वर्णविन्यास, नेपाली वर्णमाला, नेपाली विन्यासका मुख्य नियमहरू, ह्रस्व र दीर्घ सम्बन्धी नियमहरू, शब्दका अगाडि, बिचमा, अन्तमा हुने ह्रस्व र दीर्घ सम्बन्धी नियमहरू ब र व, ए, य र ये, इ, ई, यि र यी, ऋ, रि र री, ओ र व, क्षे, छे र छ्य सम्बन्धी नियमहरू शिरविन्दु र चन्द्रविन्दु, ङ, ञ, ण, न, म को प्रयोग सम्बन्धी नियमहरू, तत्सम शब्दको वर्णविन्यास सम्बन्धी नियमहरू, शब्दको अगाडि, बिचमा, अन्तमा, पदका अगाडि, बिचमा, अन्तमा पद मध्यमा, पदान्तमा र पदादिमा,

ह्रस्व र दीर्घ हुने नियमहरू श, ष र स हुने नियमहरू, हलन्तसम्बन्धी नियमहरू, पदयोग र पद वियोग, लेख्य चिह्न सम्बन्धी नियमहरूमा केन्द्रित रही चर्चा गरिएको छ । यस पुस्तकमा कक्षा दशका विद्याथीहरूका निम्ति उपयोगी हुने जस्तै पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा भने व्याकरणको चर्चा गरिएको नभए पनि ह्रस्व र दीर्घ सम्बन्धी नियममा यस पुस्तकमा चर्चा गरिएको छ ।

उपाध्याय (२०६१) द्वारा *अनिवार्य नेपाली* तिन वर्षे बी.एड. को नेपाली व्याकरण रचना र समीक्षा नामक पुस्तकमा नेपाली व्याकरण शिक्षणको सैद्धान्तिक पक्षमा केन्द्रित रही चर्चा गरिएको छ । उक्त पाठ्यपुस्तकमा 'खण्ड ख' मा बोध र अभिव्यक्ति प्रयोजनपरक नेपलीअन्तर्गत कानुनी विषयसँग सम्बद्ध प्राविधिक शब्दावली र विज्ञान, सामाजिक एवम् अनुकरणात्मक शबदको अर्थ र वाक्यमा प्रयोग तथा एकाइ नौको बुँदा टिपोट, सङ्क्षेपीकरण र अभिव्यक्ति लेखन र शैली नामक विषयवस्तुहरूको ज्ञान मात्र गराइएको छ । अतः उल्लिखित विषयवस्तुहरू माध्यमिक तहको कार्यमूलक व्याकरणसँग मेल खाने र व्याकरणको शिक्षण पश्चात् विद्यार्थीहरूको, अभिव्यक्ति पक्षसँग जोड दिने प्रकृतिका पाइन्छन् ।

आचार्य (२०६४) द्वारा लिखित *भाषाविज्ञान* नामक पाठ्यपुस्तकमा स्नातकोत्तर तह प्रथम वर्षका विद्यार्थीहरूका लागि सहयोगी सामग्री देखापरेको छ । उक्त पाठ्यपुस्तकको एकाइ 'ग' मा व्याकरणको रूप विज्ञानअन्तर्गत व्याकरणात्मक धाराहरू (कोटिहरू) शीर्षकमा वचन, लिङ्ग, पुरुष, कारक, काल, पक्ष, वाच्य र भाव, पदवर्गहरूको चर्चा छ । यस पुस्तकको प्रकार्यपरक भूमिकाअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय र संस्कृत सन्धि सम्बन्धी अवधारणालाई प्रकाश पार्दै आचार्यद्वारा स्वरसन्धि चर्चा गरिएको छ । अतः सन्धिअन्तर्गत विभिन्न सन्धिको प्रयोग स्पष्ट रूपमा छुट्याइएकाले प्रस्तुत अध्ययनभित्र उपर्युक्त विषयवस्तुहरूको व्याख्या विश्लेषणले सहयोग पुग्ने देखिन्छ ।

शर्मा र पौडेल (२०६९) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त व्याकरण शिक्षण पुस्तकमा व्याकरण शिक्षणका समस्या, कार्यमूलक व्याकरणअन्तर्गत व्याकरणको प्रयोग, व्याकरण र भाषाको प्रयोग, व्याकरण शिक्षणको प्रक्रियाको विशिष्ट रूपमा व्याख्या विश्लेषण गरिएको छ । अतः प्रस्तुत शोध कार्यअन्तर्गत अध्याय दुईमा व्याकरण सिद्धान्तको सैद्धान्तिक पक्ष निर्माण गर्न सहयोग पुग्ने हुनाले यस पाठ्यपुस्तकको सहायता लिई सैद्धान्तिक अवधारणा निर्माण गरिएको छ ।

शर्मा (२०७१) द्वारा *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण* लेखिएको छ । उक्त व्याकरण माध्यमिक तहदेखि माथिल्लो तहसम्मका नेपाली भाषाका विद्यार्थीहरूको लागि बहुउपयोगी सामग्रीका रूपमा अध्ययन गर्न सकिन्छ । व्याकरणको सैद्धान्तिक चिनारी, परिभाषा, उदाहरणहरूको प्रयोग, स्तरीय ढङ्गले यसको लेखन कार्य गरिएको एक प्रमाणका रूपमा लिन सकिन्छ । उक्त व्याकरणमा भएका व्याकरणको सैद्धान्तिक चिनारी, स्वनिम, अक्षर र सन्धि, लेख्य चिह्न, शब्दभण्डार र वर्गीकरण, नाम, सर्वनाम, विशेषण, क्रिया, धातु, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिवोधक, निपात, शब्दव्युत्पादन, उपसर्ग, कृत् प्रक्रिया, तद्धितान्त, नाम धातु, समास, द्वित्व, वाक्यका प्रकार, सङ्गति, काल, पक्ष र भाव, वाच्य, करण, अकरण, वाक्य संश्लेषण र विश्लेषण, कारक र विभक्तिको सैद्धान्तिक व्याख्या र तिनीहरूको यथोचित ढङ्गले प्रयोग गरी अध्ययनमा सरलीकरण गरी लेखिएको उक्त व्याकरणले कक्षा दशको नयाँ नेपाली पाठ्यपुस्तकअनुसार नलेखिए पनि माथिका व्याकरणिक विषयवस्तुसँग मेल खाने भएकाले विश्लेषणमा यस व्याकरणको उपयोग गरिएको छ ।

अधिकारी (२०७१, पाँचौ संस्करणमा संशोधित) द्वारा *समसामयिक नेपाली व्याकरण* प्रकाशन गरिएको छ । उक्त पुस्तकमा समयको माग अनुसार निम्न माध्यमिक तहदेखि स्नातक तहसम्मका विद्यार्थीहरूलाई उपयोग हुने गरी समसामयिक व्याकरणको प्रकाशन गरिएको देखिएको छ । माध्यमिक तहका लागि वर्ण व्यवस्थामा स्वरवर्ण र व्यञ्जन वर्णको परिचय, शब्दवर्ग, सङ्गति, क्रियाका प्रकार, क्रिया अन्तर्गत काल, पक्ष र भाव, क्रियापदको रूपायन, करण र अकरण, क्रियाका प्रकार, क्रियाअन्तर्गत काल, पक्ष र भाव, क्रियापदको रूपायन, करण र अकरण, वाच्य, प्रेरणार्थक, वाक्यका घटक, कार्य र कारकहरू, विभक्ति र यिनीहरूको कार्य, वाक्यका प्रकार, मिश्र तथा संश्लेषित वाक्य, उक्ति परिवर्तन र शब्द व्युत्पादन जस्ता व्याकरणिक अध्यायहरूको क्रम अनुसार परिचय, परिभाषा र तिनीहरूको सही उदाहरण र प्रयोग समसामयिक व्याकरणमा स्पष्ट ढङ्गले उल्लेख गरेको कारण शोधार्थीले गर्ने शोधको शीर्षकलाई उपर्युक्त विषयवस्तुका आधारमा अध्ययन गर्न बढी भन्दा बढी सहयोग पुग्ने भएकाले 'समसामयिक नेपाली व्याकरण' प्रस्तुत शोधकार्यका लागि उक्त पुस्तकको उपयोग गरिएको छ ।

दाहाल (२०७२) द्वारा *स्नातक अनिवार्य नेपाली* पाठ्यपुस्तक कार्यमूलक व्याकरण शिक्षणमा केन्द्रित देखिन्छ । उक्त पाठ्यपुस्तकका अक्षरीकरण र वर्णविन्यास अन्तर्गत अक्षरको संरचना, वर्णविन्यास अन्तर्गत ह्रस्व, दीर्घ, हलन्त, अजन्त, शिरविन्दु, चन्द्रविन्दुको

प्रयोग र परिभाषा उदाहरणसहित स्पष्ट पारिएको छ । अध्याय दुईमा नेपाली शब्दभण्डार र शब्दवर्ग, अध्याय तिनमा वाक्यतत्त्व रचना अन्तर्गत लिङ्ग, वचन, आदर, पुरुष, पक्ष, भाव, करण, अकरण, संवादात्मक, वाक्यतत्त्वपरक रचना, वाच्य, वाक्यान्तरण, युगल अकरण, प्रत्यक्ष र अप्रत्यक्ष कथनको गहिरो अध्ययन गर्न सकिन्छ । उपयुक्त विषयवस्तु समावेश गरी विद्यार्थी केन्द्रित पाठ्यपुस्तक निर्माण गरिएकाले यस शोधार्थीले अध्ययन गर्ने नेपाली पाठ्यपुस्तक पनि विद्यार्थी केन्द्रित भएकाले माथिका व्याकरणिक विषयवस्तुहरू कक्षा दशको नेपाली पाठ्यपुस्तकमा पनि समावेश गरिएकाले स्नातक अनिवार्य नेपाली पनि उपयोगमा ल्याउन सकिने हुनाले अनुसन्धानका लागि उपयोग गरिएको छ ।

निरौला र उपाध्याय (२०७३) द्वारा *सजिलो व्याकरण कक्षा १०* प्रकाशन गरिएको छ । व्यवहारपरक ढङ्गले यसको लेखन कार्य नगरिए तापनि विद्यार्थीहरूलाई आकर्षित हुने गरी प्रत्येक व्याकरणिक विषयवस्तुका बारेमा कवितात्मक रूपमा श्लोकहरू प्रस्तुत गरिएको छ । यस अन्तर्गत भाषा र व्याकरणको उपयुक्त परिचय, वर्णविन्यास, शब्द र शब्दवर्गको परिभाषा र प्रयोग गरिएको छ । यसैगरी अव्यय, पदसङ्गति, शब्दनिर्माण प्रक्रिया, व्याकरण कोटिका घटकहरू, वाक्य संश्लेषण र विश्लेषण उपयुक्त ढङ्गले लेखन कार्य गरिएको पाइन्छ । 'अभिव्यक्ति र रचना' खण्डमा बोध, सारांश, कथा, जीवनी, मनोवाद, संवाद, वादविवाद, चिठी, वक्तृता, निबन्ध र संक्षिप्त उत्तर विवेचना, सप्रसङ्ग व्याख्या, तार्किक प्रश्न र मूल्याङ्कन विधि साथै व्याकरणका विभिन्न पक्षहरूलाई विभिन्न आरेख, रेखा र तालिका आकर्षक ढङ्गले तिनका व्याकरणिक पक्षहरूलाई झल्काईएकाले शोधकार्यका लागि बहुउपयोगी रूपमा यसलाई उपयोग गर्न सकिने हुनाले यसको उपयोग गरी अध्ययन गरिएको छ ।

### २.१.२ शोध समीक्षा

पूर्वकार्यको समीक्षा गर्ने क्रममा शोधपत्रको समीक्षा पनि एक महत्त्वपूर्ण अङ्ग हो । पूर्वकार्यको समीक्षा अन्तर्गत पुस्तक समीक्षासँगै आउने शोधपत्रको समीक्षा पनि गर्नु त्यति नै आवश्यक छ । नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको अध्ययन र प्रयोगका लागि पुस्तक वा लेखहरूबाट मात्र सबै कुरा जानकारी हुँदैन, त्यसको लागि कुनै पनि एउटा भाषा शुद्धसँग सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सिपको विकास भएपछि त्यसका माध्यमले अरू विषय सिक्ने मूल ढोका खुल्दछ । हाम्रो जस्तो बहुभाषिक समाजमा माध्यम

भाषाका रूपमा नेपाली भाषा नै रहेको हुँदा यसै भाषाका माध्यमले विभिन्न भाषीहरू बिच विचार विनिमयको माध्यम गर्नुपर्ने भएकोले विद्यालय स्तरदेखि नै नेपाली भाषा पाठ्यक्रममा अनिवार्य विषयका रूपमा समावेश गरी अध्ययन अध्यापन गराउँदै आएको पाइन्छ । भाषा ज्ञान आर्जन गर्ने र आर्जित ज्ञानलाई व्यक्त गर्ने सशक्त माध्यम हो, भाषालाई लिखित र मौखिक गरी दुई किसिमले अभिव्यक्ति गर्न सकिन्छ । सुनाइ र पढाइबाट भाषिक बोध हुन्छ भने लेखाइ र बोलाइबाट भाषिक अभिव्यक्ति हुन्छ । त्यसैले भाषाको शिक्षण गर्नु भनेको बालबालिकालाई नेपाली भाषिक व्यवहारमा सक्षम बनाउनु हो । त्यसको लागि शुद्ध र स्तरीय भाषाको प्रयोग गर्नु पनि आवश्यक हुन्छ । भाषाको स्तरीय प्रयोग गर्ने सिपको विकासको लागि व्याकरण शिक्षणको पनि आवश्यक हुन्छ । व्याकरणको नियमहरू घोकाउने, कण्ठ गराउने उद्देश्य व्याकरण शिक्षणमा पर्दैन । भाषाको सन्दर्भ वा प्रसङ्ग अनुसार व्याकरण नियमको बोध गराउने अभिप्रायले प्रकार्यपरक र सम्प्रेषणात्मक भाषिक युक्तिका आधारमा व्याकरण सिकाउने पद्धतिको प्रयोगमा वृद्धि हुँदै आइरहेको त्यससँग सम्बन्धित शोधपत्रको पनि समीक्षा गर्नु अति नै आवश्यक पर्दछ । नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको अध्ययन र प्रयोगको बारेमा भए गरेका केही शोधपत्रहरूको समीक्षा निम्नानुसार गर्न सकिन्छ :

आचार्य (२०५९) द्वारा *निम्न माध्यमिक तह कक्षामा प्रयुक्त व्याकरण अभ्यास खण्डको विश्लेषणात्मक अध्ययन* शीर्षकमा अनुसन्धान गरिएको छ । यसमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा भएका अभ्याससम्बन्धी पाठ्यांशको सामान्य परिचय दिँदै व्याकरण सम्बन्धी अभ्यास स्तम्भको प्रकृति र स्वरूपलाई दर्शाइएको छ साथै व्याकरण अभ्यास खण्डमा समावेश भएका प्रश्नहरूको विश्लेषणात्मक अध्ययन पनि गरेको छ । प्रस्तुत शोधपत्र अभ्यास खण्डमा देखिएका सकारात्मक र नकारात्मक पक्षहरूको मूल्याङ्कन र पूर्वकार्यको समीक्षा पाठ्यक्रम र पाठ्यपुस्तकका बारेमा विश्वका विभिन्न देशहरूमा अनुसन्धान भइरहेको स्थिति नेपालको परिप्रेक्ष्यमा अध्ययन नौलो आयाम भएको कुरालाई दर्शाइएको छ । नि.मा.वि. तहका नेपाली व्याकरण पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरू प्रश्नको निर्माण सन्तुलन नभएको पाइयो । नमुना अभ्यासहरू सङ्ख्यात्मक अनुपात मिलेको पाइएन । वर्गीकरणात्मक, पहिचानात्मक, उत्पादनात्मक र प्रयोगात्मक प्रश्नहरू समावेश गर्नुपर्ने देखिन्छ । सिर्जनात्मक र प्रयोगात्मक व्याकरण अभ्यासहरू राख्नुपर्ने, व्याकरण अभ्यासको उचित संयोजन गर्नुपर्ने, हिज्जे र वर्णविन्यास प्रयोगात्मक

बनाइनुपर्ने, निष्कर्ष र सुझावहरू शोधकर्ताद्वारा सुझाइएको छ । उक्त अध्ययन व्याकरणात्मक अभ्याससँग सम्बन्धित भएकाले यस शोधमा व्याकरणका विभिन्न पक्षहरूको अध्ययन गरिएकाले प्रस्तुत शोधकार्यको व्याकरणात्मक अभ्यासको अध्ययनलाई आधार प्रदान गर्ने देखिएको छ ।

यस अध्ययनमा प्रश्नहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ भने कति प्रश्न र कस्ता प्रश्नहरूले वितरणमा  समानता वा असमानता ल्याइएको कुरालाई दर्शाउन भने सकेको छैन । हालसम्मको अध्ययन अनुसन्धानका आधारमा यस अध्येताले व्यावहारिक पक्षहरूको अध्ययन अन्तर्गत प्रश्नहरूको विश्लेषणका क्रममा ४७९ वटा प्रश्नहरूको परिचय, वर्गीकरण, प्रयोगात्मक र पहिचानात्मकतामा ठूलो परिमाणमा प्रश्न वितरणको विचलनको पनि अध्ययन गरी सुझाइएकाले यस अध्ययनमा प्रश्न सङ्ख्यालाई पनि अध्ययन गरिनु पर्दछ भन्ने परिसूचक स्थापना गरिएको छ ।

काफ्ले (२०६५) द्वारा *कक्षा १० को नेपाली २०६४ पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन* नामक शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । छनोट र स्तरणका दृष्टिले पाठ्यक्रम र पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणको विश्लेषणात्मक अध्ययन गर्नु, शिक्षणीय दृष्टिकोणले पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणको विश्लेषण गर्नु, व्याकरणका अभ्यासहरूको पाठअनुरूपताको अध्ययन गर्नु र वर्तमान व्याकरणका पाठमा देखिएका कमजोरी औंल्याई सुझाव दिनु अध्ययनको उद्देश्य रहेको देखिन्छ । यस शोधलाई पुस्तकालय विधिद्वारा अध्ययन गरिएको छ । भाषिक सिपमा विद्यार्थीहरूलाई दक्ष बनाउनुका साथै व्याकरणको पक्षलाई मूल पाठसँग सम्बन्धित गराउनु वाञ्छनीय देखिन्छ । छोटो परिभाषाले पूर्ण ज्ञान प्राप्त गर्न नसकिने आठ प्रतिशत सैद्धान्तिक ज्ञान र ९२ प्रतिशत प्रायोगिक ज्ञानलाई आगमनात्मक विधिका माध्यमबाट भाषिक ज्ञान दिलाउने लक्ष्य रहेको देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ । सरलदेखि जटिलको अनुक्रम नभएको र पाठ्यक्रमको अनुरूपता नभएको, सबै पाठमा विषयवस्तु राखिनु पर्ने, व्यापक अभ्यासका लागि वस्तुगत प्रश्नहरू थप गरिनु पर्ने,  साथमा सरल र तिर्यक् कारक अलग पाठमा नभई एउटैमा समावेश गर्नुपर्ने र व्याकरणका अङ्गहरू निर्क्योल गरी मानक व्याकरणको निर्माण गर्नुपर्ने कुरालाई सुझावका रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधकार्यको पुनरावलोकन गर्दा व्याकरण अभ्यासहरूको अध्ययन विश्लेषण, निष्कर्ष तथा सुझाव सम्बन्धी जानकारी सजिलै प्राप्त गरी शोधार्थीलाई

शोधको विषयमा व्याख्या, विश्लेषण गर्नमा यस शोधको पुनरावलोकनले सघाउ पुऱ्याएको छ ।

यस अध्ययनमा नेपाली पाठ्यपुस्तक पाठ्यक्रम र पाठ्यपुस्तकमा प्रयुक्त, पाठ्यपुस्तकको शिक्षणीय दृष्टिकोण तथा पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गरे पनि पाठगत आधारमा व्याकरण अभ्यासलाई कसरी समावेश गरिएको छ भन्ने कुराको अध्ययन गर्न सकेको छैन । यस अध्ययनले कार्यमूलक व्याकरणको व्यावहारिक पक्षको अध्ययनको एउटा सिलसिला सुरुवात गरी नवीन अनुसन्धान गरिएको छ ।

तिवारी (२०६८) द्वारा *कक्षा ११ को सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासहरूको विश्लेषण* शीर्षकमा शोधपत्र तयार पारिएको छ । कक्षा ११ को सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासहरूलाई पाठ्यक्रमको आधारमा विश्लेषण गर्नु, कक्षा ११ को सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासलाई विधा अनुरूपताका आधारमा स्तरीयताका आधारमा अभ्यासहरूलाई विविधताका आधारमा, धारणात्मक, उत्पादनात्मक, वस्तुगत र विषयगत आधारमा विश्लेषण गर्नु यस शोधकार्यको मुख्य उद्देश्य रहेको देखिन्छ । व्याकरणात्मक दृष्टिकोणले पाठ्यपुस्तक उपयुक्त देखिनु सबै खाले व्याकरणिक अभ्यास राख्ने प्रयास गरेको पाइन्छ । पाठ्यक्रम अनुसार वर्ण, अक्षर, वर्णविन्यास, शब्दवर्ग, नेपाली शब्दको पहिचान, प्रकार र कार्य, शब्दनिर्माण प्रक्रिया, कारक र विभक्ति, पद सङ्गति, सरल, संयुक्त र मिश्र वाक्यका प्रकार वाक्यान्तरण क्रमशः राखिएको भए तापनि सैद्धान्तिक ज्ञानको कमीका कारण उद्देश्यसम्म पुग्न अभ्यास गर्नुपर्ने देखिन्छ । कार्यमूलक व्याकरणको अवधारणा अनुरूप पाठ्यपुस्तक निर्माणमा ध्यान पुगे पनि विषयवस्तुको गहनतामा कमी र सैद्धान्तिक ज्ञानलाई पनि थप्नुपर्ने कुराको समग्रमा निष्कर्ष निकालिएको छ । हिज्जे सम्बन्धी विषयवस्तु आगमनात्मक ढाँचामा राख्नुपर्ने, कार्यमूलक व्याकरणलाई प्रयोगमा ल्याउन विश्वविद्यालय, शिक्षाबोर्ड, कार्यालय, लेखक, शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई अभिमुखीकरणको खाँचो रहेको, दिगो सिकाइका लागि सैद्धान्तिक ज्ञानको पनि समावेश गर्नुपर्ने जस्ता सुझावहरू सुझाइएको छ । उक्त शोधको पुनरावलोकनबाट प्रस्तुत अध्ययनका लागि सघाउ पुऱ्याउने देखिन्छ ।

अधिकारी (२०६९) द्वारा *व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरुको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत शोधकार्यको उद्देश्य तनहुँ

जिल्लामा कक्षा आठमा व्याकरणको शिक्षण गर्दा शिक्षकहरुले अपनाउने कार्यकलापको अध्ययन गर्नु, तनहुँ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरुमा व्याकरण शिक्षण गर्दै अपनाउने गरेका कार्यकलापहरुका बिचमा समानता र असमानता पत्ता लगाउनु, तथ्याङ्क सङ्कलन गरी प्राप्त तथ्यहरुको तुलनात्मक अध्ययन गर्नु र व्याकरण शिक्षणलाई प्रभावकारी बनाउन सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्य रहेका छन् । प्रस्तुत शोधकार्यका निमित्त मूलतः सर्वेक्षण र क्षेत्रीय विधिका साथै वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । निष्कर्षका रुपमा सामुदायिक र शिक्षणमा उनीहरुले अपनाउने कार्यकलापमा भिन्नता रहनु र दुबै विद्यालयका शिक्षकले निर्माण गर्ने शैक्षणिक योजनामा पनि भिन्नता पाइने तथ्गय प्रस्तुत शोधको निष्कर्ष रहेको छ ।

शर्मा (२०७०) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन* शोधशीर्षकमा अनुसन्धान गरिएको छ । कक्षा आठको नेपाली पाठ्यक्रमले निर्देश गरेका लेख्य चिह्न अनुरूप विद्यार्थीहरूको प्रयोग क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको स्तर निर्धारण गर्नु, उक्त कक्षामा अध्ययनरत छात्र र छात्राको लेख्य चिह्न प्रयोग क्षमताको स्थिति तुलना गर्नु र लेख्य चिह्न प्रयोगका सन्दर्भमा आउने समस्याहरूको पहिचान गरी समाधानका लागि आवश्यक सुझाव प्रस्तुत गर्नु उद्देश्यमा केन्द्रित भएर शोधकार्य सम्पन्न गरिएको छ । संस्थागत विद्यालयमा ४० प्रतिशतभन्दा माथि र सामुदायिक विद्यालयमा ५० प्रतिशतभन्दा माथि विद्यार्थीहरूको लेख्य चिह्न क्षमता रहेको पाइन्छ भन्ने निष्कर्ष निकालिएको छ । लेख्य चिह्नको प्रयोगमा जोड दिन शिक्षकले बढी अभ्यास गराउनुपर्ने, छात्र र छात्राको लेख्य चिह्नको क्षमतामा समानता ल्याउन सिर्जनात्मक पक्षहरू, पत्रपत्रिका, लेख पुस्तिकाहरूको प्रयोग गरी चिह्नहरूप्रति सचेत गराउनुपर्ने सुझावहरू सुझाइएको देखिन्छ । उक्त शोधपत्रको अध्ययनबाट लेख्य चिह्नहरूको अध्ययन विश्लेषण गर्नमा सहायता हुने भएकाले यस शोधपत्रको सहयोग लिइएको छ ।

यस अध्ययनबाट के पुष्टि हुन्छ भने नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अन्तर्गत लेख्य चिह्नको अध्ययनमा सामुदायिक, संस्थागत र छात्र र छात्राको चिह्न प्रयोग क्षमताको मात्र अध्ययन गरेको र पाठ्यक्रमले तोकेको लेख्य चिह्नमा सीमित रही अध्ययन गरिनुले भाषाको एक पक्षीय अध्ययनलाई मात्र अनुसन्धान गरेको र अन्य व्याकरणका पक्षहरूलाई औँल्याउन सकेको छैन । यस अध्ययनमा नेपाली पाठ्यपुस्तकमा समाविष्ट

व्याकरण अभ्यासहरूको समग्र अध्ययन गरी यसका राम्रा र नराम्रा पक्षको टिप्पणी पनि गरिएकाले उल्लिखित शोधकार्यभन्दा फरक पाउन सकिन्छ ।

मैनाली (२०७१) द्वारा *कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणको विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । कक्षा छको पाठ्यपुस्तकभित्र समाविष्ट व्याकरण अभ्यासहरू, व्याकरणिक पाठ, कोटिको विश्लेषण गर्नु, पाठ्यक्रम अनुरूपताका आधारमा लेखाजोखा गर्नु, उक्त पाठ्यपुस्तकमा समाविष्ट व्याकरणलाई भाषिक सिप विकासका दृष्टिले कार्यमूलक व्याकरणको विश्लेषण गर्नु यस शोधकार्यका उद्देश्य रहेको छ । यस शोधमा पुस्तकालयीय विधि प्रयोग गर्नुका साथै व्याकरणको अध्ययन गर्दा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ । वर्णविन्यास र लेख्य चिह्नको प्रयोगले भाषिक सिप विकासमा कम त्रुटि हुने देखिएको छ । पाठ्यक्रमले निर्देशन गरेअनुसार व्याकरणको अवधारणाअनुरूप पाठ्यपुस्तकको विकास गर्नुपर्नेमा पाठ्यपुस्तक निर्माताहरूको ध्यान कम देखिएको छ । कार्यमूलक व्याकरण खण्डमा भाषिक सिपलाई बढीभन्दा बढी प्राथमिकता दिई विद्यार्थीहरूको सक्रिय सहभागितामा शिक्षण कार्यकलाप गर्न जोड दिइएको पाइन्छ भने सुझावका रूपमा केही पनि कुरा सुझाइएको छैन । उक्त अध्ययन कक्षा छको समग्र रूपमा व्याकरण अभ्यासहरूको अध्ययनमा केन्द्रित रहेको छ । पाठगत आधारमा सिलसिला नमिले पनि यसअन्तर्गत पाठ्यक्रमको आधारमा व्याकरण अभ्यासको अध्ययनलाई कसरी विश्लेषण गरिएको छ जुन कुराको ज्ञान सजिलै प्राप्त गर्न सकिने हुनाले यस शोधपत्रको उपयोग गरी अध्ययनमा टेवा पुग्ने हुनाले सहयोग पुऱ्याइएको छ ।

उपर्युक्त अध्ययनमा कार्यमूलक व्याकरणको विश्लेषण शीर्षकमा सीमित गरी पाठ कोटिका आधारमा, पाठ्यक्रम आधारमा लेखाजोखा र भाषिक सिपका दृष्टिले मात्र अध्ययन गरिएको छ । कार्यमूलक व्याकरणको अवस्था कस्तो छ ? यसको प्रयोगशीलतामा असमानता र समानताका कुरालाई इङ्गित गर्न सकेको देखिएन । यस शोधार्थीको शीर्षकअन्तर्गत कार्यमूलक व्याकरणको व्यावहारिक पक्षको अध्ययन गरी त्यसको सबल र दुर्बल पक्षलाई समेत इङ्गित गरिएकाले प्रयोगशीलताको पक्षलाई कसरी समेट्ने भन्ने कुरालाई सूचित गरिएको छ ।

खत्री (२०७२) द्वारा *कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस शीर्षकमा अध्ययन

गरिएका उद्देश्यहरुलाई यसरी प्रस्ट पारिएको छ । व्याकरणलाई पाठ्यक्रमअनुरुपताका आधारमा पाठगत आधारमा र भाषिक सिप विकासको दृष्टिले कार्यमूलक व्याकरणको विश्लेषण गर्नु । यस विषयवस्तुलाई पुस्तकालय विधिको प्रयोग गरी अध्ययन गरिएको छ । व्याकरणका पद्धतिलाई त्यागी आधुनिक पद्धतिमा अध्यापन गराउनका साथै व्याकरणलाई भाषासँगै एकीकृत रुपमा शिक्षण गर्ने बानीको विकास गर्ने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकमा व्याकरणलाई चक्रीय स्तरणमा जोड दिइएको छ । कार्यमूलक व्याकरणका नाममा थोरै विषयवस्तु समेटिएको छ भनेर भने तापनि निष्कर्षको चौथो बुँदामा व्यावहारिक ज्ञानमा जोड दिइएको छ भन्ने बुँदाले ाशेधकर्तालाई कार्यमूलक र व्यावहारिक व्याकरण भनेको के हो भन्ने कुराको हेक्का नभएको देखिन्छ । पाठ्यक्रमअनुरुप पूर्ण रुपमा ध्यान नदिएको, कार्यमूलक व्याकरणले विद्यार्थीहरुको भाषिक सिप विकासमा टेवा पुऱ्याएको देखिन्छ र कार्यमूलक व्याकरण खण्डमा भाषाका चारओटा सिप विकासमा विद्यार्थीलाई सक्रिय बनाई शिक्षण गर्ने मार्ग अपनाइएको छ भनी शोधको निष्कर्ष निकालिएको छ । नाम, सर्वनाम, विशेषण, नामयोगी, क्रियायोगी, निपात, संयोजक र विस्मयादिबोधक शब्दलाई जोड दिइएको र यसो नगरी अन्य व्याकरणका विषयवस्तु समान रुपमा समावेश गर्नुपर्ने आवश्यकता औंल्याउनुपर्ने सुझावहरु सुझाइएको छ । उपर्युक्त शब्दवर्गहरुको विश्लेषण यस शोधशीर्षकसँग मेल खाने भएकाले यसको सहयोगद्वारा अध्ययन गरिएको छ ।

यस अध्ययनमा नेपाली भाषा पाठ्यपुस्तकको कार्यमूलक व्याकरणको अध्ययनअन्तर्गत सिपका दृष्टिले पनि अध्ययन गरेको छ तर भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका कुन सिपका लागि कतिवटा प्रश्नहरु निर्धारण गरिएको छ भन्ने अध्ययन गर्न नसकेको देखिन्छ । त्यसकारण यसले सिपको ढाँचालाई अन्य अध्येता जस्तै हुबहु उतारेको मात्र पाइन्छ । यस शोधार्थीको शोध शीर्षकअन्तर्गत कार्यमूलक व्याकरणको व्यावहारिक पक्षको विश्लेषणमा चारवटा भाषिक सिपका लागि छुट्याइएका ३०९ प्रश्नहरुको सुनाइ, बोलाइ, पढाइ र लेखाइका प्रश्नहरुको समानता असमानताको खोजी गरी निर्देशन सहित गरेकाले हालसम्मको अध्ययनमा उपर्युक्त शोध कार्यभन्दा भिन्न मान्न सकिन्छ ।

दाहाल (२०७२) द्वारा *बारा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पदवर्ग पहिचान क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यको उद्देश्य बारा जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पदवर्ग पहिचान क्षमताको पत्ता

लगाउनु, लैङ्गिक भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिका आधारमा पदवर्ग पहिचान क्षमताको अध्ययन गर्नु र बारा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय वर्गको पहिचान क्षमताको तुलनात्मक अध्ययन गर्नु र सुधारका लागि सुझाव दिइएको पाइन्छ । क्षेत्रीय अध्ययन विधिअन्तर्गत जनसङ्ख्याको छनोट र प्रतिनिधिमूलक नमुना छनोट गरी अध्ययनको विधि अपनाइएको छ । नेपाली दोस्रो भाषी विद्यार्थीहरुभन्दा मातृष्भाषीले विद्यार्थीहरुको पदवर्ग र क्रियापद चिन्ने क्षमता उच्च रहेको पाइयो । नाम सर्वनाम र क्रियापद वर्गको पहिचान क्षमता तुलनात्मक रुपमा राम्रो भएको र विद्यालय प्रकृतिका रुपमा संस्थागत भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुले १०० प्रतिशत क्रियापद मिलाएको, अव्यय वर्गको मातृभाषीले ७५ प्रतिशत र दोस्रोभाषीलेष ७७.५ प्रतिशत मिलाएकोले उनीहरुको क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस शोधपत्रको अध्ययनबाट पदवर्गको अध्ययन विश्लेषणबाट टेवा पुग्ने भएकाले यस शोधपत्रको उपयोग गरी अनुसन्धानको कार्य गरिएको छ ।

पाण्डे (२०७२) द्वारा *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यासको अध्ययन* शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त शोधकार्यको उद्देश्यका रुपमा कक्षा आठ वि.सं. २०७२ को नेपाली भाषा पाठ्यपुस्तकभित्र समाविष्ट पाठगत व्याकरणात्मक अभ्यासहरुको पाठ्यक्रमअनुरुपताका दृष्टिले अध्ययन गर्नु, उक्त पाठ्यपुस्तकभित्र समाविष्ट व्याकरणिक कोटिको अध्ययन गर्नु यसको उद्देश्य रहेको छ । उक्त अध्ययन पुस्तकालय विधिमा केन्द्रित रही अध्ययन गरिएको छ । उक्त शोधकार्यमा व्याकरण सिकाइका परम्परागत विधि त्यागी आधुनिक आगमनात्मक विधि प्रयोग गरिएको सैद्धान्तिकभन्दा प्रयोगात्मक अभ्यासहरु समेटिएको, व्याकरणका वस्तुगत प्रश्नहरु समावेश गरिएको, व्याकरणको क्रम भङ्ग गरी विधाका आधारमा समावेश गरिएको र व्याकरणका अभ्यासहरु प्रयोगात्मक नभई पहिचानात्मक रुपमा गरिएको छ । सिपका दृष्टिले सुनाइ सिप न्यून रहनु, वर्णविन्यास लेख्य चिह्नले शुद्धतामा मद्दत पुग्ने अघिल्ला कक्षाभन्दा पछिल्ला कक्षामा टेवा पुग्ने र उपयुक्त स्तरण कार्यमूलक व्याकरणको अवधारणाअनुरुप पाठ्यपुस्तक निर्माण गर्नुहुने सैद्धान्तिक ज्ञानमा जोड दिनुपर्ने र कार्यमूलक व्याकरणले स्तरीय मानक र शुद्ध नेपाली प्रयोगको विकासमा टेवा पुग्ने निष्कर्ष निकालिएको छ । यस किसिमको अध्ययनले कार्यमूलक व्याकरण तथा त्यससम्बन्धी गरिएका अनुसन्धानात्मक विश्लेषण

कसरी गरिएको छ त्यसअनुरुप यससँग सम्बन्धित विषयवस्तुहरुको व्याख्या र विश्लेषण गरिएको छ ।

श्रेष्ठ (२०७२) द्वारा *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन* शीर्षकमा अनुसन्धान गरिएको छ । कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक अभ्यासहरूको विश्लेषण, उक्त पाठ्पुस्तकमा समाविष्ट व्याकरणलाई पाठ्यक्रम अनुरूपताका आधारमा र पाठगत आधारमा विश्लेषण गर्नु र भाषिक सिप विकासका दृष्टिले व्याकरणको विश्लेषण गर्नु उद्देश्य रहेको देखिन्छ । यस अध्ययनलाई पुस्तकालय प्रक्रिया अपनाएर व्याकरणको अध्ययन गर्दा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस पाठ्यपुस्तकको व्याकरणात्मक अभ्यासहरूमा चक्रीय स्तरणलाई जोड दिएकाले विद्यार्थीहरूमा पुनः स्मरण गर्न टेवा पुग्नुका साथै सिकाइ दिगो प्रभावकारी रुचिपूर्ण हुने देखिन्छ । उच्चारण र हिज्जे कार्यमूलक व्याकरणमा नसमेटिनु र कारक सम्बन्धी थोरै विषयवस्तु समावेश गरिएको पाइन्छ । व्याकरणलाई पाठका प्रकृति अनुसार मिलाई भाषा र व्याकरणसँगै सिकाउने कार्यमा सहयोग पुगेको देखिन्छ । व्याकरणको अध्ययनले भाषाको शुद्ध एवम् स्तरीय रूपको प्रयोग गर्ने बानीको विकास हुने देखिनु, पाठ्यक्रमको अवधारणा अनुरूप व्याकरण अभ्यासलाई पाठ्यपुस्तक निर्माताहरूले ध्यान नपुऱ्याएको देखिन्छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकको कार्यमूलक व्याकरण खण्डमा उच्चरण खण्ड नसमेटिएको र कार्यमूलक व्याकरण खण्डमा भाषिक सिपलाई बढीभन्दा बढी प्राथमिक दिई विद्यार्थीहरूको सक्रिय सहभागितामा शिक्षण कार्यकलाप गर्न जोड दिइएको विषयवस्तुलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । उक्त अध्ययन कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणको अध्ययन गरिएकाले स्वतः व्याकरणात्मक अभ्यासहरूको अध्ययन हुने तथा प्रस्तुत शोधकार्यको लागि पाठगत आधारमा अध्ययन गर्न उपोगमा ल्याइएको छ ।

## २.२ व्याकरणको सैद्धान्तिक परिचय

व्याकरण संस्कृतबाट आएको तत्सम शब्द हो । यसको निर्माण वि+आ+कृ+अन् व्याकरण भई बनेको छ । जहाँ 'वि' र 'आ' उपसर्ग हुन् भने 'कृ' र 'अन' प्रत्यय हुन् । 'कृ' को अर्थ गर्नु, 'वि' को अर्थ विशिष्ट र 'आ' को अर्थ नजिक हुन्छ (जबरा, २०५१ : १) । व्याकरणको शाब्दिक अर्थले जुन कुरालाई निर्देश गर्दछ, त्यसभन्दा बाहिरी अर्थलाई नहेरी

भौतिक अर्थलाई मात्र इङ्गित गर्दछ भने भौतिक वा अवधारणात्मक हिसाबले व्याकरणको व्यापक अर्थ पहिल्याउन सकिन्छ । कुनै भाषाका शब्द, शब्दहरूमा विभिन्न रूप, तिनको संरचना, विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध छुट्याउनुको साथै शब्द आदिको शुद्ध प्रयोग गर्ने, नियमहरूको निरूपण गर्ने शास्त्र, शब्द तथा वाक्य सम्बन्धी नियमहरू र उदाहरणहरूको सङ्कलन गर्ने शास्त्रलाई व्याकरण भनिन्छ (त्रिपाठी र अन्य, २०५० : १२४८) ।

नेपाली व्याकरणको थालनीका दृष्टिले यसको इतिहासलाई कोट्याउँदा पूर्वीय जगत्का मूर्धन्य व्यक्तित्त्व पाणिनि र उनको 'अष्टाध्यायी', 'महेश्वर सूत्र' र 'धातुपाठ' प्रमुख कृति मानिन्छ (इ.सा. को ५२०-४६०) । यसपछि कात्यायनको भाषिक चिन्तन 'वार्तिक' (इ.पू. ३००) । पतञ्जलिको 'महाभाष्य', भर्तृहरिको 'महाभाष्य दीपिका', 'वाक्य प्रदीप' (इस्वी ६००), कैयटको (११-१३ औँ श.), 'महाभाष्य प्रदीप', नागेश भट्ट (१६-१८ औँ श.), 'महाभाष्य प्रतिपोद्घात', 'लघुशब्देन्दु शेखर', 'परिभाषेन्दु', 'लघु मञ्जुषा', 'शब्देन्दुशेखर', 'वैयाकरण सिद्धान्त', 'मन्जुषा', 'लघु कौमुदी', 'मध्यम कौमुदी', भट्टोजी दीक्षितको (१६ औ श.) 'सिद्धान्त कौमुदी', जयादित्य र वामनको 'वृतिसूत्र' आदि प्रमुख कृतिहरू (७ औँ श.) । वदराज भट्टले 'पञ्चसिद्धान्त कौमुदी' को समय पश्चात् आधुनिक संस्कृतको थालनी हुन्छ र त्यसपछि क्रमशः वरुचिको 'प्राकृत प्रकाश', कच्चायानको 'पाली व्याकरण', मौद्गलायन्तको 'मोग्रालायन पच्चिका', हेमचन्द्रको 'शब्दानुशासन' (सन् १०८८-११७२) र मार्कण्डेय, 'प्राकृत सर्वश्व' जस्ता ग्रन्थहरूको रचना भएको पाइन्छ ।

नेपाली व्याकरणको लेखन नेपाली विद्वान्हरूबाट नभई विदेशी विद्वान् जे.एन., एटनले सन् १८२० मा 'अ ग्रामर अफ द नेपाली ल्याङ्ग्वेज' नामक ग्रन्थ लेखी नेपाली व्याकरणमा सर्वनाम, विशेषण, क्रिया र वाक्यका बारेमा चर्चा गरेको पाइन्छ । एटन पश्चात् नेपाली व्याकरण लेख्ने पहिलो नेपाली वैयाकरणकार अमृतानन्द बाँडा हुन् । सन् १८३१ मा संस्कृत, नेपाली र नेवारी गरी तिन वटा भाषामा त्रिभाषिक व्याकरण लेखेको प्रमाण पाइएको छ । उनको व्याकरणमा नाम, सर्वनाम, क्रिया र रूपावलीको चर्चा पाइन्छ । त्यसैगरी अर्का विदेशी विद्वान् जोन विम्सले सन् १८७२ का 'कम्पेरेटिभ ग्रामर अफ द मोर्डन आर्यन ल्याङ्ग्वेजेज्' पुस्तकको नेपाली भाषा, नाम, सर्वनाम, क्रिया, संयोजक, रूपायन, धातु र प्रत्ययका बारेमा चर्चा गरिएको पाइन्छ । टर्नबुल पनि अर्का व्याकरणकार मानिएका छन् । सन् १९२३ मा 'नेपाली ग्रामर एन्ड भोकाबुलरी' नामक व्याकरणको रचनामा व्याकरणका

वर्ण, नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक पदहरूमा वाक्यको व्याकरणिक पक्षहरूसमेत चर्चा गरिएको छ । जुन नेपाली व्याकरणको महत्त्वपूर्ण व्याकरणिक कृतिका रूपमा लिने गरिएको छ । सन् १८९३ मा एस.एच. केलगको प्रकाशित 'दि ग्रामर अफ हिन्दी ल्याङ्ग्वेज' कृतिमा पनि नेपाली भाषाको चर्चा गरिएको छ । अतः नेपाली भाषा व्याकरण लेखनमा विदेशी विद्वान्हरूको योगदान अतुलनीय रहेको छ । उल्लिखित विद्वान्हरू बाहेक जर्ज अब्राहम, ग्रियर्सन, मिरिन्डोङ्क, मर्ल्याड लगायतका विद्वान्हरूले पनि बिसौँ शताब्दीको पूर्व नै नेपाली व्याकरणको चर्चा गरी ऐतिहासिक योगदान पुऱ्याएको अभिलेख भेटिएको छ ।

व्याकरण भाषा शुद्धीकरण, मानकीकरण, स्तरीकरण गर्ने एक माध्यम हो, जसले गर्दा भाषालाई परिमार्जित र परिष्कृत गरी उच्चस्तरीय बनाउनमा सहयोग गर्दछ । नेपाली भाषाको व्याकरणको इतिहास खासै लामो भने भेटिएको छैन । जुन १९६ वर्ष मात्र पुरानो भएको यसको अध्ययनले पुष्टि गरेको छ । नेपाली शिक्षाविद् जयपृथ्वीबहादुर सिंहको वि.सं. १९५८ को 'अक्षराङ्क शिक्षा' लाई कुनै विद्वान्हरूले व्याकरणका रूपमा चर्चा गरेका छन्, तापनि त्यस कृतिलाई व्याकरण पुस्तिकाका रूपमा नलिई भाषा पाठ्यपुस्तकका रूपमा लिने गरिएको छ । नेपाली व्याकरण परम्पराको विकास करिब वि.सं. १९६२ को 'सुन्दरी' नामक पत्रिकामा प्रकाशित 'बेसरी' शीर्षक लेखमा विन्देकेशरी अर्ज्यालले नेपाली व्याकरणका विभिन्न पक्षमा चर्चा गरेका छन् । उनको 'नेपाली व्याकरण' कृतिबारे व्याकरणकार जयराज आचार्यद्वारा चर्चा गरिएको भेटिए तापनि नेपाली लिखित एवम् मुद्रित पहिलो व्याकरण नेपाली शिक्षाप्रेमी जयपृथ्वी बहादुर सिंहद्वारा लिखित 'प्राकृत व्याकरण' वि.सं. १९६९ मानिएको छ जुन व्याकरणका विभिन्न पक्षहरूलाई परिभाषित एवम् उदाहरणीकरण, लेख्य चिह्नहरूको उल्लेख पनि गरिएको छ । यो व्याकरण ४२ पृष्ठमा लेखिएको छ । नेपाली व्याकरणको सिलसिलेवार विकास 'प्राकृत व्याकरण' पश्चात् चाँडै भएको मान्न सकिन्छ । वि.सं. १९६९ मा व्याकरणकार हेमराज पण्डितले 'चन्द्रिका व्याकरण' प्रकाशित गरी नेपाली व्याकरणको विकासमा थप ईंटा थपेको पाइएको छ । यो चन्द्रिका व्याकरण नेपाली भाषाको आधुनिक युगको उत्तरार्द्धमा आइपुग्दासम्म पनि व्याकरण एवम् वर्णविन्यासका नियमहरूका विषयमा मानक रूपमा रहेको पुष्टि समेत भएको छ । यो व्याकरण एक स्तरीय र मानक व्याकरण हो भन्ने आधार प्रदान गरिएको छ । सन् १९६९ मा विश्वमणि दीक्षिताचार्यको 'गोर्खा व्याकरण बोध' ले झन  योगदान पुऱ्याएको छ भने एकदमै चर्चामा आएको राममणि

आदिको 'हलन्त बहिस्कार' आन्दोलनले व्याकरणको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । नेपाली व्याकरणको विकासको इतिहासमा वि.सं. १९७५ मा चक्रपाणि चालिसेको 'भाषा व्याकरण', पहलमान सिंह स्वाँरको 'लघु व्याकरण' प्रकाशनमा आएको पाइएको छ । वि.सं. १९७६ मा सोमनाथ शर्मा सिग्द्यालको 'मध्यचन्द्रिका' विद्यार्थीहरूका लागि उपयोगी र महत्त्वपूर्ण व्याकरणका रूपमा रहेको र हालसम्म पनि यसको प्रभाव रहिरहेको छ । वि.सं. १९७७ मा रामचन्द्र ढुङ्गानाको 'सरल नेपाली व्याकरण', वि.सं. १९९१ मा सोमनाथ सिग्द्यालको 'लघु चन्द्रिका' जुन 'मध्यचन्द्रिका' को संक्षिप्त रूप पनि र यो अहिलेसम्म पनि निकै लोकप्रिय व्याकरण मानिँदै आएको छ । वि.सं. २०३६ मा मोहनराज शर्माको 'शब्दरचना र वर्णविन्यास', वि.सं. २०४९ मा हेमाङ्गराज अधिकारीको 'समसामयिक नेपाली', वि.सं. २०२३ मा हर्षनाथ शर्माको 'अनिवार्य नेपाली रचना', वि.सं. २०४८ मा गोपाल पाण्डेको 'रचना केशर', वि.सं. २०४१ मा लालनाथ सुवेदी र हरिप्रसाद पराजुलीको 'नेपाली वर्णविन्यास' जस्ता नेपाली व्याकरणका पुस्तकहरूले नेपाली व्याकरणको सिद्धान्त एवम् सिमानालाई अझ विस्तारित गर्दै लगेको देखिन्छ । वि.सं. २०५८ मा व्रतराज आचार्यको 'आधारभूत नेपाली व्याकरण तथा रचना', वि.सं. २०७१ मा मोहनराज शर्माको 'प्रज्ञा-नेपाली सन्दर्भ व्याकरण' नामक ग्रन्थहरूले भाषामा आधुनिक प्रयोग र युगाभाष दिलाएको समेत पाइएको छ ।

भाषा सिकाइका क्रममा मातृभाषी र दोस्रोभाषी दुबै वक्ताहरूका लागि सैद्धान्तिक पक्षको धारलाई त्यागेर व्यावहारिक पक्षबाट भाषा सिकाइ गराउनुपर्दछ भन्ने मान्यताका रूपमा विकास भएको आधुनिक विधि कार्यमूलक विधि हो जसले भाषाको स्तरीय रूप, मानक रूप, एवम् परिष्कृत रूपलाई सिद्धान्तको आडमा नभई व्यवहारका आधारशीलामा खडा गरी सहज एवम् सरल ढङ्गले व्याकरणिक विषयवस्तुहरू सिकाइ गराउँदा यस कार्यलाई भाषिक क्रियाकलापमा व्यवहारतः राम्रो मानिन्छ ।

### २.२.१ व्याकरण शिक्षणको प्रयोग

व्याकरण शिक्षण भनेको भाषिक सिपहरूको परिष्कार एवम् परिमार्जनका लागि उपयोगमा ल्याइने शिक्षण हो (पौडेल, २०७० : २१७) । व्याकरण शिक्षणको प्रयोग भन्नाले भाषा सिकाइका क्रममा व्याकरणको औपचारिक ढङ्गले भाषा सिकाइमा प्रयोग गरिएको सन्दर्भलाई पनि यसले जोड्न खोजेको पाइन्छ । नेपाली भाषा सिकाइका क्रममा व्याकरणको प्रयोग वा भाषा पाठ्यपुस्तकभित्र यसको समावेश गरिएको इतिहास खासै लामो भने छैन ।

वि.सं. १९५८ मा प्रकाशन गरिएको शिक्षाप्रेमी जयपृथ्वीबहादुर सिंहको 'अक्षराङ्क' नामक पुस्तक नै पहिलो प्रयोग हो । भाषा सिकाइका क्रममा यसको प्रयोग गरिएको इतिहास पाइन्छ । वि.सं. २०२८ पूर्व नेपाली भाषा पाठ्यपुस्तक र व्याकरणको शिक्षण गरिए तापनि झिनो मसिनो इतिहास थाहा पाउन सकिन्छ तर वि.सं. २०३८ पछि १५ पूर्णाङ्कको पहिलो पत्र र १० पूर्णाङ्कको दोस्रो पत्र गरी नेपाली भाषा पाठ्यपुस्तकका अलावा छुट्टै रूपमा व्याकरणको औपचारिक अध्ययनमा जोड दिइएको पाइएको छ ।

व्याकरण शिक्षण भाषिक सिप विकासका दृष्टिले विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञान दिलाई भाषिक निपूर्णता हासिल गर्न सकून् भन्ने ध्येयले अगाडि ल्याएको हो । भाषिक सिप ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा कुशलता प्राप्त गर्न र भाषामा क्षमतावान् बनाउने उद्देश्यका साथ यसको प्रयोग गरिएको हो ।

भाषा सिकाइका क्रममा व्याकरणको सैद्धान्तिक ज्ञान पनि प्राप्त गर्नुपर्दछ भन्ने मान्यताका आधारमा यसको प्रयोग गरी व्याकरण शिक्षण गरिने मान्यता हालसम्म पनि यथावत् छ तर बाटो फरक ढङ्गले निर्माण गरिएको छ । वि.सं. २०५८ पछि पाठका आधारमा व्याकरण समावेश गरी व्याकरणिक ज्ञान प्रदान गर्ने लक्ष्य राखिएको छ । जसभित्रका पाठ्यपुस्तकमा सैद्धान्तिक ज्ञान सिवाय: व्यावहारिक ज्ञानको उपेक्षा गरिएको छ । वि.सं. २०६९ पश्चात् मात्र नि.मा.वि. तहमा कार्यमूलक व्याकरणको प्रयोग गरी विद्यार्थीमुखी वातावरणमा व्याकरणको सैद्धान्तिक ज्ञानलाई व्यावहारिक रूपमा भाषाको अन्तर मिश्रणका माध्यमबाट व्याकरणको सिकाइ गराउने दीर्घकालीन लक्ष्यका साथ यसको प्रयोग गरेको पाइएको । भाषालाई व्याकरणको जगमा राखेर सिकाउने विधिलाई त्यागी भाषाका आधार पदमा रही व्याकरणलाई भाषासँग अन्तरमिश्रण गरी व्यावहारिक ढङ्गबाट सिकाइने पद्धति कार्यमूलक व्याकरण भएकाले भाषिक सिप विकासमा यसको ठूलो महत्त्व छ ।

भाषाको सिकाइविना व्याकरण सिकाइ असम्भव नै हुन जान्छ । पहिलेको मान्यता अनुसार व्याकरण नसिकी भाषा सिक्न सक्दैन भन्ने रुढ धारणाबाट व्याकरणको प्रयोग गरिए तापनि पछिल्लो समयमा भाषालाई शिष्ट, मानक र शुद्ध रूपले यसको प्रयोग गर्न सक्ने क्षमताको विकासका लागि यसको विकास एवम् प्रयोग गरिएको पाइन्छ । भाषालाई सम्प्रेषणमूलक बनाउनु, ग्राह्य बनाउनु स्तरीय एवम् मानक रूपको प्रयोग पक्षमा ध्यान दिई चारैतिरबाट भाषालाई शुद्ध बनाउनु जस्ता महत्त्वपूर्ण भाषिक पक्षलाई माथि उठाउने हेतुले

व्याकरण शिक्षणको प्रयोगलाई भाषा शिक्षणमा उपयोग गरिएको छ । व्याकरण शिक्षणको लामो इतिहास भए पनि यसको प्रयोगपरक पक्ष तथा व्यावहारिक पक्षको इतिहास भने पाँच वर्ष मात्र हुन आएको छ । हिजो आजको परिवेश अनुसार शिक्षकद्वारा रोचक ढङ्गले व्यावहारिक पद्धति अपनाई विद्यार्थीहरूलाई भाषा सिकाइका क्रममा व्याकरणको प्रयोग गरी नजानिदो ढङ्गले भाषाका शुद्ध रूपको प्रयोग गर्न सकून् भन्ने अभिप्रायका साथ व्याकरण शिक्षणको प्रयोग गरिएको पाउन सकिन्छ ।

### २.२.२ व्याकरण र भाषा प्रयोग

व्याकरण पढ्नु वा पढाउनु भनेको एक किसिमले भाषाका नियमहरू पढ्नु वा पढाउनु नै हो भन्ने बुझिन्छ (पौडेल, २०७० : २१७) । व्याकरण सिकाउनु भाषा हो, भाषा सिकाउनु व्याकरण सिकाउनु हो भन्ने अर्थमा यसलाई बुझ्न सकिन्छ । मानव उत्पत्तिको इतिहाससँगै भाषिक व्यवहारको विकास पनि सँगसँगै हुँदै आएको पाइन्छ । एक अर्कामा गरिने भाषिक व्यवहारभित्र व्याकरण लुप्त रहन्छ भन्ने थाहा नै हुँदैन । मानिस भाषा बोलिरहेको हुन्छ तर व्याकरणको प्रयोग पनि गरिरहेको हुन्छ । भाषा सिक्नु व्याकरण सिक्नु हो भन्ने व्याकरण सिक्नु भाषाका नियमहरू सिक्नु हो । भाषा र व्याकरण एक अर्कामा परिपूरक हुन् । यी दुईको अन्तर मिश्रणद्वारा मात्र भाषाको प्रयोग गर्न सकिन्छ । निरक्षर मानिसहरू पनि व्याकरणको प्रयोग गरिरहेका हुन्छन् तर के प्रयोग गरिरहेको छु भन्ने सैद्धान्तिक ज्ञान भने उनीहरूमा हुँदैन । व्याकरणको नियम नजाने पनि शुद्ध ढङ्गले प्रयोग गर्न जान्ने क्षमता भाषा सिकाइको क्रममा हासिल गरिसकेको हुन्छ ।

व्याकरण र भाषाको प्रयोग शिक्षण सिकाइका क्रममा संयुक्त रूपमा गर्नु वाञ्छनीय हुन जान्छ । यी दुबै पक्षको संयाजन गरी भाषाभित्र व्याकरण सिकाउने उद्देश्यअनुरूप वि.सं. २०६९ पछि कार्यमूलक व्याकरणको निर्माण गरिएको छ । शिक्षणका क्रममा शिक्षकले व्यवहारका आधारमा भाषिक सिपहरूको ज्ञान प्रदान गरी विद्यार्थीहरूलाई भाषाका नियमहरू जानेको पत्तै नपाउने तरिकाले यसको प्रयोग गरिएको पाइन्छ । जसका माध्यमबाट भाषा र भाषाका नियमहरू पनि सजिलै नजाँनिदो पाराले सिक्ने आधारमा अभ्यस्त भएको थाहा नै नहुने नवीन पद्धतिको विकास हुँदै आएको छ ।

कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप, तिनको संरचना, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध छुट्याउनु साथै शब्द, वाक्य आदिको शुद्ध प्रयोग तथा वाक्यसम्बन्धी नियम र उदाहरणको सङ्कलन गर्ने शास्त्रलाई व्याकरण भन्न सकिन्छ ।

व्याकरणको परिभाषाले के जनाउँछ भने शब्ददेखि वाक्य र तिनीहरूको उदाहरणसहित अर्थहरूलाई स्पष्ट पार्ने सैद्धान्तिक पक्षलाई व्याकरण भनिएको उपर्युक्त परिभाषाबाट स्पष्ट हुन आउँदछ । यसर्थ शिक्षकले शिक्षणका क्रममा सिकारुका रुचि, उमेर, लिङ्ग, क्षमता, भाषिक पृष्ठभूमि, कक्षाको स्तर र उसले प्राप्त गरेको ज्ञानको आधारमा व्याकरण र भाषाको शिक्षण गर्नुपर्दछ । सिकारुलाई मानसिक रूपमा तयार गराइ सकेपछि मात्र उपयुक्त ढङ्गले भाषा शिक्षण गराएमा उसको धारणामा परिवर्तन ल्याउन सकिन्छ । जुन उद्देश्य र ध्येयले भाषाको शिक्षण गरिन्छ, त्यसलाई फलदायी बनाउनमा शिक्षकको अहम् भूमिका रहन्छ । व्याकरण भाषा सिकाउने क्रम पहिलेदेखि नै चलिआए पनि व्यवहारपरक ढङ्गबाट यसको प्रयोगको सुरुवात भर्खरै मात्र भएको पाउन सकिन्छ । यी दुबैको अन्तर मिश्रणबाट मात्र भाषाको शिक्षण गर्नु गराउनु उपयोगी हुने देखिएको छ ।

### २.२.३ व्याकरणात्मक पक्षको परिचय

पाठ्यक्रमले योजना तर्जुमा गर्दछ भने पाठ्यपुस्तकको माध्यमबाट पाठ्यक्रमले तयार पारेका प्रयोजनहरूलाई परिणाममा पुऱ्याउने कार्य गर्दछ । पाठ्यक्रमका उद्देश्य, ध्येय र लक्ष्यहरूलाई पूरा गर्ने एक मात्र साधन पाठ्यपुस्तक हो र पाठ्यक्रमले निर्धारण गरेको तर खुलस्त वा स्पष्ट नपारेको विषयवस्तुलाई पाठ्यपुस्तकको माध्यमबार प्रस्ट पारी ज्ञान बाँड्ने कार्य गरेको देखिन्छ । पहिले-पहिले पाठ्यक्रम जताततै पाउन निकै गाह्रो विषयवस्तु थियो तर हिजो आजको समयमा सूचना, प्रविधि तथा सञ्चारको विकास भए पछि सुगम तथा दुर्गम र अति विगत ठाउँमा पनि इन्टरनेट मार्फत सहजै रूपमा प्राप्त गर्न सकिन्छ । पाठ्यपुस्तक झन अनिवार्य भएकाले जहाँतही सर्वसुलभ रूपमा प्राप्त गर्न सकिन्छ तर पाठ्यक्रमले तोकेअनुसार वा पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक निर्माण गरिएको छैन पाठ्यक्रमको निर्देशनमा निर्माण गरिएका पाठ्यपुस्तकहरू उपयुक्त छन् छैनन् ? भन्ने विषयमा प्रस्तुत अनुसन्धान गर्न आवश्यक देखिन्छ । यहाँ कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको प्रयोग शीर्षकमा पाठ्यक्रम अनुरूपताका आधारमा व्याकरणहरूलाई पाठ्यक्रममा र पाठगत आधारमा कसरी समावेश गरिएको छ भनी यसलाई हेर्ने प्रयास गरिएको छ ।

व्याकरणमा अभ्यास समावेश भएकाले यसको सैद्धान्तिक ज्ञान गराउनु मात्र नभई विचार पाठका आधारमा समिश्रण गरेर पाठ्यपुस्तक निर्माण गर्नाले व्यावहारिक रूपमा भाषिक सिपहरूको विकास गराउनु, मुख्य उद्देश्य रहेको देखिन्छ । व्याकरण भाषाको

आन्तरिक संरचना हो । यसलाई एकपक्षीय ढङ्गले सैद्धान्तिक ज्ञानले भाषा सिकाइमा अवरोध खडा हुने भएकाले भाषा पाठ्यपुस्तकमा समावेश गराइ व्यवहारपरक ढङ्गले भाषिक सिप विकासमा क्षमतावान् बनाउन पाठ्यक्रमको लक्ष्य रहेको छ । यहाँ निम्नलिखित व्याकरणात्मक पक्षको चर्चा गरिएको छ :

**२.२.३.१ काल र पक्ष**

क्रियापदमा भनिएको कार्य व्यापारको समय बुझाउने व्याकरणात्मक कोटीलाई काल भनिन्छ (श्रेष्ठ र पोखरेल २०७० : १२५) काल भन्नाले समयलाई जनाउँछ । बितेको समयभूत काल हो, चलिरहेको समय वर्तमान हो र आउने समय भविष्यत् काल हो । कालका विभिन्न अवस्थालाई सङ्केत गर्ने व्याकरणात्मक कोटिलाई पक्ष भनिन्छ । सामान्य, पूर्ण, अपूर्ण, अभ्यस्त र अज्ञात गरी कालका पाँचवटा पक्षहरू हुने गर्दछन् । सबै कालका तिन वटा पक्ष र भूतकालका थप अभ्यस्त र अज्ञात गरी पाँचवटा पक्षहरू हुने गर्दछन् ।

**२.२.३.२ शब्दवर्ग**

नेपाली भाषामा एकभन्दा बढी अक्षर वा वर्णले बनेको स्वतन्त्र रूपमा प्रयोग हुने अर्थपूर्ण भाषाको सानो एकाइलाई शब्द भनिन्छ अथवा वर्ण वा अक्षरहरूको अर्थपूर्ण समहु नै शब्द हो (निरौला र उपाध्याय, २०७३ : १५) । शब्दहरूको वर्णीकरणलाई नै शब्दवर्ग भनिन्छ ।

**२.२.३.३ सङ्गति**

वाक्यामा प्रयोग भएका शब्दहरूका विचको रूपायन, मेल र अनुकुलतालाई सङ्गति भनिन्छ (आधिकारी, २०७१ : ८३) । वाक्यमा आएका शब्दहरूको उपयुक्त मेललाई सङगति भनिन्छ ।

**२.३.३.४ वाक्य संश्लेषण र विश्लेषण**

वाक्य संश्लेषण भनेको एक भन्दा बढी उपवाक्यलाई जोडि एउटै वाक्य बनाउने प्रक्रिया हो (आचार्य, २०५८ : १३३) भने वाक्य विश्लेषण भनेको संश्लेषित वाक्यमा रहेका उपवाक्यहरूलाई टुक्र्याए देखाउने प्रक्रिया हो ।

**२.२.३.५ वाक्यका प्रकार र वाक्य परिवर्तन**

वाक्य भनेको कुनै खास मनोभाव वा विचारलाई पूर्णता दिने भाषिक एकाइ हो (आचार्य, २०५८ : १०९) । सरल, संयुक्त र मिश्र वाक्यलाई एक अर्कामा ढालेर परिवर्तन गरिनुलाई वाक्य परिवर्तन भनिन्छ। जस्तै : करणबाट अकरणमा परिवर्तन गर्नु पनि भनिन्छ।

**२.२.३.६ कारक र विभक्ति**

वाक्यमा प्रयुक्त नामिकपद (नाम, सर्वनाम र विशेषण) को क्रियापदसँगको सम्बन्ध नै कारक हो (आचार्य, २०५८ : १२२)। कारकको सम्बन्धलाई स्पष्ट गर्न आउने नाम, सर्वनाम र विशेषणसँग जोडिने चिह्नहरूलाई नै विभक्ति भनिन्छ।

**२.२.३.७ भाव वा अर्थ**

क्रियाद्वारा वक्ताको मनोभाव तथा मनोवृत्ति जगाउने कोटिलाई भाव भनिन्छ । ( अधिकारी, २०७१: १३८) ।

**२.२.३.८ वाच्य**

वाक्यमा कर्ता, कर्म वा भाव (क्रिया) मध्ये कुनै एक प्रधान मान्ने व्याकरणात्मक पंक्तिलाई वाच्य भनिन्छ । (अधिकारी, २०७१: १८२) । कर्तृ वाच्यमा कर्ता, कर्म वाच्यमा सकर्मक क्रिया र भाववाच्यमा भाव वा क्रियाको अर्थ प्रमुख हुने गर्दछ।

**२.२.३.९ लेख्य चिह्न**

लेख्य भाषामा वाक्यभित्रका वर्ण, पद, पदावली, वाक्यांश, वाक्य खण्ड र वाक्यका बिचको विराम वा अडान तथा विभिन्न अभिव्यक्तिहरूको बोध गराउने निसानलाई चिह्न भनिन्छ (सुवेदी र पराजुली, २०५७ : ८७)।

**२.२.३.१० वर्णविन्यास**

वर्ण, अङ्क र लेख्य चिह्नहरूलाई नियमका आधारमा प्रयोग गर्ने वा लेख्ने पद्धतिलाई वर्णविन्यास भनिन्छ (सुवेदी र पराजुली, २०५७ : ६)। वर्णहरूलाई विन्यास गर्ने वा शुद्ध गर्ने प्रक्रियालाई वर्णविन्यास भनिन्छ। शुद्ध वा साफी लेखन नै वर्णविन्यास हो।

**२.२.३.११ शब्द निर्माण प्रक्रिया**

आधार तत्त्वमा आधेय तत्त्वको योगबाट विभिन्न शब्दहरूको निर्माण हुन्छ यसैलाई नै शब्दहरूको निर्माण हुन्छ । यसैलाई नै शब्द निर्माण भनिन्छ (निरौला र उपाध्याय, २०७३ : ४२) । शब्दको निर्माण गर्ने कार्य विभिन्न प्रक्रियाबाट हुने गर्दछ । शब्द निर्माण गर्ने

पद्धतिलाई उपसर्ग, द्वित्व, कृदन्त, तद्धित्तान्त, समस्त शब्द, धातु र धातु रूपतालिका आधारमा निर्देशन गरेको देखिन्छ ।

### २.२.४ व्याकरण शिक्षणका प्रक्रिया र पद्धति

नाम क्रियापद, क्रियायोगिक पद, क्रियायोगी पद, व्याकरणिक कोटि, विभिन्न संरचक तत्त्व (भाषालाई विभिन्न संरचनामा ढाल्ने तत्त्व) र सूक्ष्मभन्दा सूक्ष्म भाषिक एकाइदेखि लिएर उच्चतम भाषिक एकाइहरूले गर्ने व्याकरणिक कार्यहरूका सन्दर्भमा फाट्टफुट्ट व्याकरणहरू रचिन थालेको सङ्केत मिल्छ र त्यसैअनुरूपका प्रक्रिया र कार्यकलापहरू तय गरी व्याकरण शिक्षण गर्ने प्रयास भइरहेको प्रायः देखिन  थालेको छ । व्याकरण शिक्षणको प्रक्रिया भन्नाले व्याकरणलाई शिक्षण गर्दा अपनाइने विभिन्न कार्यकलापहरू नै यसका प्रक्रियाहरू हुन् भन्ने बुझ्न आवश्यक देखिन्छ । व्याकरणकै कुनै एक पक्ष पश्चात् अर्को पक्षलाई कुन प्रक्रिया अपनाएर शिक्षण गर्न सकिन्छ र व्यवहारपरक ढङ्गले शिक्षण गरी उपलब्धि हासिल कसरी गर्न सकिन्छ भन्ने हेतु अनुरूप व्याकरण शिक्षणको बेला अपनाइएका भाषिक सिपपरक कार्यकलापहरू नै व्याकरण शिक्षणका प्रक्रियाहरू हुन् । अझ सरल अर्थमा भन्नुपर्दा व्याकरण शिक्षण गर्दा एक आपसमा बातचित, कुराकानी, भलाकुसारी, अनुरोध, निवेदन, संवाद, चिठी पत्र, अनुच्छेद रचना, सुनाइ, बोलाइ, पढाइ र लेखाइका सिर्जनात्मक कार्य, निबन्ध, कथाकथन, अभिनय र वक्तृता जस्ता विविध स्वरूपहरू मार्फत् व्याकरणिक विषयवस्तुहरूको शिक्षण गर्ने कार्य नै व्याकरण शिक्षणका प्रक्रियाहरू हुन् । जुन व्याकरण शिक्षणका नवीन पद्धतिहरूसँग अन्तरसम्बन्धित हुँदै आएका छन् ।

नवीन सोच अनुसार कार्यमूलक, प्रकार्यपरक र सम्प्रेषणात्मक विधि र पद्धतिहरू व्याकरण शिक्षणका क्षेत्रमा भ्याङ्गिदै गएको आभास हुन्छ र नेपाली भाषा शिक्षण पनि व्याकरण शिक्षण यी नवीन प्रक्रियाबाट लाभान्वित हुन खोजेको देखिन्छ । व्याकरण शिक्षणका क्रममा नवीन पद्धतिहरूको आधार पदमा खुट्टा टेकेर शिक्षण गरिने विषयवस्तुलाई प्रभावकारी ढङ्गले अगाडि बढाई सचेतताका साथ कार्यकलापलाई अवलम्बन गरिनुपर्ने दायित्वको बोध भए मात्र आजको युवाभासलाई सम्बोधन गर्न सकिन्छ । पुरानो खालको पद्धतिलाई त्यागेर नवीन पद्धति एवम् विधि र प्रक्रियालाई आत्मसात् गर्दै भाषिक सिपका साथसाथै व्याकरणिक सिपहरूको विकास गर्नुका साथै कार्यमूलक, प्रकार्यपरक र सम्प्रेषणमूलक पद्धतिमा प्रवेश गरी नवीन प्रक्रियाबाट व्याकरण शिक्षण अघि बढ्न थालेको पाइन्छ ।

### २.२.५ व्याकरण शिक्षाको औचित्य

व्याकरण भाषाको अन्तर्निहित व्यवस्था भएकाले यसको शिक्षणले शिक्षार्थीलाई भाषा प्रयोगका व्यवस्थागत पक्षप्रति सचेत गराउनु, भाषामा भएका नियम ठम्याउन, आफ्नो प्रयोग र अरूबाट भएका प्रयोगमा व्याकरणात्मक नियम भएका विचलनहरू पहिल्याई सचेत हुनका साथै त्यस्ता विचलनबाट आफ्नो भाषा प्रयोगलाई बचाउन वा नियमित गर्न मद्दत मिल्छ, तर व्याकरणले सबै किसिमका शिष्ट, अशिष्ट वा सही, गलत प्रयोगलाई ठम्याउने सुझ दिन पूर्णरूपले सक्तैन । यसबाट वाक्यगठन र शब्दरचना पक्षमा विशेष मद्दत प्राप्त हुन सक्छ । भाषा प्रयोगको समग्र उपयुक्तता, अनुपयुक्तताको समाधान व्याकरणले मात्र गर्न सक्छ । त्यसैले शिक्षित वर्गको भाषा प्रयोगलाई उपयोग गर्न उपयुक्त ठानिन्छ । व्याकरणको औपचारिक शिक्षण केही हदसम्म उपयुक्त मानिन्छ । शैक्षणिक दृष्टिले सैद्धान्तिक रूपमा व्याकरण के कत्तिको उपयुक्त हुन्छ भन्ने कुरामा तर्कवितर्क भए पनि भाषामा व्याकरण शिक्षणको औचित्य छ ।

### २.२.६ व्याकरण र भाषापाठ्यपुस्तकको सम्बन्ध

व्याकरण र भाषा पाठ्यपुस्तकको सम्बन्ध भनेको नङ्ग र मासुको जस्तै हुन्छ । किन भने भाषा पाठ्यपुस्तकमा व्याकरण सम्बन्धी अंश सबैभन्दा महत्त्वपूर्ण स्तम्भका रूपमा रहेका हुन्छन् । व्याकरण सिकाइ अरू सिपहरूको दक्षता हासिल गर्न व्याकरणको अभ्यास नगरी सम्भव हुँदैन । शरीरमा नसाको महत्त्व हुन्छ (शर्मा र पौडेल, २०६८:२१७) । विद्यार्थीहरूका अशुद्धि र अन्यौललाई समाप्त पार्न व्याकरण सम्बन्धी अभ्यासमा आधारित पक्षले निर्देशनको भूमिका निर्वाह गरेको हुन्छ जसले गर्दा सिकाइलाई गति प्रदान गर्दछ । निम्नमाध्यमिक तहदेखि क्रमशः सरल, जटिलको क्रममा आगमनात्मक तरिकाले व्याकरणात्मक सुझ विकास गरी सामान्य नियम निर्माण र पालन गर्न सक्ने अभिप्राय राखेर व्याकरणात्मक प्रयोग र भाषा पाठ्यपुस्तकमा शैक्षणिक विषय र शैक्षिक सामग्रीको लगातार व्याकरण सम्बन्धी अभ्यासले आवृत्तिको उद्देश्य र व्याकरण सम्बन्धी अभ्यासको व्यवस्था मिलाइएको हुन्छ । यसमा भाषाका विभिन्न पक्ष भाषिक सिपको वृद्धिमा निर्भर हुने हुँदा भाषिक संरचना, अभिनय, लिखित तथा मौखिक क्रियाकलाप, गृहकार्य र आवश्यक व्याकरण सहितको एउटा शिक्षणीय नमुना सङ्कलन रहन्छ । भाषाको पाठ्यपुस्तकमा समाविष्ट पाठका आधारमा व्याकरण अभ्यास प्रस्तुत गर्ने गरिन्छ । भाषा पाठ्यक्रमका उद्देश्यहरू र पाठ्य सामग्रीको समष्टिगत रूप प्रतिनिधित्व हुने गरी व्याकरण अभ्यासको तयारी गर्न

आवश्यक हुन्छ । भाषा पाठ्यपुस्तकमा राखिने व्याकरण अभ्यास भाषिक सामग्री र पठन बोधसँग सम्बन्धित हुनु पर्दछ । व्याकरणको अभ्यासहरूलाई विभिन्न कोणबाट प्रस्तुत गरी विद्यार्थीहरूलाई विश्वस्त राख्न सकेमा मात्र पाठ्यक्रम तथा पाठ्यपुस्तकका उद्देश्यहरू सफल भएको देखिन्छ ।

### २.२.७ भाषा पाठ्यपुस्तकमा व्याकरणात्मक अभ्यासको महत्त्व

मान्छेको महत्त्वपूर्ण आविष्कार मध्ये भाषाको आविष्कारलाई नै सबैभन्दा माथि राख्न सकिन्छ । भाषाद्वारा मान्छे सम्पूर्ण ज्ञान र विज्ञानको ढोका खोल्न समर्थ हुन्छ । भाषाले नै मान्छेका भावना, चिन्तन युग युगसम्म जिवित राख्छ । मान्छेका अनुभुति, विचार र चिन्तन साटासाट गर्ने माध्यम भाषा नै हो । भाषाद्वारा नै मान्छेले एक पुस्ताको उपलब्धि अर्को पुस्तामा हस्तान्तरण गर्छ ।

भाषा पाठ्यपुस्तकको दायराभित्र रही निर्धारित भाषिक विषयवस्तुलाई विद्यार्थी अनुकूलका पाठ्यांशमा ढालेर क्रमबद्ध एवम् व्यवस्थित ढङ्गले भाषिक सिप र संज्ञान सिकाउने उद्देश्यले विभिन्न भाषिक विषयवस्तुलाई सङ्गठित गरी अध्ययन, अध्यापन र अभ्यासमा सहयोग पुऱ्याउन तयार गरिएको उपयुक्त पाठ्य सामग्री नै भाषा पाठ्यपुस्तक हो । भाषा पाठ्यपुस्तकका सहयोगले शिक्षकले योजनाबद्ध भाषा शिक्षण गर्छन् । उपयुक्त शिक्षण विधि छनोट गरेर शिक्षण गर्छन । विद्यार्थीहरूलाई उपयुक्त अभ्यास गराउँछन् र शिक्षण सिकाई उपलब्धिको मूल्याङ्कन गर्छन् । उता विद्यार्थीहरू पनि भाषा पाठ्यपुस्तककै सहयोगले भाषिक सिपहरू सिक्छन्, अभ्यास गर्छन्, दोहोऱ्याई, तेहऱ्याई पढ्छन्, गृहकार्य गर्छन् र भाषिक सबलता हासिल गर्दछन् । त्यसैले भाषा पाठ्यपुस्तकलाई भाषा शिक्षण सिकाइको एक भरपर्दो र व्यवस्थित पाठ्यसामग्रीका रूपमा परिभाषित गर्न सकिन्छ ।

भाषा पाठ्यपुस्तकमा व्याकरणात्मक अभ्यासको धेरै महत्त्व रहेको हुन्छ । किनभने व्याकरण पढ्नु वा पढाउनु भनेको एक किसिमले भाषाका नियमहरू पढ्नु वा पढाउनु नै हो भन्ने बुझिन्छ (पौडेल, २०६८ : २१७) । व्याकरण र भाषा एक अर्कासँग अन्तर सम्बन्धित छन् । भाषिक शुद्धताका निम्ति भाषामा व्याकरणको सैद्धान्तिक र औपचारिक सिकाइ भन्दा भाषाको शुद्ध प्रयोगलाई जोड दिनुपर्छ । बोलेर, सुनेर, पढेर र लेखेर हुने अनुभवबाट आत्मसात् गरिएको व्याकरणात्मक सुझ व्याकरणको सैद्धान्तिक र औपचारिक सिकाइभन्दा निकै प्रभावकारी र महत्त्वपूर्ण हुन सक्छ । प्रयोगात्मक ढङ्गले सिकाइएका व्याकरण शिक्षार्थी

जति राम्ररी र छिटो सिक्छ त्यसको तुलनामा व्याकरणको सैद्धान्तिक पठन पाठन निकै कम प्रभावकारी भएको पाइन्छ । व्याकरण विषयमा भएको सैद्धान्तिक ज्ञानले विद्यार्थीका मस्तिष्कलाई कम असर पार्छ र त्यसलाई प्रयोग तहमा पुऱ्याउन अझ कठिन हुन सक्छ । व्याकरण सिकाइमा अरू सिपहरूका दक्षता हाँसिल गर्नका निम्ति पनि व्याकरणको अभ्यास नगरी सम्भव हुँदैन । शरीरमा नसाको महत्त्व भएझैँ भाषाका लागि अर्थात् भाषा पाठ्यपुस्तकमा व्याकरणको महत्त्व हुन्छ । सिकाइलाई गतिशील र प्रभावकारी तुल्याउने उद्देश्यले व्याकरण सम्बन्धी अभ्यासको निर्माण भएको हुन्छ । व्याकरण अन्तर्गत पाठमा आधारित विषयबस्तु सम्बन्धी विभिन्न प्रकृतिका प्रश्नहरू पर्दछन् । व्याकरणका अभ्यासलाई विभिन्न कोणबाट प्रस्तुत गरी शिक्षार्थी समक्ष राख्न सकेमा मात्र भाषा पाठ्यपुस्तकका उद्देश्यहरू सफल हुने देखिन्छ । भाषालाई स्तरीय, व्यवस्थित, शुद्ध र मानक बनाउनका लागि र त्यस किसिमका क्षमता अभिवृद्धिका लागि भाषा पाठ्यपुस्तकमा व्याकरणको अनिवार्यता देखिन्छ । पाठ्य विषयको सवलीकरण बोध र नयाँ सामग्रीको प्रयोग एवम् सिप वृद्धि गर्नमा व्याकरण सम्बन्धी अभ्यास ज्यादै महत्त्वपूर्ण हुन्छ । व्याकरणले कुनै पनि भाषालाई व्यवस्थित र दीर्घकालीन बनाउँछ । त्यसैले भाषा र व्याकरण बिच अन्योन्याश्रित सम्बन्ध रहन्छ । सही ढङ्गबाट व्याकरण शिक्षण गरियो भने मात्र विद्यार्थी भाषामा दक्ष बन्न सक्छ । त्यसैले भाषा पाठ्यपुस्तकमा व्याकरण अभ्यासको महत्त्वपूर्ण स्थान रहेको छ ।

## अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया

### ३.१ अध्ययनको ढाँचा

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी ढङ्गले अध्ययन विश्लेषण गरी निष्कर्षमा पुऱ्याउनको लागि खास किसिमका तरिकाहरूले अवलम्बन गर्नुपर्ने हुन्छ । जसलाई उक्त अध्ययनको अध्ययन विधि वा ढाँचा भनिन्छ । अध्ययन अनुसन्धानका क्षेत्रमा विविध ढाँचा र प्रक्रिया विद्यमान रहे तापनि प्रस्तुत शोधकार्य सर्वेक्षण र क्षेत्रीय अध्ययन विधिका साथै वर्णनात्मक र विश्लेषणात्मक विधिमा पनि आधारित रहेको छ । त्यसैगरी जनसङ्ख्या र नमुना छनोट गरी कक्षा अवलोकन गरी तथ्याङ्कलाई वर्गीकरण, तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

### ३.२ जनसङ्ख्या

प्रस्तुत शोधकार्यमा ललितपुर जिल्लाका कक्षा १० मा अध्यापन गराउने शिक्षकहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.३ नमुना छनोट

कुनै पनि शोधपत्र तयार गर्नको लागि जनसङ्ख्यालाई लिन असम्भव हुने भएकोले त्यसको लागि सम्बन्धित क्षेत्रको जनसङ्ख्याबाट नमुना जनसङ्ख्याको छनोट गर्नुपर्दछ । प्रस्तुत शोधकार्यमा ललितपुर जिल्लाका कक्षा दशमा नेपाली भाषा अध्यापन गराउने दशवटा विद्यालयहरूमध्ये प्रत्येक विद्यालयबाट एक एक जनाको दरले जम्मा दशजना शिक्षकलाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.४ नमुना छनोट प्रक्रिया

ललितपुर जिल्लाका केही विद्यालयहरूलाई नमुनाका रूपमा लिइएको छ । छनोटमा परेका १० वटा विद्यालयहरूमध्ये ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयहरू नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा पारेका विद्यालयहरूमा शोधार्थी स्वयम् उपस्थित भएर नेपाली विषय पढाउने शिक्षकहरूको कक्षा अवलोकन गरिएको छ । शिक्षकले कक्षामा पढाइ रहेको समयमा कक्षा अवलोकन गरी अवलोकन

फाराम भरिएको छ । तत्पश्चात् जनसङ्ख्या तथा नमुना सामग्री निर्माण, तथ्याङ्कको सङ्कलन, व्याख्या तथा विश्लेषणद्वारा निष्कर्षमा पुगिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका सोतहरू

प्रस्तुत शोधकार्यका लागि निम्नलिखित दुई किसिमका स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ :

### ३.५.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यको लागि कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको अध्ययन र प्रयोगलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ र कक्षा अवलोकन कार्यलाई पनि प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

### ३.५.२ द्वितीयक स्रोत

तथ्याङ्क सङ्कलनका लागि प्रस्तुत शोधकार्यमा शोधशीर्षकसँग सम्बन्धित शोधपत्रहरूबाट सामग्री सङ्कलन गरिएको छ । यससँग सम्बन्धित अन्य पाठ्यपुस्तकहरूमा व्याकरणिक कोणबाट व्याख्या विश्लेषण गरिएका पाठ्यपुस्तकहरू, व्याकरणसँग सम्बन्धित तथ्य एवम् खोजमूलक लेखहरू, प्रतिवेदनहरू, द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यसमा मुख्यतया पुस्तकालयीय अध्ययनको आधारमा विश्लेषण गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन

तथ्याङ्क सङ्कलन शोधकार्यका लागि अनिवार्य रूपमा आवश्यक पर्ने महत्त्वपूर्ण सागम्री भएकोले प्राथमिक सामग्रीका रूपमा कक्षा दशको पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक अभ्यासको अध्ययन र प्रयोगको विश्लेषण गरिएको छ । द्वितीयक स्रोतका रूपमा व्याकरण सम्बन्धी पाठ्यपुस्तक, खोजमूलक लेख, रचना र यस सम्बन्धी भए गरेका अनुसन्धानका सामग्रीहरूको सक्रियताबाट कक्षा दशमा समाविष्ट व्याकरणात्मक अभ्यासहरूको अध्ययन र प्रयोगहरूको विश्लेषण गरिएको छ र आवश्यकता अनुसार सम्बन्धित, प्राज्ञिक व्यक्तिहरूबाट सल्लाह एवम् परामर्श लिएर सूचनाहरू सङ्कलन गरिएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण प्रक्रिया

प्रस्तुत कार्यको व्याख्या विश्लेषण मुख्य कार्य अनुसन्धानको केन्द्रविन्दुका रूपमा व्याख्या र विश्लेषण गर्नुपूर्व सङ्कलन गरिएका सहयोगी सामग्रीका आधारमा शोधको विषय माथि व्याख्या र विश्लेषण गर्नुपर्ने देखिन्छ । अध्ययनलाई उद्देश्यमुखी एवम् परिणाममुखी बनाई ठोस रूपमा वास्तविक निष्कर्षमा पुग्नका लागि सङ्कलित तथ्याङ्क, स्रोत सामग्री, सम्बन्धित पाठ्यपुस्तक, शोधसामग्री सूचना, लेख र खोजमूलक प्रतिवेदनको उपयोग गरी क्रमिक रूपमा व्याख्या एवम् विश्लेषणको कार्यलाई अगाडि बढाउन शोधको विश्लेषणात्मक कार्य हो कक्षा दशको व्याकरणहरूलाई पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा विश्लेषण गर्नु, भाषिक सिपका दृष्टिले पहिचान गर्नु र व्याकरण शिक्षणलाई प्रभावकारी बनाउन भन्ने विषयको आधारमा व्याख्या, वर्णन र विश्लेषण गरिएकोछ । आवश्यकता अनुसार सम्बन्धित कक्षाको व्याकरणलाई सङ्कलित सामग्रीको प्रयोग अध्ययन विषयवस्तुमा प्रवेश गराइएको छ वा छैन भनी अध्ययन गरी आवश्यकता अनुसार रेखाचित्र, वृत्तचित्र र तालिकीकरण गरी शोध कार्यको निष्कर्ष निकालिएको छ ।

# अध्याय चार

# कक्षा दशको पाठ्यपुस्तकमा समाविष्ट व्याकरण पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा विश्लेषण

## ४.१ विषय प्रवेश

अध्याय चारमा 'कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको प्रयोग' नामक शीर्षकको सीमामा रही उक्त पाठ्यपुस्तकभित्र समाविष्ट व्याकरणहरूलाई पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा विश्लेषण गर्नु र उक्त पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणात्मक अभ्यासको भाषिक सिपका दृष्टिले पहिचान नगरी विश्लेषण गरिएको छ । प्रस्तुत शोधपत्रमा उक्त पाठ्यपुस्तकमा रहेका व्याकरणात्मक अभ्यास अन्तर्गत शब्द वर्ग, लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, वाक्य परिवर्तन करण, अकरण, आदर र अव्यय जस्ता व्याकरणका अन्य विषयवस्तुहरू पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा समावेश गरिएका व्याकरणात्मक अभ्यासबाट पूर्ण रूपमा भाषिक सिप हासिल गर्न सकिन्छ ? भन्ने उद्देश्यका आधारमा विश्लेषण गरिएको छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको प्रयोग गरिएको पाइन्छ । परम्परागत वा सैद्धान्तिक परम्परालाई त्यागेर आधुनिक व्यवहारपरक पद्धतिको आधारमा कक्षा दशको नेपाली पाठ्यपुस्तक निर्माण गरिएको पाइन्छ । विभिन्न पाठहरूमा पाठ्यक्रमले तोकेअनुसार सोही ठाउँमा व्याकरण प्रवेश गराइ कार्यमूलक ढङ्गले विद्यार्थी केन्द्रित विधिलाई आगमनात्मक ढङ्गबाट व्याकरणको अभ्यास गराउन प्रयत्न गरिएको पाइएको छ । कक्षा दशमो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको प्रयोग नामक शीर्षक अन्तर्गत पाठ्यक्रम अनुरूपताका आधारमा तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका नं. १

पाठ्यक्रमका आधारमा समविष्ट व्याकरणिक कोटीहरू

| पाठ्यक्रममा समाविष्ट व्याकरण | पाठगत आधारमा व्याकरणिक कोटि |
|---|---|
| १. काल र पक्ष | सात, छ, दश, दुइ, पाँच |
| २. शब्दवर्ग | चार, तीन, एक |
| ३. सङ्गति | एघार, बाह्र |
| ४. वाक्य संश्लेषण र विश्लेषण | दश, चौध, तेह्र |
| ५. वाक्यका प्रकार वाक्य परिवर्तन | बाह्र, तेह्र, दुई, एघार |
| ६. कारक र विभक्ति | पन्ध्र |
| ७. भाव वा अर्थ | एघार |
| ८. वाच्य | सोह्र |
| ९. लेख्य चिह्न | दुई |
| १०. वर्णविन्यास | नौ, दुई, छ, एघार, सोह्र |
| ११. शब्द निर्माण प्रक्रिया | आठ, पाँच, नौ, एक |

## ४.२ पाठ्यक्रम अनुरूपताको आधारमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको विश्लेषण

पाठ्यक्रमले योजना तर्जुमा गर्दछ भने पाठ्यपुस्तकको माध्यमबाट पाठ्यक्रमले तयार पारेका प्रयोजनहरूलाई परिणाममा पुऱ्याउने कार्य गर्दछ । पाठ्यक्रमका उद्देश्य, ध्येय र लक्ष्यहरूलाई पूरा गर्ने एक मात्र साधन पाठ्यपुस्तक हो र पाठ्यक्रमले निर्धारण गरेको तर खुलस्त वा स्पष्ट नपारेको विषयवस्तुलाई पाठ्यपुस्तकको माध्यमबार प्रस्ट पारी ज्ञान बाँड्ने कार्य गरेको देखिन्छन् । पाठ्यक्रम जतातातै पाउन निकै गाह्रो विषयवस्तु थियो तर हिजो आजको समयमा सूचना, प्रविधि तथा सञ्चारको विकास भए पछि सुगम तथा दुर्गम र अति

विगत ठाउँमा पनि इन्टरनेट मार्फत सहजै रूपमा प्राप्त गर्न सकिन्छ । पाठ्यपुस्तक झन अनिवार्य भएकाले जहाँतही सर्वसुलभ रूपमा प्राप्त गर्न सकिन्छ तर पाठ्यक्रमले तोकेअनुसार वा पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक निर्माण गरिएको छैन पाठ्यक्रमको निर्देशनमा निर्माण गरिएका पाठ्यपुस्तकहरू उपयुक्त छन् छैनन् ? भन्ने विषयमा प्रस्तुत अनुसन्धान गर्न आवश्यक देखिन्छ । यहाँ कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्क अभ्यासको प्रयोग शीर्षकमा पाठ्यक्रम अनुरूपताका आधारमा व्याकरणहरूलाई पाठ्यक्रममा र पाठगत आधारमा कसरी समावेश गरिएको छ भनी यसलाई हेर्ने प्रयास गरिएको छ ।

व्याकरणमा अभ्यास समावेश भएकाले यसको सैद्धान्तिक ज्ञान गराउनु मात्र नभई विचार पाठका आधारमा समिश्रण गरेर पाठ्यपुस्तक निर्माण गर्नाले व्यावहारिक रूपमा भाषिक सिपहरूको विकास गराउनु, मुख्य उद्देश्य रहेको देखिन्छ । व्याकरण भाषाको आन्तरिक संरचना हो । यसलाई एकपक्षीय ढङ्गले सैद्धान्तिक ज्ञानले भाषा सिकाइमा अवरोध खडा हुने भएकाले भाषा पाठ्यपुस्तकमा समावेश गराई व्यवहारपरक ढङ्गले भाषिक सिप विकासमा क्षमतावान् बनाउन पाठ्यक्रमको लक्ष्य रहेको छ ।

### ४.२.१ काल र पक्ष

पाठ्यक्रमले निर्देश गरेअनुसार पाठ दुईमा तीनैवटा कालका पक्षहरूको समावेश गरिएको छ ती पक्षहरूलाई विभिन्न किसिमका धातुहरू दिएर कालका विभिन्न पक्षहरूमा बदल्न लगाइएको, त्यसैगरी धातु दिएर लिङ्ग वचन र पुरुषका आधारमा वाक्य परिवर्तन गर्न लगाइको र धातु र सङ्केतका आधारमा वाक्य बनाउन दिएको पाइन्छ ।

पाठ्यक्रमको निर्देशन अनुसार पाठ पाँचमा वर्तमान काल र भविष्यत् काल समावेश गरिएको छ । यस पाठमा व्याकरण खण्डमा भविष्यत् काल र वर्तमान कालका वाक्यहरू टिप्न लगाइएको छ र विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिइ त्यस अनुच्छेदबाट वर्तमान कालका र भविष्यत् कालका वाक्यहरू छुट्याउन लगाइएको छ त्यसैगरी पाठको तेस्रो अनुच्छेदबाट मिल्ने वाक्यहरू छानि वर्तमान कालमा परिवर्तन गरी पुनर्लेखन गर्न लगाइएको छ । अन्त्यमा पाठको छैठौं अनुच्छेदलाई भविष्यत् कालमा बदलेर पुनलेखन गर्न लगाइएको छ ।

पाठ्यक्रमको अनुरूपताको आधारमा पाठ अन्तर्गत एउटा अनुच्छेद दिएर तयस अनुच्छेदबाट भूतकालिक क्रियापदहरू छुट्याउन लगाइएको छ । त्यसै गरी त्यस अनुच्छेदबाट सामान्य भूत, अपूर्ण भूत, पूर्ण भूत, अज्ञात भूत, अभ्यस्त भूत कुन कुन क्रियापदहरू प्रयोग भएका छन् त्यसका त्यसका आधारमा छुट्याउन लगाइएको छ । त्यसैगरी एउटा अनुच्छेदमा विभिन्न किसिमका तीनैवटा कालका क्रियापदहरू समावेश गरी त्यस अनुच्छेदबाट भूत कालिक क्रियापदहरू छुट्याउन लगाइएको छ । त्यसै गरी समग्र पाठमा प्रयोग भएका वर्तमान कालका क्रियाहरू टिपेर ती क्रियाहरूलाई भूत कालिक क्रियापदमा परिवर्तन गर्न लगाइएको छ । त्यसैगरी लिङ्ग वचन र पुरुषका आधारमा धातु दिएर त्यस धातुबाट बन्ने अपूर्ण भूत कालिक क्रियापद लेख्न लगाइएको छ । त्यसैगरी कोष्ठमा दिएका धातुका आधारमा वाक्य परिवर्तन गर्न लगाइएको पाइयो । त्यसै गरी अन्त्यमा भूत कालिक क्रियापद प्रयोग गरी आफू घुमेको कुनै रमाइलो ठाउँको वर्ण गर्न लगाइएको छ ।

पाठ्यक्रमको निर्देशन अनुसार पाठ्यपुस्तकको सात पाठ अन्तर्गत कुनै एउटा अनुच्छेद दिई त्यस अनुच्छेदबाट विद्यार्थीहरूलाई तिनैवटा कालको अपूर्ण पक्षहरूको क्रियापद छुट्याएर तालिकामा देखाउन लगाइएको पाइयो । त्यसै गरी पाठबाट पाँच /सातवटा क्रियापद टिप्न लगाई ती क्रियापदहरूबाट अपूर्ण पक्षका तिनवटै कालमा परिवर्तन गर्न लाइएको पाइयो । त्यसैगरी अपूर्ण भूत कालको प्रयोग गरी वाक्यहरू बनाउन लगाइएको, त्यसै गरी अपूर्ण भविष्यत् कालको प्रयोग गरी वाक्यहरू बनाउन लगाइएको र अपूर्ण वर्तमान कालको प्रयोग गरी साथीलाई चिठी लेखन लगाएको पाइयो । अन्त्यमा त्यसै गरी कुनै एउटा अपूर्ण वाक्य दिएर त्यस वाक्यको कोष्ठमा कुनै एउटा धातु दिएर त्यस धातुलाई तिनवटै कालको कुनै एउटा अपूर्ण पक्षमा बदल्न लगाइएको पाइयो । पाठ दश अन्तर्गत तिनैवटा कालका पूर्णपक्षहरू पत्ता लगाउनका लागि कुनै एउटा अनुच्छेद दिई त्यस अनुच्छेदबाट पूर्ण वर्तमान, पूर्ण भविष्यत् र पूर्ण भूत कालका वाक्यहरू छुट्याई तालिकामा देखाउन अथवा सूचीकृत गर्न लगाइएको पाइयो । त्यसैगरी पूर्ण भूत कालमा रहेको एउटा कथांशलाई पूर्ण वर्तमान र पूर्ण भविष्यत् कालमा परिवर्तन गर्न लगाइएको पाइयो । अन्त्यमा त्यसै गरी पूर्ण भूतकालको प्रयोग गरी कुनै एउटा ठाउँ जाँदाको अनुभव समेटेर एउटा अनुच्छेद तयार गर्न लगाइएको छ ।

### ४.२.२ **शब्दवर्ग**

पाठ तीनमा व्याकरणखण्ड अन्तर्गत विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदमा रेखाङ्कित गरिएका क्रियायोगीहरू उत्तरपुस्तिकामा सार्न लगाएको पाइयो । त्यसैगरी अर्को अनुच्छेदमा पनि रेखाङ्कित शब्दहरू नामयोगी हुन र तिनलाई अभ्यास पुस्तिकामा सार्न लगाइयो । त्यसैगरी अर्को अनुच्छेद दिएर त्यसमा प्रयोग भएका रेखाङ्कित शब्दहरू संयोजक हुन र तिनलाई पनि उत्तरपुस्तिकामा सार्न लगाएको पाइयो । त्यसैगरी अन्त्यमा विद्यार्थीहरूलाई क्रियायोगी, नामयोगी र संयोजक भएको एउटा अनुच्छेद दिइयो र त्यस अनुच्छेदबाट क्रियायोगी, नामयोगी र संयोजक छुट्याउन लगाइएको छ ।

पाठ 'चार' मा दिएको अनुच्छेदबाट रेखाङ्कित नाम शब्दहरूलाई कापीमा टिप्न लगाउनु र क्रियायोगी शब्द खोजेर शिक्षकलाई देखाउने क्रियाकलाप समेटिएको छ । त्यसैगरी कुनै एउटा अनुच्देमा रेखाङ्कन गरिएका शब्दहरूबाट सर्वनाम, विशेषण र क्रियापद छुट्याउन लगाइएको पाइयो । त्यसैगरी कुनै एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदबाट नाम, सर्वनाम र विशेषण छुट्याई कापीमा टिपोट गर्न लगाएको पाइयो । अन्त्यमा पाठको दोस्रो अनुच्छेदमा प्रयोग भएका नाम, सर्वनाम, विशेषण र क्रिया शब्दहरू टिपेर अलग-अलग तालिकामा देखाउन लगाएको छ ।

### ४.२.३ **सङ्गति**

पाठ 'एघार' मा व्याकरण खण्डको पृष्ठ ११३ मा यसलाई समावेश गरिएको छ । पहिलो अभ्यासमा कुनै एउटा अनुच्छेद दिएर विद्यार्थीलाई त्यो अनुच्छेद पूनर्लेखन गर्न लगाएको पाइयो । त्यसैगरी खाली ठाउँ भर्ने अभ्यास दिएर उपयुक्त विकल्प मध्ये उत्कृष्ट विकल्प छान्न लगाएको पाइयो । त्यसैगरी विद्यार्थीहरूलाई कोष्ठकामा दिइएका निर्देशनका आधारमा वाक्य परिवर्तन गर्न लगाएको पाइयो जसमा लिङ्ग, वचन, पुरुष र आदर दिएको छ । जसलाई सङ्गति मिलाउने कार्यमा विद्यार्थीहरूलाई प्रेरित गरिएको पाइयो । पदसङ्गति मिल्ने गरी खाली ठाउँ भर्न लगाउने तथा पदसङ्गतिको प्रयोग गरी कुनै एउटा अनुच्छेद तयार गर्न लगाएको छ ।

पाठ 'बाह्र' मा लिङ्ग वचन, पुरुष र आदरका आधारमा वाक्य परिवर्तन गर्न लगाएको छ । जसमा पुलिङ्गलाई, स्त्रीलिङ्ग एकवचनलाई बहुवचन, प्रथम पुरुषलाई द्वितीय पुरुष, द्वितीयलाई तृतीय पुरुषमा, सामान्य आदरलाई मध्यम आदर र मध्यम आदरलाई उच्च

आदरमा परिवर्तन गर्ने कार्य दिइएको छ । पदसङ्गति मिलेका र नमिलेका वाक्यलाई ठिक र बेठिक चिह्न लगाउनु तथा कोष्ठमा दिएको सङ्केतका आधारमा स्त्री लिङ्ग, एकवचन, बहुवचन, तुतीय पुरुष, उच्च आदरमा परिवर्तन गर्न लगाइएको, सङ्गतिको बारेमा उपयुक्त ढङ्गले पाठ्यपुस्तकमा समावेश गरिएको पाइयो । कोष्ठमा दिएको सङ्केतका आधारमा वाक्यहरूलाई उच्च आदरार्थी, निम्नआदरार्थी, मध्यम आदरार्थी, करण र अकरणमा परिवर्तन गर्न लगाइएको छ ।

### ४.२.४ वाक्य संश्लेषण र विश्लेषण

पाठ 'तेह्र' मा पाठ्यक्रमले निर्देश गरेअनुसार विद्यार्थीहरूलाई विभिन्न किसिमको वाक्यहरू दिएर ती वाक्यको पछाडि दिइएको निर्देशनअनुसार वाक्यहरू परिवर्तन गर्न लगाएका पाइयो । त्यसै गरी सरलवाक्य, संयुक्तवाक्य र मिश्रवाक्यको प्रयोग गरी कुनै एउटा अनुच्छेद तयार गर्न लगाएको छ ।

पाठ्यक्रमले निर्देश गरेअनुसार विभिन्न किसिमका वाक्यहरू दिएर संश्लेषित वाक्यलाई विश्लेषित वाक्यहरूमा परिवर्तन गर्न लगाएको र विश्लेषित वाक्यलाई सश्लेषित वाक्यमा परिवर्तन गर्न लगाएको पाइयो । त्यसैगरी कुनै एउटा अनुच्छेद दिएर त्यसमा सरल वाक्यको प्रयोग गरी त्यसलाई पूनर्लेखन गर्न लगाएको पाइयो ।

त्यसै गरी विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदलाई चारवटा वाक्यमा संश्लेषण गर्न लगाइएको छ ।

### ४.२.५ वाक्यका प्रकार र वाक्य परिवर्तन

पाठ 'एघार' मा लिङ्ग, वचन, पुरुष र आदरका आधारमा पनि वाक्य परिवर्तन गर्न लगाइएको पाइयो । त्यसैगरी 'बाह्र' मा लिङ्गका आधारमा परिवर्तन गर्नका लागि विभिन्न किसिमका सात वटा वाक्यहरू दिइएको पाइयो । त्यसैगरी वचन र पुरुषका आधारमा पनि वाक्य परिवर्तन गर्न लागि पनि वाक्यहरू दिइएको पाइयो । त्यसैगरी आदरआर्थी र करण, अकरणका आधारमा पनि वाक्य परिवर्तन गर्न लगाइएको छ ।

त्यसैगरी पाठ 'तेह्र' मा पनि विभिन्न किसिमका वाक्यहरू दिएर त्यसको पछाडि उल्लेख गरिएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न लगाइएको पाइयो । त्यसैगरी सरल वाक्यको प्रयोग गरी एउटा अनुच्छेद तयार गर्न लगाइएको पाइयो । त्यसैगरी संयुक्त र

मिश्र वाक्यको प्रयोग गरी आफ्नो भावी योजनाको बारेमा वर्णन गर्दै एउटा अनुच्छेद तयार गर्न लगाइएको छ ।

### ४.२.६ कारक र विभक्ति

पाठ 'पन्ध्र'मा विभक्तिको नियम र सरल र तिर्यक कारक कारकको निर्देशन पाठ्यक्रमले दिएको भए तापनि विभक्तिको नियम र यसको प्रयोग गरिएको पाइयो । त्यसपाठमा कारक र विभक्ति के कस्तो ठाउँमा के कसरी प्रयोग गर्ने भनेर पनि देखाइएको छ । पाठ्यक्रमले निर्देशन गरे अनुसार पाठ पन्ध्रका लागि विभक्तिको नियम र विभक्ति यस पाठ्यपुस्तकमा समावेश नगरिएकाले विद्यार्थीहरूको पूर्णरूपमा विभक्तिको अर्थलाई बुझ्न नसक्ने देखिन्छ । पाठ्यपुस्तक निर्माताले यस पक्षमा ध्यान नपुऱ्याई पाठ्यपुस्तक निर्माण गरेको प्रस्ट देखिन्छ ।

### ४.२.७ भाव वा अर्थ

कक्षा दशको नेपाली पाठ्यपुस्तकको पाठ एघारमा सामान्यार्थक, अज्ञार्थक, इच्छार्थक, सम्भावनार्थक र सङ्केतार्थकलाई समेटेको पाइन्छ । त्यसैगरी यस पाठको व्यारकणमा विद्यार्थीहरूलाई भाव वा अर्थको लागि विभिन्न किसिमका वाक्यहरू दिएर ती वाक्यका पछाडि दिएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न लगाइएको पाइन्छ । तोकिएका धातुका आधारमा इच्छार्थक, अज्ञार्थक, सामान्यार्थक, सम्भावनार्थक र सङ्केतार्थकका लागि दुई दुई वटा वाक्यहरू बनाउन लगाइएको छ ।

### ४.२.८ वाच्य

मा.वि.तह कक्षा दशको नेपाली भाषा पाठ्यक्रमले कर्ता, कर्म र भाव वाच्यलाई समेटेको पाइन्छ । पाठ सोह्रमा विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदलाई दिई आवश्यकताअनुसार वाच्य परिवर्तन गरी पुनर्लेखन गर्न लगाइएको छ ।

### ४.२.९ लेख्य चिह्न

पाठ्यक्रमले निर्देशन गरे अनुसार पाठ दुईमा विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिएर अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्न उत्तर पुस्तिकामा सार्न लगाइएको छ । त्यसैगरी त्यस अनुच्छेदमा लेख्य चिह्नको प्रयोग के-कसरी कुन ठाउँमा गर्ने भनी स्पष्ट रूपमा उल्लेख गरिएको छैन ।

### ४.२.१० वर्णविन्यास

पाठ्यक्रमको अन्त्यमा वर्णविन्यासलाई पाठको आधारमा नभई सुरुदेखि अन्तिम सम्म सबै पाठमा अनिवार्य रूपमा समावेश गर्नु पर्ने कुरालाई निर्देश गरेको पाइन्छ । खासगरी पाठ्यक्रमले दुई, छ, नौ, एघार, सोह्र पाठका लागि पाठ्यक्रम अन्तर्गत समावेश गरिएको छ । पाठ दुईमा कवितामा प्रयोग भएको ह्रस्व इकार हुने शब्दहरू विद्यार्थीहरूलाई टिप्न लगाइएको छ । त्यसैगरी पाठ 'छ' मा प्रयोग भएका दीर्घ इकार हुने शब्दहरू टिपोट गर्न लगाइएको छ । त्यसैगरी पाठ 'एघार'मा सुरुमा दीर्घ ऊकार लाग्ने शब्दहरू टिपोट गर्न लगाइएको छ । त्यसैगरी पाठ 'सोह्र' मा वर्णविन्यासगत त्रुटिलाई सच्याएर लेखन गर्नका लागि एउटा अनुच्छेद दिएर त्यस अुनच्छेदमा के-कस्ता वर्णविन्यासगत त्रुटिहरू छन्, त्यसलाई सच्चाई पुनर्लेखन गर्न लगाइएको छ ।

### ४.२.११ शब्द निर्माण प्रक्रिया

धातुका प्रकारहरू पनि छुट्याउन लगाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिएर त्यसका आधारमा त्यस अनुच्छेदबाट कहाँ के कस्ता धातुको प्रयोग भएको छ तिनीहरूको प्रकार छुट्याउन लगाइएको छ । त्यसैगरी पाठ 'पाँच' मा एउटा तालिकामा मूल शब्द र अर्को तालिकामा व्युत्पन्न शब्दहरू दिएर ती शब्दबाट एक एक वटा वाक्य निर्माण गर्न लगाइएको छ । त्यसैगरी पाठको नौ परिच्छेदबाट पाँचवटा व्युत्पन्न शब्द छान्न लगाइएको छ । त्यसैगरी पाठ आठमा उपसर्ग लागेर बन्ने शब्दहरूको पाठ आठमा उपसर्ग लागेर बन्ने शब्दहरूको बारेमा बताइएको छ । जसमा व्युत्पन्न शब्द दिएर ती शब्दमा उपसर्ग लगाएर शब्द निर्माण गर्न सिकाइएको छ । त्यसैगरी आधारपदमा प्रत्यय लगाएर शब्द निर्माण गर्न लगाइएको छ । त्यसैगरी विभिन्न आधारपदहरू दिएर ती आधार पदहरूबाट उपसर्ग र प्रत्यय लगाई शब्द निर्माण गर्न लगाइएको छ । त्यसैगरी पाठ नौमा विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदबाट द्वित्त्व लागेका शब्दहरू छुट्याउन लगाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई विभिन्न किसिमका शब्द दिएर ती

शब्दहरूमा द्वित्व शब्दलाई प्रयोग गरेर दुई दुई वटा वाक्य निर्माण गर्न लगाइएको छ । त्यसैगरी समस्त शब्दहरू दिएर ती शब्दहरूलाई बिग्रह गर्ने प्रक्रिया पनि सिकाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई पाँच वटा समस्त र पाँच वटा द्वित्त्व लागेर बन्ने शब्द लेखनका लागि दिइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई लघुतावाची शब्दहरू पनि सिकाउनका लागि विभिन्न किसिमका शब्दरु दिएर ती शब्दको लघुतावाची शब्द पनि लेख्न लगाइएको छ ।

## ४.३ पाठगत आधारमा कक्षा दशको नेपाली पाठ्यपुस्तकको व्यारकरण अभ्यासको विश्लेषण

पाठ्यक्रम विकासकेन्द्र सानोठिमी, भक्तपुरद्वारा कक्षा दशको नेपाली पाठ्यपुस्तक प्रकाशन भएको पाइन्छ । नेपाली पाठ्यपुस्तक कार्यमूलक ढङ्गले निर्माण गरिएको एक सहयोगी सामग्री पनि मानिएको छ । यस पाठ्यपुस्तकभित्र समावेश गरिएका व्याकरण अभ्यासहरू प्रयोगात्मक ढङ्गका छन् वा छैनन भन्ने ध्येयले यस पाठ्यपुस्तकको अधययन गर्न खोजिएको छ । आजको युग अनुसारको शिक्षा आदानप्रदान गर्न जरुरी देखिन्छ छ। भाषा पाठ्यपुस्तक व्यावहारिक सम्प्रेषणमूलक एवम् प्रयोगमूलक हुन सकेमा मात्र विद्यार्थीहरूलाई भाषा सिकाइमा जागृत गराउन सकिन्छ । यस पाठ्यपुस्तकलाई साहित्यका विभिन्न विधाहरूको छनोट गरी भाषिक सिपतिर ध्यानाकर्षण गराउन र रुचिकर बनाउन प्रयत्न गरिएको पाइन्छ । पाठ्यक्रमले निर्देश गरेअनुसार व्याकरणका कोटिहरूको समावेश गरी नजानिदा पाराले विद्यार्थीहरूलाई व्याकरणको ज्ञान दिन खोजिएको छ । यहाँ पाठगत आधारमा व्याकरण अभ्यासको अध्ययन गरिएको छ । साथै पाठगत आधारमा व्याकरण अभ्यासको तालिकाद्वारा प्रस्ट पारिएको छ ।

**तालिका सं. २**

**पाठगत आधारमा नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यासको अध्ययन**

| क्र.सं. | विधा | क्षेत्र | शीर्षक | भाषातत्त्व |
|---|---|---|---|---|
| १ | कविता | संस्कृति प्रधान | जन्मभूमि | धातुको पहिचान र प्रकार, निपातको पहिचान र प्रयोग, विस्मयादिबोधको पहिचान र प्रयोग । |

| | | | | |
|---|---|---|---|---|
| २ | जीवनी | राष्ट्रिय | सन्तुष्टि | लिङ्ग, वचन, पुरुष र आदरको पहिचान र प्रयोग, वर्तमान, भूत, भविष्यत् कालका पक्षको पहिचान र प्रयोग, लेख्य चिह्नको पहिचान र प्रयोग । |
| ३ | निबन्ध | सामाजिक | सन्दुक रुइत | क्रियायोगी, नामयोगी र संयोजकको पहिचान र प्रयोग |
| ४ | रूपक | मनोवाद | थाङका | नाम, सर्वनाम, विशेषण र क्रियापदको पहिचान र प्रयोग |
| ५ | चिठी | व्यापारिक | म पनि सक्छु | मूल शब्द र व्युत्पन्न शब्दको पहिचान र प्रयोग, वर्तमान र भविष्यत् कालको पहिचान र प्रयोग |
| ६ | कथा | सामाजिक | व्यापारिक चिठी | भूत कालिक क्रियापदको पहिचान, प्रकार र प्रयोग र वर्तमान कालको प्रयोग, दीर्घ इकार हुने शब्दहरूको प्रयोग । |
| ७ | कविता | प्रकृति प्रधान | प्रत्यागमन | क्रियापादको अपूर्ण पक्षहरूको प्रयोग, वर्तमान, भूत, भविष्यत कालका क्रियापदको अपूर्ण पक्षको प्रयोग । |
| ८ | निबन्ध | सामाजिक तथा संस्कृति | वर्षा | उपसर्ग र प्रत्ययनको पहिचान र प्रयोग, क्रियापदको पहिचान र प्रकार |

| | | | | |
|---|---|---|---|---|
| ९ | रूपक | वक्तृता | हाम्रो संस्कृति | द्वित्व र समास प्रक्रियाको परिचय र प्रयोग, लघुवाचीको परिचय र प्रयोग |
| ११ | कथा | बालमनोवैज्ञानिक | स्थानीयकरण भन्दा व्यापारीकरण बेस | सरल, संयुक्त र मिश्रवाक्यको पहिचान र प्रयोग, वर्तमान, भूत र भविष्यत् कालको पहिचान, र ती कालका पूर्णपक्षहरूको प्रयोग । |
| १२ | जीवनी | अन्तराष्ट्रिय | लक्ष्मीपुजा | पदसङ्गतिको परिचय र प्रयोग, भाव वा अर्थको परिचय, प्रकार र प्रयोग दीर्घ ऊकारको प्रयोग |
| १३ | निबन्ध | सामाजिक | क्लारा जेटकिन | लिङ्गको प्रयोग, वर्तमान, भूत, भविष्यत् कालका पक्षका प्रयोग |
| १४ | कविता | प्रकृति प्रधान | जय भूँडी | संयोजकको प्रयोग सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग, दीर्घ हुने शब्दको टिपोट । |
| १५ | रूपक | संवाद | म सडक बोल्दै छु टीका | विश्लेषित र संश्लेषित वाक्यको परिचय र प्रयोग, सरल वाक्यको प्रयोग, ह्रस्व इकार र ऊकारको प्रयोग<br>कारक र विभक्तिको पहिचान, प्रकार र प्रयोग |
| १६ | कथा | सामाजिक | माउजङ बाबुसोहबको कोट | वाच्य (कर्तुवाच्य कर्म वाच्य र भाववाच्य) वर्ण विन्यासको पहिचान र प्रयोग । |

### ४.३.१ जन्मभूमि (लोक कथा) पाठ : एक

पाठ्यक्रमले पाठ एकका लागि लोक कथा भित्र धातुको पहिचान, प्रयोग र प्रकार, निपातको पहिचान र प्रयोग, विस्मयादिबोधकको पहिचान र प्रयोग व्याकरणको अभ्यासमा सिफारिस गरिएको छ । सोहि अनुरूप पाठ एकमा 'जन्मभूमि' नामक लोक कथा समेटिएको छ उक्त कथाको व्याकरण अभ्यासमा पाठ्यक्रम अनुरूप नै धातुको परिचय, प्रकार र प्रयोग, निपातको पहिचान र प्रयोग र विस्मयादिबोधकको पहिचान र प्रयोगलाई समेटेको पाइन्छ । पाठमा विभिन्न किसिमका धातुहरूको प्रयोग गरिएको पाइन्छ । त्यसैगरी निपात र विस्मयादिबोधकको पनि प्रयोग पाइन्छ । त्यसैगरी विभिन्न किसिमका क्रिया दिएर ती क्रियाहरूबाट धातु छुट्याउन र धातुको प्रकार प्रयोग गर्न लगाइएको छ । यस पाठमा प्रयोग भएका धातुहरूलाई  रेखाङ्कन गरी सार्न लगाइएको छ । जस्तै गर्नु, बस्छ, हिड्यो, लेख्नु, पढ्छिन, जस्ता क्रियापदबाट गर, बस, हिँड् लेख्, पढ् जस्ता धातु छुट्याउन लगाइएको पाइयो ।  त्यसै गरी यस पाठमा प्रयोग भएका निपात अन्तर्गत पो, त पनि, रूप, कि,ल आदि निपातलाई वाक्य प्रयोग गर्न लगाइएको छ । त्यसैगरी यस पाठमा प्रयोग भएका विस्मयादि बोधकहरू खोजेर पत्ता लगाई कपीमा टिपोट गर्न लगाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई आस्था, स्यावास्, ओहो, राम, राम, क्याबात्, ज्या, कठै आदि विस्मयादिबोधक शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिई त्यस अनुच्छेदबाट धातु छुट्याएर त्यसको प्रकार लेख्न लगाइएको पाइयो । त्यसरी कुनै एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदबाट निपात छुट्याउन लगाइएको छ । त्यसरी नै कुनै एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदमा प्रयोग भएका विस्मयादिबोधक शब्दहरूलाई रेखाङ्कन गर्न लगाइएको छ ।

### ४.३.२ सन्तुष्टि (संस्कृति प्रधान कविता) (पाठ : दुई)

पाठ दुईका निम्ति पाठ्यक्रमले संस्कृति प्रधान कविताको व्याकरण अभ्यासका लागि तिनवटै कालका (वर्तमान काल, भूतकाल, भविष्यत काल) का सामान्यपक्षहरूको पहिचान, प्रकार र प्रयोग, लिङ्ग, वाचन, पुरुष र आदरका आधारमा वाक्यहरूको पहिचान र प्रयोग , कोष्ठामा दिएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न र लेख्य चिह्नको पहिचान र प्रयोगलाई निर्धारण गरे अनुरूप नै पाठ्यपुस्तकमा 'सन्तुष्टि' संस्कृतिक प्रधान कविताको व्याकरण अभ्यासमा यसलाई समेटिएको देखिन्छ । सर्वप्रथम त यस पाठको व्याकरण

अभ्यासमा दिइएको 'पद' धातुको वाक्यहरूलाई सामान्य भूत, पूर्ण भूत, अभ्यस्त भूत , अज्ञात भूत, सामान्य वर्तमान, अपूर्ण वर्तमान, पूर्ण वर्तमान र सामान्य भूविष्यत्, अपूर्ण भविष्यत् र पूर्ण भाविष्यत्मा बदल्न लगाइएको छ । त्यसैगरी दिएका वाक्यहरूलाई कोष्ठमा दिएको आधारमा वाक्य परिवर्तन गर्न लगाइएको छ । त्यसैगरी कोष्ठमा दिएको धातु र सङ्केतका आधारमा वाक्य पुरा गर्न लगाएको, त्यसैगरी गर, खा, हेर, सुन्, देख, जा, बस् आदि धातुको प्रयोग गरी कतै घुम्न जाँदाको वर्णन गर्न लगाइएको पाइयो । त्यसरी नै कुनै एउटा अनुच्छेदमा के- कस्ता लेख्य चिह्नहरू प्रयोग भएका छन् भनेर छुट्याउनका लागि अनुच्छेद दिएको पाइयो । अन्त्यमा व्याकरण अभ्यासको कवितामा के - कस्ता सुरुमा ह्रस्व र इकार हुने शब्दहरू प्रयोग भएका छन् भनी टिपोट गर्न लगाइएको छ ।

### ४.३.३ सुन्दुक रुइत (राष्ट्रिय जीवनी) पाठ : तिन

यस पाठका लागि पाठ्यक्रमले क्रियायोगी, नामयोगी र संयोजकको प्रयोगलाई निर्धारण गरेको पाइन्छ । सर्वप्रथम त व्याकरण अभ्यासमा विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदमा रेखाङ्कन गरिएको क्रियायोगीलाई टिपोट गर्न लगाइएको पाइयो । जस्तै : म हिजै तिमीलाई यहाँ भेट्न चाहान्थे तर तिमी त उपत्यका बाहिर रहेको छ । यस वाक्यमा रेखाङ्कित शब्द (भेट्न) लाई कपीमा सार्न लगाइएको पाइयो । त्यसैगरी अर्को अनुच्छेद दिएर त्यस अनुच्छेदमा रेखाङ्कित शब्दलाई नामयोगी भनी कपीमा टिपोट गर्न लगाइएको पाइयो । त्यसैगरी अर्को अनुच्छेदमा पनि रेखाङ्कित शब्दलाई संयोजक हो भनी त्यस अनुच्द्वेदमा प्रयोग भएका रेखाङ्कित शब्दहरूलाई निपात हो भनी टिपोट गर्न लगाइएको पाइयो । अन्त्यमा विद्यार्थीहरूलाई एक अनुच्छेद जति क्रियायोगी, नामयोगी र संयोजक एउटै अनुच्छेदमा मिसाएर दिई त्यस अनुच्छेदबाट क्रियायोगी, नामयोगी शब्दहरू छुट्याउन लगाइएको छ ।

### ४.३.४ थाङ्का (सामाजिक निबन्ध) पाठ : चार

पाठ्यक्रमले निबन्ध विधामा सामाजिक क्षेत्र अन्तर्गत निर्धारण गरी व्याकरणका नाम, सर्वनाम, विशेषण र क्रियापदलाई निर्देशन गरेको पाइन्छ । विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदमा के - कस्ता नाम शब्दहरू प्रयोग भएका छन्, ती शब्दहरूलाई रेखाङ्कन गर्न लगाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई अर्को एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदमा नाम, सर्वनाम, विशेषण र क्रियापद के के प्रयोग भएका छन् । छुट्याउन

लगाइएको पाइयो । त्यसैगरी अर्को अनुच्छेद दिएर त्यस अनुच्छेदमा के कस्ता नाम, सर्वनाम, विशेषण र क्रियापद प्रयोग भएका छन् भनी विद्यार्थीहरूलाई पढेर रेखाङ्कन गर्न लगाइएको पाइयो । अन्त्यमा पाठको दोस्रो अनुच्छेदमा प्रयोग भएका नाम, सर्वनाम, विशेषण र क्रियापद शब्दहरू टिपेर अलग-अलग तालिकामा देखाउन लगाइएको छ ।

### ४.३.५ म पनि सक्छु (मनोवाद) (पाठ : पाँच) रूपक

पाठ्यक्रमले पाठ पाँचका लागि साहित्यको रूपक विधा अन्तर्गत मूल शब्द र व्युत्पन्न शब्द वर्तमान काल र भविष्यत् कालको प्रयोगलाई निर्देश गरेको पाइन्छ । सर्वप्रथम व्याकरण अभ्यासमा मूलशब्द प्रयोग गरी वाक्यहरू बनाउन लगाइयो जस्तै : काल, राम्रा, देश, घर आदि जस्ता शब्दहरूको प्रयोग गरी वाक्य निर्माण गर्न लगाएको छ । त्यसैगरी व्यत्पन्न शब्दबाट पनि वाक्यहरू बनाई प्रयोग गर्न लगाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेदमा मूलशब्द र व्युत्पन्न शब्दहरू एकै ठाउँमा मिसाएर दिई त्यस अनुच्छेदबाट व्युत्पन्न शब्दहरू र मूल शब्दहरू छुट्याउन लगाइएको छ । पाठको नावौं अनुच्छेदबाट पाँच वटा व्युत्पन्न शब्द छानी ती शब्दहरूको प्रयोग गरी मूल शब्द बनाउन लगाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिई त्यस अनुच्छेदबाट वर्तमान, काल र भविष्यत् कालको पहिचान गरी तालिकामा देखाउन लगाइएको छ । पाठको तेस्रो अनुच्छेदबाट मिल्ने वाक्यलाई वर्तमान कालमा परिवर्तन गरी पुनर्लेखन गर्न लगाइएको छ । अन्त्यमा पाठको छैठौं अनुच्छेदलाई पनि भविष्यत् कालमा परिवर्तन गरेर पुनर्लेखन गर्न लगाइएको छ ।

### ४.३.६ व्यापारिक चिठी (व्यापारिक) पाठ : छ

पाठ छको व्याकरणमा भूत कालिक क्रियापद, भूत कालका पक्षको परिचय र प्रयोगको चर्चा गरिएको छ । पाठमा प्रयुक्त भूत कालको क्रियापदको बारेमा बताइएको छ । जसमा विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदमा रेखाङ्कन गरिएका भूत कालिक क्रियापदलाई राम्रासँग पढ्न लगाएर बुझाइएको छ । त्यसैगरी भूत कालका विभिन्न पक्षहरू (सामान्य भूत, अपूर्ण भूत, पूर्णभूत, अज्ञात भूत, अभयस्त भूत) पक्षहरूको तालिका बनाएर रेखाङ्कन गरिएको क्रियापदहरू भूत कालको कुन-कुन पक्षमा पर्दछन् भनेर छुट्याउन लगाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई एउटा अनुच्छेदमा दिइएका धेरै क्रियापदहरू मध्येबाट भूत कालिक क्रियापद छानेर कपीमा टिपोट गर्न लगाएको छ । भूत

कालमा परिवर्तन गरी टिपोट गर्न लगाएको देखिन्छ । त्यसैगरी लिङ्ग, वचन र पुरुषका आधारमा पद धातुबाट बन्ने अपूर्ण भूत कालका क्रियापद बनाउन लगाएको छ । त्यसैगरी भूत कालिक क्रियापदको प्रयोग गरी आफूले घुमेको रमाइलो ठाउँको वर्णन गर्न लगाएको छ । अन्त्यमा खाली ठाउँ भर्ने दिई कोष्ठमा धातु र भूत कालका पक्षहरू दिई वाक्य पुरा गर्न लगाइएको छ, त्यसैगरी यसपाठमा शब्दको शुरुमा दीर्घ इकार हुने शब्दहरू टिपोट गर्न लगाएको छ ।

### ४.३.७ प्रत्यागमन (सामाजिक कथा) पाठ : सात

पाठ सातमा क्रियापदको अपूर्ण पक्ष (अपूर्ण भूत, अपूर्ण वर्तमान, अपूर्ण भविष्यत्) क्रियापदको बारेमा चर्चा परिचर्चा गरिएको छ । यस पाठको व्याकरण अभ्यासको सर्वप्रथम विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिएर त्यस अनुच्छेद क्रियापदको बारेमा चर्चा परिचर्चा गरिएको छ । यस पाठको व्याकरण अभ्यासको सर्वप्रथम विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूलाई अपूर्ण भूत, अपूर्ण वर्तमान र अपूर्ण भविष्यत् कुन ठाउँमा पर्दछन्, तालिका बनाएर रेखाङ्कन गर्न लगाइएको, त्यसैगरी कुनै एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदबाट पाँच वटा क्रियापदहरू टिपोट गरी ती क्रियापदहरूलाई तालिकामा जस्तै अपूर्ण पक्षका तिन वटै कालमा परिवर्तन गर्न लगाएको छ । त्यसैगरी कोष्ठभित्र दिएको सङ्केतका आधारमा अपूर्ण भूत कालका अपूर्ण भविष्यत, अपूर्ण भूत, अपूर्ण वर्तमान, अपूर्ण भविष्यत् जस्ता पक्षमा वाक्यलाई परिवर्तन गर्न लगाइएको छ । त्यसैगरी जोडा मिलाउनेमा समूह ‘क’ मा अपूर्ण पक्षका विभिन्न किसिमका वाक्यहरू दिई समुह ‘ख’ मा विभिन्न अपूर्ण पक्षहरू बनाई जोडा मिलाउन लगाएको छ । त्यसै गरी अपूर्ण भूतकालको प्रयोग गरी पाँच वटा वाक्यहरू बनाउन लगाएको छ । त्यसैगरी अपूर्ण भविष्यत् कालको प्रयोग गरी आफूले गर्ने योजनाको बारेमा पाँच वटा वाक्य निर्माण, गर्न लगाइएको छ । अन्त्यमा अपूर्ण वर्तमान कालको प्रयोग गरी पाँच वटा वाक्यमा आफ्नो साथीलाई चिठी लेख्न लगाएको छ ।

### ४.३.८ वर्षा (प्रकृति प्रधान कविता) (पाठ : आठ)

यस पाठ्यपुस्तकको व्याकरण खण्डमा व्युत्पन्न शब्दमा उपसर्ग र प्रत्यय लगाई शब्द निर्माण गर्ने प्रक्रियाको बारेमा चर्चा परि चर्चा गरेको छ । सर्वप्रथम व्युत्पन्न शब्दमा उपसर्ग लगाई अथवा उपसर्ग लागेर के कसरी शब्द निर्माण हुन्छ भनेर देखाइएको छ जसमा वि+

मान = विमान यसमा आधारपद मानमा उपसर्ग वि लगेर व्युत्पन्न शब्द विमान बनेको छ। त्यसैगरी यस्तै प्रकारका उदाहरणहरू दिइएको छ। त्यसै गरी विभिन्न किसिमका उपसर्गहरू दिएर ती उपसर्गहरूबाट दुई- दई वटा शब्दनिर्माण गर्न लगाएर शब्द निर्माण प्रक्रियाको बारेमा पनि बताइएको छ। जस्तै : चढ +ई = चढी जसमा आधारपद चढ् आधार पदमा ई प्रत्यय लागेर व्युत्पन्न शब्द चढी निर्माण भएको छ। त्यसैगरी विभिन्न किसिमका शब्दहरू दिई त्यसमा प्रत्यय लगाई शब्द निर्माण गर्न लगाएको छ। त्यसै गरी विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदबाट व्युत्पन्न शब्द छुट्याउन लगाएको छ।

### ४.३.९ हाम्रो संस्कृति (सामाजिक तथा संस्कृतिक निबन्ध) (पाठ : नौ)

पाठ्यक्रमले पाठ : नौको लागि द्वित्त्व शब्द, समस्त शब्द र विग्रह शब्दको बारेमा चर्चा गरिएको छ। सर्वप्रथम व्याकरण खण्डमा विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिई त्यस अनुच्छेदमा रेखाङ्कन गरिएका द्वित्त्व शब्दहरूलाई कपीमा उतार्न लगाएको छ। त्यसै गरी द्वित्त्व शब्दलाई प्रयोग गरी वाक्य निर्माण गर्न लगाएको छ। त्यसैगरी समास प्रक्रियाबाट शब्द बन्ने र विग्रह पनि हुने कुरालाई देखाइएको छ। जस्तै भोलिपर्सि भोलि र पर्सि जसमा भोलि र पर्सिलाई समास गर्दा भोलिपर्सि भएको हो। त्यसमा त्यस्तै प्रक्रियाबाट धेरै शब्दहरू दिइएको छ र त्यसलाई पुनर्लेखन गर्न लगाइएको छ। त्यसैगरी पाठबाट पाँच वटा समस्त शब्दहरू टिप्न लगाएको छ। त्यसैगरी दिएका समस्त शब्दहरूलाई विग्रह गर्न लगाएको छ। जस्तै : बाघमारालाई बिग्रह गर्दा बाघ र मारा हुन्छ भनी विद्यार्थीहरूलाई बनाउन लगाएको छ। त्यसैगरी दिएका बिग्रह शब्दबाट समास बनाउन लगाएको छ जस्तै : लामोखुट्टा भएको शब्दलाई समास गर्दा लामखुट्टे हुन्छ भनी गर्न लगाएको छ। त्यसैगरी विद्यार्थीहरूलाई विभिन्न किसिमका लघुतावाची शब्दहरू लेख्न लगाएको छ।

### ४.३.१० स्थानीयकरण भन्दा व्यापारीकरण बेस (वक्तृता कला) पाठ : दश

पाठ्यक्रमले पाठ दशका लागि सरल, संयुक्त मिश्र वाक्यहरू र पूर्ण वर्तमान, पूर्ण भूत, पूर्ण भविष्यत् कालको बारेमा चर्चा गरेको छ। सर्वप्रथम व्याकरण खण्डमा सरलवाक्यहरूको पहिचान र प्रयोग गर्न सक्ने बारेमा देखाइएको छ। त्यसैगरी संयुक्तहरूको पहिचान र प्रयोगको बारेमा पनि बताइएको छ त्यसैगरी विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदमा प्रयोग भएका तीन वटै वाक्यहरू (सरल, संयुक्त र मिश्र) वाक्यहरूलाई तिनवटा तालिकामा विभाजन गरी देखाउन लगाइएको पाइयो। यस पाठको

बाह्रौं अनुच्छेदमा सरल, संयुक्त र मिश्र मध्ये कुन-कुन वाक्यहरू के  कति मात्रामा प्रयोग भएका छन् छुट्याउन लगाएको छ । त्यसैगरी यस पाठको चौबिसौँ अनुच्छेदमा प्रयोग भएका सरल वाक्यहरूलाई संयुक्त वाक्यहरूमा परिणत गर्न लगाएको छ । विद्यार्थीहरूलाई कुनै पूर्णपक्षको प्रयोग भएको एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदबाट कुन-कुन कालका पूर्णपक्ष हुन् भनी छुट्याएर सूचीकृत गर्न लगाएको छ । त्यसै गरी पूर्णभूत कालमा रहेको एउटा अनुच्छेद दिई त्यसलाई पूर्ण वर्तमान र पूर्ण भविष्यत् कालमा बदल्न लगाएको छ । अन्त्यमा पूर्ण भुतकालको प्रयोग गरी कुनै एउटा ठाउँमा जाँदै गरेको अनुभूतिहरू समेटेर एउटा अनुच्छेद तयार पार्न लगाएको छ ।

### ४.३.११ लक्ष्मी पुजा (बालमनोवैज्ञानिक कथा) पाठ : एघार

पाठ्यक्रमले निर्देशन गरे अनुसार बालमनोवैज्ञानिक कथाका आधारमा व्याकरणको पद सङ्गति र भाव वा अर्थलाई समावेश गरिएको छ । व्याकरणको यस पाठमा सबै भन्दा पहिला विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिई त्यस अनुच्छेदलाई पदसङ्गति मिलाई पुनर्लेखन गर्न लगाएको छ । त्यसैगरी खाली ठाउँ भर्नेमा कोष्ठमा उपयुक्त र लगभग मिल्ने विकल्प राखेर सर्वोकृत शब्द छान्न लगाएको छ । त्यसैगरी विद्यार्थीहरूलाई विभिन्न किसिमका वाक्यहरू दिई ती वाक्यहरूलाई स्त्रीलिङ्ग, पुलिङ्ग, एकवचन, बहुवचन, प्रथम पुरुष, द्वितीय पुरुष, तृतीय पुरुष, मध्यम आदरार्थी, उच्च आदरार्थी र निम्न आदरार्थीमा परिवर्तन गर्न लगाएको छ । त्यसैगरी भाव वा अर्थको बारेमा बताइ त्यसलाई पहिचान र प्रयोग गर्न लगाएको छ । भाव वा अर्थको प्रकारहरूको पहिचान र प्रयोग गर्न सिकाइएको छ । त्यसैगरी कोष्ठमा दिइएको निर्देशनका आधारमा वाक्यहरूलाई इच्छार्थक, आज्ञार्थक, सम्भावनार्थक, सङ्केतार्थक छ । त्यसै गरी पाठबाट शब्दको सुरुमा दीर्घ ऊकार हुने शब्दहरू टिप्न लगाएको छ ।

### ४.३.१२  क्लारा जेटकिन (अन्तर्राष्ट्रिय जीवनी) पाठ : बाह्र

अन्तर्राष्ट्रिय जीवनी अन्तर्गत पाठ्यक्रमले व्याकरणमा लिङ्ग, वचन, पुरुष, आदरार्थी, काल र पक्षको बारेमा चर्चा गरेको छ । सर्वप्रथम व्याकरण अन्तर्गत चार-पाँच वटा वाक्यहरू दिई ती वाक्यहरूलाई लिङ्गको आधारमा परिवर्तन गर्न लगाएको छ । त्यसैगरी दिइएका वाक्यहरूलाई कोष्ठमा दिएको निर्देशनअनुसार एकवचन, बहुवचन, प्रथमपुरुष, द्वितीय पुरुष, तृतीय पुरुषमा बदल्न लगाएको पाइयो । त्यसैगरी विद्यार्थीहरूलाई विभिन्न

किसिमका वाक्यहरू दिई ती वाक्यहरूको पछाडि कोष्ठमा दिएको निर्देशन अनुसार उच्च आदरार्थी, निम्न आदरार्थी, मध्यम आदरार्थी, करण र अकरणमा परिवर्तन गर्न लगाएको छ । त्यसैगरी यस पाठको व्याकरण खण्डको अन्त्यमा भूत कालको एउटा वाक्य दिई त्यस वाक्यलाई अन्य काल र पक्षमा परिवर्तन गरी तालिकामा देखाउन लगाएको छ ।

### ४.३.१३ जय भूँडी (सामाजिक निबन्ध) पाठ : तेह्र

पाठ्यक्रमले तोके अनुसार यस पाठको व्याकरण खण्डमा संयोजक, वाक्यहरू परिवर्तन र दीर्घ शब्द हुने वाक्यको बारेमा चर्चा परिचर्चा गरिएको छ । सर्वप्रथम विभिन्न किसिमका संयोजकहरू दिई (र, अनि, पनि, त्यसैले, नत्र, जो, जे जुन, जब, तब, कि, तापनि, किनकी, वा अथवा यहाँ, त्यहाँ, जहाँ) यी संयोजकहरूबाट एक एक वटा वाक्य बनाउन लगाएको छ । त्यसैगरी कोष्ठमा दिइएको सङ्केतका आधारमा विभिन्न किसिमका वाक्यहरूलाई सरल, संयुक्त, मिश्र वाक्यमा परिवर्तन गर्न लगाएको पाइयो जसमा जस्तै : औषधी तीतो छ तर हितकारी छ (संयुक्त वाक्य) र जुन औषधी तीतो छ त्यो हितकारी हुन्छ (मिश्र वाक्य हो) । त्यसैगरी सरल  वाक्यको प्रयोग गरी आफ्नो पढाइको बारेमा एउटा अनुच्छेद लेख्न लगाएको छ । संयुक्त र मिश्र वाक्यको प्रयोग गरी आफ्नो भावी योजनाको वर्णन गर्दै एउटा अनुच्छेद तयार गर्न लगाएको छ त्यसैगरी अन्त्यमा पाठको तेस्रो अनुच्छेद पढी सुरु, विच र अन्त्यमा दीर्घहुने शब्द विद्यार्थीहरूलाई टिप्न लगाएको छ ।

### ४.३.१४ म सडक बोल्दै छु (प्रकृति प्रधान कविता) पाठ : चौध

पाठ्यक्रमले सिफारिस गरे अनुसार पाठ चौध कविता विधाका लागि संश्लेषित वाक्यहरू र विश्लेषित वाक्यहरू, ह्रास्व ईकार र ह्रास्व ऊकार शब्दहरूको बारेमा यस पाठ्यपुस्तकमा समावेश गरिएको छ । यस पाठको व्याकरण खण्डमा सर्वप्रथम विश्लेषित वाक्यहरूलाई संश्लेषित वाक्य (सरल वाक्य, मिश्र वाक्य, संयुक्त वाक्य) मा परिवर्तन गर्न लगाएको छ । जस्तै : उसले मह काढ्छ उसले हात चाट्छ । वाक्यलाई संश्लेषित वाक्य गराउँदा सरल वाक्य (मह काढ्नेले हात चाट्छ) । मिश्रवाक्य (जसले मह काढ्छ उसले हात चाट्छ) र संयुक्त वाक्य (उसले मह काढ्छ र हात चाट्छ) हुन्छ भनी देखाइएको छ । त्यसैगरी दिएका वाक्यहरूलाई संश्लेषित वाक्यलाई विश्लेषित वाक्यमा र विश्लेषित वाक्यलाई विश्लेषित वाक्यमा परिवर्तन गर्नु भनी देखाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदलाई आठ भन्दा बढी सरल वाक्यमा पुनर्लेखन गर्न

लगाएको छ । त्यस्तै गरी एउटा अनुच्छेद दिई त्यस अनुच्छेदलाई बढीमा चार वाक्यमा संश्लेषण गर्न लगाएको छ । अन्त्यमा यस पाठबाट ह्रास्व ईकार र ह्रस्व ऊकार लागेका शब्दहरू खोजेर टिपोट गर्न लगाएको छ।

### ४.३.१५ टीका (संवाद रूपक) पाठ : पन्ध्र

पाठ्यक्रमले सिफारिस गरे अनुसार पाठ पन्ध्रमा कारक र विभक्तिलाई व्याकरणको अभ्यासमा समावेश गरेको छ । कारक अन्तर्गत कर्ता, कर्म, करण, सम्प्रदान अपादन र आधिकारण कारक पर्दछ । त्यसैगरी विभक्ति अन्तर्गत प्रथमा, द्वितीय, तृतीया, चतुर्थी, पञ्चमी, षष्टी र सप्तमी पर्दछन् । त्यसैगरी प्रत्येक कारक (कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकारण) का एक एक वटा वाक्यहरू बनाउन लगाइएको पाइयो र प्रत्येक विभक्ति (प्रथमा, द्वितीय, तृतीय, चतुर्थी, पञ्चमी, षष्टी र सप्तमी) का एक एक वटा वाक्यहरू बनाउन लगाएको छ, त्यसैगरी विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदमा रेखाङ्कन गरिएको शब्दहरूको करण छुट्याउन लगाइएको छ। त्यसैगरी विभिन्न कारक र विभक्तिको प्रयोग गरी दैनिक भ्रमण जाँदाको वर्णन गर्न लगाएको छ र त्यस अनुच्छेदमा प्रयोग गरिएका कारक र विभक्तिलाई रेखाङ्कन गर्न लगाइएको छ।

### ४.३.१६ माउजङ बाबुसोहबको कोट (सामाजिक कथा) पाठ : सोह्र

पाठ्यक्रमले पाठ सोह्रका लागि व्याकरण अभ्यासमा वाच्य र वर्णविन्यासलाई समावेश गरेको छ। सोही अनुरूप एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्न लगाएको छ । त्यसैगरी पाठको चौविसौं अनुच्छेदलाई पनि वाच्य परिवर्तन गरी पुनर्लेखन गर्न लगाएको देखिन्छ । त्यस्तै एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदलाई कर्तृवाच्यमा रूपान्तरण गर्न लगाइएको छ । त्यसैगरी विभिन्न किसिमका वाक्यहरू दिई ती वाक्यहरूको पछाडि कोष्ठमा दिएको निर्देशनका आधारमा वाच्य परिवर्तन गर्न लगाएको छ। त्यसैगरी वर्णविन्यासगत त्रुटिका रूपमा विद्यार्थीहरूलाई एउटा अनुच्छेद दिएर त्यस अनुच्छेदमा भएका वर्णविन्यासगत त्रुटिलाई सच्चाई पुनर्लेखन गर्न लगाएको छ।

अतः वाच्य र वर्णविन्यासको माध्यमबाट यस पाठमा भाषाशिक्षण गर्न लगाएको छ। वाच्य परिवर्तन एक जटिल कार्यकलाप भएको कारण यसको प्रयोग पक्ष कम मात्रमा यस पाठमा राखिएको छ। यसको अभ्यासलाई बढाएर राख्नु पर्ने देखिन्छ तथा पाठ्यक्रमले पनि केही निर्देशन नगरेकोले एउटा पाठमा मात्र यसको समावेश गरिएको पाइन्छ, जसका

माध्यमबाट भने बमोजिम भाषिक सिप विकास गर्न नसकेपनि वाक्य परिवर्तनको रूप वाच्य परिवर्तनबाट पनि सही ज्ञान प्राप्त गरी कर्तृ, कर्म र भावको अभिव्यक्ति दिनमा विद्यार्थीहरू सफल हुने देखिएको छ ।

## ४.४ भाषिक सिपका दृष्टिले व्याकरणात्मक अभ्यासको विश्लेषण

कक्षा दशको नेपाली पाठ्यपुस्तक कार्यमूलक व्याकरणको विधि अपनाई निर्माण गरिएको विद्यार्थीहरूका लागि एक अध्ययन गर्ने उपयोगी सामग्री हो । यसमा भाषाका सिपको दृष्टिकोणले पहिचान गर्न खोजिएको छ । भाषा सिकाइ मानव सभ्यताको प्रारम्भदेखि हुँदै आएको मानिएको छ तर औपचारिक रूपमा मानिसले भाषा सिक्दा त्यसका सिपहरूको विकास गरी स्पष्ट, स्तरीय, शुद्ध एवम् ग्राह्य भाषाको प्रयोग नै वाञ्छनीय मानिन्छ । भाषा सिद्धान्त नभई मानवीय व्यवहार हो त्यसलाई कसरी प्रयोग गर्ने भन्ने बारेमा भाषाका सिपको विकास नगरी बालकले सिधै भाषाको प्रयोग गर्न सक्ने सम्भावना देखिँदैन । सोहीअनुरूप कक्षा दशको भाषा पाठ्यपुस्तकमा भाषिक सिपका विभिन्न पक्षहरूको अध्ययन गरी त्यसका वास्तविकताको पहिचान गर्नु यस शोधको मुख्य उद्देश्य रहेको छ ।

व्याकरण भनेको भाषामा अन्तर्निहित आन्तरिक संरचना हो यसलाई अलग राखेर सिक्नु व्यर्थ हुने भएकाले भाषासँगै एक अर्कासँग अन्तर्निहित गराएर शिक्षण गर्नु उपयुक्त हुने भएका भाषासँगै एकीकृत गरेर व्याकरण शिक्षण गरी विद्यार्थीहरूमा व्याकरण र भाषिक सिप सँगसँगै गरी शिक्षण गर्नु उपयुक्त मानिन्छ । भाषिक सिप भनेको सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । यिनै सिपको विकासको लागि भाषा र व्याकरणको मिश्रण गरी भाषा पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । भाषा शिक्षण भनेको भाषाको सिकाइ नभई भाषिक सिपको शिक्षण हो । आधारभूत तहदेखि माध्यमिक तहसम्म मात्र नभई हाल स्नातक प्रथम वर्षसम्म पनि कार्यमूलक र व्याकरणको अवधारणालाई अपनाएर कार्यमूलक व्याकरणको प्रयोग गरिएको छ । यसैगरी कक्षा दशको नेपाली पाठ्यपुस्तक पनि यसैसँग मेल खाने भएकाले भाषिक सिपका दृष्टिले कार्यमूलक व्याकरणको अध्ययन निम्नलिखित रूपमा गरिएको छ ।

### सुनाइ सिप

भाषाका चारवटा सिपहरूमध्ये सुनाइ पहिलो सिप हो, जसलाई आधार सिपका रूपमा पनि चिह्न सकिन्छ । यो बोध वा बभ्नु सिपसँग सम्बन्धित छ । भाषा सिकाइका

क्रममा वक्ताले बोलेका कुरा सुनेर ग्रहण गर्ने क्षमता कानले राख्दछ र त्यसपछि मात्र स्रोताले उत्तर दिने कार्य गर्दछ यदि सुनिएन भने भाषा सिकाइ हुन सक्दैन । भाषा सिकाइ त्यतिबेला मात्र अर्थपूर्ण हुन जान्छ वक्ताले के बोल्दैछ ? के बोलेको छ ? त्यसको अभिव्यक्ति पश्चात् स्रोताले ठिकसँग सुनेर उत्तर दिएमा सुनाइ भएको मान्न सकिन्छ । वक्ता कुरा सुन्ने र सुनिसकेपछि मात्र अर्थपूर्ण जवाफ दिनुलाई नै सुनाइ भनिन्छ । त्यस्तै भाषा सिकाइका क्रममा पनि सुनाइ हुनु एक अनिवार्य पक्ष मानिएको छ ।

कक्षा दशको नेपाली पाठ्यक्रमले सुनाइ सिपलाई व्याकरण अभ्यासमा भने यसलाई निर्देशन गरेको देखिँदैन तर द्रष्टव्यमा पाठका आधारमा प्रत्येक पाठमा अनिवार्य रूपले सुनाइ सिप गराउनुपर्ने अनिवार्य निर्देश गरेकाले यसको अध्ययन गर्नु जरुरी देखिन्छ । यस नेपाली पाठ्यपुस्तकमा जम्मा १६ वटा पाठ सङ्ख्या रहेका छनु प्रत्येक पाठहरूमा सुनाइ सिपहरूको समावेश गराइ तिनीहरूको अभ्यास पनि गर्न लगाइएको छ । पाठका आधारमा, कथा, कविता, जीवनी, निबन्ध, चिठी, रूपक जस्ता विधाहरूको माध्यमबाट नै सुनाइ सिप सिकाउन खोजिएको छ, पाठका आधारमा अनुच्छेद सुन्न लगाउने, सुनेर ठिक बेठिक छुट्याउन लगाउने श्रुति लेखन गर्ने, सुनेर खाली ठाउँ भर्ने, सुनेर अरूलाई सुनाउने तथा अरूले भनेको सुनेर सही उत्तर दिने, सुनेर प्रश्नको उत्तरदिने, कसले कसलाई भनेको हो, सुनेर अरूलाई भन्ने जस्ता क्रियाकलाप गराएर श्रवण क्षमताको विकास गराउने हिसाबले प्रत्येक पाठमा उपर्युक्त क्रियाकलापमा संलग्न गराइएको छ । यसबाट श्रवण क्षमतामा विकास गराई भाषिक सिप विकास गराउन खोजिएको छ, सुनाइ सिप अन्तर्गत कार्यमूलक व्याकरणको अभ्यासबाट निम्नलिखित उपलब्धि हासिल गर्न सक्ने देखिन्छ ।

क) अरूले बोलेका कुराहरूलाई ध्यान दिएर सुन्न

ख) उच्चारण गरिएका वर्णहरू ध्यानपूर्वक सुन्न

ग) साहित्यमा विभिन्न विधाहरू आनन्दपूर्वक सुन्न

घ) रेडियो टेलिभिजन तथा सञ्चार माध्यमका सूचनाहरू स्पष्टसँग सुन्नु

ङ) अरूले व्यक्त गरेका विचार वाणीहरू जागरुक भएर सुन्नु

च) कुराकानी, वादविवाद, संवाद, प्रश्नोत्तर, छलफल प्रवचन कथा, कविता, जीवनी, निबन्ध तथा मनोरञ्जनका गीतहरू ध्यानपूर्वक सुन्नु

छ)	अरूले सुनाएका यात्रा, भ्रमण, उखान टुक्का गाउँ खाने कथा खुसी भएर सुन्नु

ज)	दुःख पीडा संवेदना दुर्घटना जस्ता विषयमा मौन भएर सुन्नु ।

**बोलाइ सिप**

पाठ्यक्रमले बोलाइ सिपलाई व्याकरणको अभ्यासभित्र छुट्याएर नराखे पनि द्रष्टव्यका बोलाइ सिपलाई प्रत्येक पाठमा अनिवार्य रूपले राख्ने बारेमा तोकेको देखिन्छ । सुनाइ सिप पछि बोलाइ सिप पनि अनिवार्य सिप हो यसलाई भाषा सिकाइका दोस्रो अनिवार्य सिप भनिन्छ । यो सिप अभिव्यक्त गर्ने वा प्रदानात्मक सिप हो । आफूले देखेका सुनेका, अनुभव गरेका , पढेका कुराहरूलाई ध्वनिको माध्यमबाट स्रोतासम्म पुग्ने गरी सरल, स्पष्ट, प्रभावकारी र धारा प्रवाहका साथ मनका भाषिक व्यवहारलाई व्यक्त गर्ने प्रक्रियालाई बोलाइ सिप भनिन्छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकको सुरुको खण्डमा नै सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई राखिएको  छ । सुनाइ सिपपछि बोलाइ सिपलाई समावेश गरिएको छ । विद्यार्थीहरूका भाषिक सिपलाई पूर्णतः दिनका लागि प्रयोगपरक ढङ्गले अभ्यास गराइएको छ । प्रत्येक पाठमा भएका अप्ठ्यारा शब्दहरूलाई उच्चारण गर्न लगाउने जस्तै : मट्याङ्ग्रो, प्राङ्गण, उच्चारण, गाइँगुइँ, कालखण्ड, पाठका आधारमा सोधिएका प्रश्नहरूको उत्तर दिने, शब्दहरूलाई वाक्यमा प्रयोग गरी सुनाउने, अनुच्छेदलाई पढेर साथीहरूको बिचमा छलफल गर्ने, घटनाहरूको क्रम मिलाएर बोल्ने, खाली ठाउँ भर्ने, जोडा मिलाउने जस्ता क्रियाकलापसँग आबद्ध गराएर बोलाइ सिपको विकास गराउन खोजिएको छ । बोलाइ सिपबाट विद्यार्थीहरूले प्राप्त गर्न सक्ने सिकाइ उपलब्धिहरूलाई बुँदागत रूपमा यसरी प्रस्ट्याउन सकिन्छ ।

क)	पाठमा भएका अप्ठ्यारा शब्दहरूलाई शुद्ध र स्पष्ट उच्चारण गर्न तथा अक्षर संरचना गर्न र तिनका स्वरूप बनाउन

ख)	पाठ, अनुच्छेद वा प्रश्नहरू पढेर त्यसको सही जवाफ दिन

ग)	सोधिएका प्रश्नहरूको सरल ढङ्गले उत्तर दिन

घ)	पढिसकेपछि  पाठको सारांश बताउन

ङ)  सामान्य रूपमा एक अर्कासँग कुराकानी गर्न

च)  सोधिएका प्रश्नहरूको मौखिक जवाफ दिन

छ)  आफ्ना विचारहरूलाई धारा प्रवाहका साथ व्यक्त गर्न

ज)  अरूका कुरालाई ध्यानपूर्वक सुनेर जस्ताको तस्तै पुनः प्रस्तुत गर्न

झ)  वक्तृत्व, भाषण, वादविवाद र नाटकका माध्यमबाट अभिनय हाउभाउ मिलाएर बोल्न र

ञ)  आफूले देखेका दृश्य, घटनाका बारेमा जस्ताको तस्तै भन्न ।

उपर्युक्त खालका बोलाइका भाषिक सिपहरूको विकास गरी भाषा सिकाइमा टेवा पुऱ्याउन सकिन्छ । स्पष्ट वक्ताको निर्माण गर्ने धारा प्रवाहका साथ बोल्ने विचार व्यक्त गर्ने, अरूले बोलेका कुरालाई हुबहु पुनः प्रयोग गर्न सक्ने र बोलीमा दखल राख्न सक्ने क्षमतामा विकास गराउनका लागि भाषा सिकाइमा अनिवार्य ठानिएकाले यसको माध्यमबाट भाषाको दोस्रो सिपको विकास गराउनु यसको उद्देश्य रहेकाले पाठ्यपुस्तकमा भाषासँगै अन्तर्निहित गराई बोलाइ सिपको विकास गराउन प्रत्येक पाठमा समावेश गरिएको छ । खास गरी बोलाइ सिपलाई स्पष्ट शुद्धसँग तथा धारा प्रवाहका साथ बोल्न सक्ने बानीको विकास गराउनु यसको उद्देश्य रहेको छ ।

**पढाइ सिप**

पढाइ सिपलाई पनि पाठ्यक्रमले दर्शाए अनुसार एक पाठदेखि सोह्र पाठसम्म यसलाई समावेश गरिएको छ । पढाइ एक अर्को भाषिक सिप विकासको पक्ष हो । सुनाइ र बोलाइ क्रियाकलाप निरक्षर व्यक्तिहरूका लागि भाषिक व्यवहार गर्न गराउन पनि सकिन्छ तर पढाइ पक्ष भने साक्षर व्यक्तिका लागि मात्र सम्भव हुने भएकाले भाषा सिकाइको तेस्रो एवम् महत्त्वपूर्ण पक्ष पढाइलाई लिन सकिन्छ । लिपिबद्ध रूपमा उतारिएका ज्ञान, विज्ञान, एवम् सूचनाहरूलाई मस्तिष्कले ग्रहण गरी अर्थ बोध गर्ने भाषिक सिप पढाइलाई भनिन्छ । यो बोध पक्षसँग सम्बन्धित छ अर्थात् आदानात्मक पक्ष हो । यो पढाइ सिप गर्नका लागि आँखाको सहायताबाट हेर्ने र मस्तिष्कले यसलाई ग्रहण गर्ने हुनाले शारीरिक अङ्गहरूको भूमिका पनि उत्तिकै प्रबल रहेको देखिन्छ ।  पढाइ सिपको विकास पढेर वा घोकेर मात्र हुन सक्ने भएकाले यसलाई दुई तरिकाले पढ्न सकिन्छ जस्तै सस्वर पठन र मौन पठन । सस्वर

पठन आवाज निकालेर पढिन्छ भने मौन पाठन मुखले नबोली मनमनै आँखको इसारामा पढ्ने कार्य गरिन्छ । बोलाइमा जिब्रोको सहायता लिए जस्तै यसमा पनि जिब्रोको सक्रिय भूमिका रहन्छ । सस्वर पठन र मौन पठन तल्ला कक्षा देखि माथिल्ला कक्षासम्म पनि गर्ने गरिन्छ तर माथिल्ला तहका विद्यार्थीहरूका लागि मौन पठन नै बढी उपयोगी र उपयुक्त हुने हुँदा मौन पठन नै प्रयोग गरिन्छ तर आवश्यकता अनुसार दुबै तरिकाले पढाइ गराउन सकिन्छ ।

आधारभूत तहदेखि कक्षा दशको नेपाली पाठ्यपुस्तकमा कार्यमूलक ढङ्गले यसलाई अनिवार्य समावेश गराइएको छ । कार्यमूलक भन्नाले व्यवहारपरक सिप सिकाइ हो यसलाई यस तहमा पनि कार्यमूलक बनाइएकाले प्रत्येक पाठमा समेटिएको छ । सस्वर पठन, मौन, वाचन, गति, यति, लय मिलाएर वाचन, तोकिएको समयका आधारमा द्रत वाचन, अनुच्छेदलाई स्पष्टसँग वाचन गर्ने, क्रम मिलाएर पढ्ने र सम्बन्धित पाठका आधारमा सोही क्रियाकलाप गर्न लगाएर भाषिक सिप गर्न लगाएको छ । यसको अभ्यास पश्चात् विद्यार्थीहरूले प्राप्त गर्न सक्ने सिकाइका सिपहरूलाई तलका बुँदाहरूबाट पनि स्पष्ट पार्न सकिन्छ :

क) तोकिएका अध्ययनका सामग्रीहरूलाई सरल ढङ्गले पढाइ गर्न

ख) पाठमा भएका शब्दहरूको अर्थ बुझेर पढ्न

ग) पाठहरूको प्रकृतिअनुसार भाव व्यक्त गरेर पढ्न

घ) पाठभित्रका मुख्यमुख्य कुराहरू हेक्का राखी पढ्न

ङ) कथा कविता, निबन्ध, संवाद जस्ता विभिन्न विधाहरूलाई गति, यति, लय मिलाएर पढ्न

च) आवश्यकता अनुसार सस्वर पठन गर्न

छ) विभिन्न खालका लेख्य सामग्रीहरूलाई मौन पठन गर्न

ज) प्रतिक्रिया दिन सक्ने गरी बुझेर पढ्न

झ) मुद्रण गरिएका सामग्रीहरू रुचिपूर्ण तरिकाले पढ्न

ञ) पाठहरू पढेर शब्दभण्डार बढाउन पढ्नु र

ट) शुद्ध स्पष्ट पढ्न तथा बिग्रेका ठाउँमा सच्चाएर पढ्ने खालको भाषिक सिप प्राप्त गर्न सकिने हुनाले पढाइ सिप एक अपरिहार्य बन्न गएको देखिन्छ ।

पढाइ सिप विकासका लागि लिखित सामग्रीहरूको प्रयोग गरी तिनी सामग्रीहरूलाई गति, यति, लय, शुद्ध एवम् स्पष्टसँग उच्चारण गर्न सक्ने भाषिक क्षमताको विकास गर्न तथा सस्वर पठन र मौन पठन गरी त्यसमा भाव बुझी ग्रहण गर्न सक्ने क्षमताको विकास गर्न उपयोगी देखिएको छ ।

**लेखाइ सिप**

माध्यमिक तहमा भाषा सिकाइको लेखाइ सिपलाई पनि पाठ्यक्रमले सिफारिस गरेको देखिन्छ । भाषाका चारवटा सिपमध्ये अन्तिम सिप लेखाइ सिप हो । यो सिप पनि अनिवार्य एवम् महत्त्वपूर्ण सिप मानिएको छ । सुनाइ, बोलाइ, पढाइ र लेखन गर्न जानिसकेपछि मात्र यस सिपको प्रयोग गर्ने गरिन्छ । यो सिप प्रदानात्मक सिप हो । आफूले सुनेका बोलेका देखेका जानेका कुराहरूलाई लिपिका माध्यमबाट व्यक्त गर्ने वा प्रदान गर्ने भाषिक सिप हो । भाषालाई बचाएर राख्ने वा जीवित दस्ताबेजका रूपमा राख्न सक्ने एक मात्र आधारभूत एवम् महत्त्वपूर्ण सिपका रूपमा यसलाई लिन सकिन्छ ।

कक्षा दशका नेपाली पाठ्यपुस्तकमा सुरुदेखि अन्तिम पाठसम्म लेखाइ सिपलाई समावेश गराइएको पाइन्छ । व्याकरण अभ्यास अन्तर्गत नराखिए पनि पाठका सुरुमा सुनाइ, बोलाइ, पढाइ पछि लेखाइ सिपलाई राखिएको छ । प्रश्नहरूको उत्तर लेख्ने, प्रसङ्ग व्याख्या लेख्ने, सार लेख्ने, अनुच्छेद लेख्ने, सङ्क्षिप्त र विस्तृतमा लेख्न, अनुलेखन, वर्ण विन्यास चिह्न, भाव लेखन जस्ता पाठका आधारमा विभिन्न खालका लेखाइ सिपहरूमा सहभागी गराई विद्यार्थीहरूका भाषिक सिप विकास गराउन खोजिएको छ । लेखाइ सिप अन्तर्गत यसको कार्यमूलक व्याकरणको खण्डबाट प्राप्त गर्न सकिने उपलब्धिलाई निम्नानुसार बुँदाहरू प्रस्ट पारिएको छ :

क) वर्ण विन्यास मिलाएर शुद्धसँग लेख्न

ख) विभिन्न खालका लेख्य चिह्नको प्रयोग गरी लेख्न

ग) कविता, निबन्ध, कथा, संवाद, वक्तृता जस्ता विभिन्न विषयमा सिर्जना गरी लेख्न

घ) सुनेका, बोलेका, पढेका कुरालाई शुद्धसँग लेख्न

ङ) सिलसिला मिलाएर लेख्न

च) सोधिएका प्रश्नहरूको उत्तर लेख्न

छ) वस्तु, घटना, चित्र, यात्रा वर्णन, दैनिकी, चिठी, निवेदन लेखन गर्दा

ज) मुख्यमुख्य बुँदा टिपी सङ्क्षेपीकरण र विस्तृतीकरण गरी लेख्न

झ) अनुकरण, श्रुति लेखन, समीक्षा लेखन र स्वतन्त्र लेखन गर्न

ञ) भाव विस्तार रस सप्रसङ्ग विस्तार तथा सङ्गति मिलाएर लेख्न र

ट) व्यक्तिगत जीवनका घटनाको विवरण तथा स्वतन्त्र ढङ्गले आफूले चाहेको विषयवस्तुका बारेमा लेख्न सक्ने क्षमताको विकास लेखाइ सिपले गर्ने भएकाले यसको प्रयोग पक्षलाई बढी नै उपयोगी मानिएको छ ।

यस कार्यमूलक व्याकरणले भाषाका चारवटा सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई अवलम्बन गरी विद्यार्थीहरूलाई भाषिक दृष्टिकोण सामर्थ्यवान्, क्षमतावान् तथा भाषाको उच्चस्तरीय मानक रूपको प्रयोग गर्न सक्ने जनशक्तिको उत्पादन गर्ने भाषिक नीति लिएको देखिन्छ । भाषाका चार वटा सिपका माध्यबाट ग्रहण गर्ने र अभिव्यक्ति दिन सक्ने आफ्ना जीवनमा आइपरेका भाषिक समस्याहरूलाई समाधान गर्न सक्ने खालका भाषिक व्यवहार सिकाउनु यस कार्यमूलक व्याकरण अभ्यासको प्रयास रहेको देखिन्छ ।

## ४.५ निष्कर्ष

भाषिक सिपका दृष्टिकोण भाषाका चार वटा सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई कक्षा दशको नेपाली पाठ्यपुस्तकले अनिवार्य रूपले समेट्नुपर्ने निर्देशन गरेअनुरूप नै यस पुस्तकमा समावेश गरिएको देखिन्छ । विभिन्न विधाहरू ध्यानपूर्वक सुन्ने, सञ्चारका माध्यबाट सूचना तथा समाचार स्पष्ट सुन्ने, अरूले बोलेका कुरा ध्यानपूर्वक सुन्ने जस्ता कार्यबाट श्रवण क्षमताको विकास गराउने, बोलाइ सिपबाट स्पष्ट उच्चारण गर्ने, अक्षर संरचना गर्ने, धारा प्रवाहका साथ बोल्ने, वक्तव्य दिने, भाषण गर्ने जस्ता सिपको विकास गर्ने, पढाइ सिपबाट मौन पठन, द्रुत पठन, सस्वर पठन, गति, यति , लय पठन, पाठको प्रकृतिअनुसार भाव व्यक्त गरेर पठन गर्न सक्ने क्षमताको विकास गर्ने लेखाइ

सिपबाट शुद्धसँग लेख्ने, लेख्य चिह्नको सही प्रयोग गर्ने, सिलसिलाबद्ध, घटनाक्रम, प्रकृति वर्णन, स्वतन्त्र वर्णन, बुँदा टिपोट, सङ्क्षेपीकरण, विश्लेषण तर्क, भाव, सप्रसङ्ग जस्ता विभिन्न विधाका आधारमा उपयुक्त ढङ्गले लेखन कार्यमा क्षमतावान बनाई विद्यार्थीहरूको भाषिक सिपमा विकास गराउने लक्ष्य लिइएको पाइन्छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

प्रस्तुत अध्ययन कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको प्रयोगमा केन्द्रित छ, यस अध्ययनलाई पाँच वटा अभ्यायमा अध्ययन गरी उपयुक्त ढाँचामा सङ्गठित गरिएको छ । उक्त अध्ययनको सार वस्तुलाई यहाँ सारांशको रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधको अध्याय एकमा शोध परिचय, समस्याकथन, शोधको उद्देश्यमा तथा शोधको सीमाङ्कन र शोध अध्ययनको रूपरेखाका बारेमा चर्चा गरिएको छ । त्यस्तै शोध समस्या कथनमा उक्त गर्न लागिएको शोधकार्य के कति रूपमा उपयुक्त छन् भनेर अध्ययन गरिएको छ । अध्ययनको उद्देश्यहरूलाई पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा र भाषिक सिप पहिचानका आधारमा केन्द्रित भई व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधको अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन तथा व्याकरणको सैद्धान्तिक आवधारणा/रूपरेखा अन्तर्गत सम्बन्धित साहित्यको पुनरावलोकन, सम्बद्ध पुस्तक समीक्षा र सम्बद्ध शोधपत्रको समीक्षा सम्बद्ध शोधकार्यको उपयोग सैद्धान्तिक अवधारणा/रूपरेखा, व्याकरणको सैद्धान्तिक परिचय, व्याकरण शिक्षणको प्रयोग, व्याकरण र भाषा प्रयोग, व्याकरण शिक्षणका समस्याहरू (पुरानो मानक प्रति झुकाव, शैक्षणिक व्यारकणको अभाव, अुनकृत ढाँचाको प्रयोग तथा वर्णनात्मक व्याकरणका अभाव, दृष्टिकोण तथा सुझको कमी र अन्य समस्याहरू), व्याकरण शिक्षणका विधिहरू (निगमनात्मक विधि, आगमनात्मक विधि, भाषासंसर्ग वा प्रत्यक्ष भाषा विधि, भाषा पाठ्यपुस्तक विधि र कार्यमूलक विधि), व्याकरण शिक्षणका प्रक्रिया र पद्धति, व्याकरण शिक्षणको औचित्य र व्याकरण भाषा पाठ्यपुस्तकको सम्बन्धको बारेमा चर्चा गरी यस अध्यायलाई अन्तिम रूप दिएको छ ।

अध्याय तिनमा अध्ययनको विधि र प्रक्रिया अन्तर्गत अध्ययनको ढाँचा, जनसङ्ख्या नमुना छनोट प्रक्रिया तथ्याङ्क सङ्कलन सामग्री (प्राथमिक सामग्री र द्वितीयक सामग्री) तथ्याङ्क सङ्कलन, अध्ययन विधि र विश्लेषण प्रक्रियाको बारेमा चर्चा गरिएको छ ।

अनुसन्धानको ढाँचामा अनुसन्धान कसरी गर्ने भनेर निश्चित खाका निर्माण गरिएको छ भने कक्षा दशको नेपाली पाठ्यपुस्तक अन्तर्गत व्याकरण अभ्यासलाई अध्ययनको क्षेत्र बनाइएको छ । तथ्याङ्क सङ्कलनमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरेर अध्याय तिनलाई अन्तिम रूप दिएको छ । अध्याय चारमा व्याख्या विश्लेषण खण्डमा प्रस्तुत शोधमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा समविष्ट व्याकरण अभ्यासलाई पाठ्यक्रम अनुरूपताका आधारमा काल र पक्ष, शब्दवर्ग, सङ्गति, वाक्य संश्लेषण र वाक्य विश्लेषण, वाक्यका प्रकार र वाक्य परिवर्तन, कारक र विभक्ति, भाव र अर्थ, वाच्य, लेख्य चिह्न, वर्णविन्यास र शब्द निर्माणलाई अध्ययन गरी व्याख्या विश्लेषण गरिएको छ भने पाठगत आधारमा पाठ एकदेखि पाठ सोह्रसम्म प्रत्येक पाठमा समावेश गरिएका व्याकरण अभ्यासहरूमा पाठ्यक्रमका आधारमा कसरी समावेश गरिएको छ तथा पाठगत आधारमा व्याकरण अभ्यासहरूको समावेश गरी विद्यार्थीहरूमा पाठ्यक्रम र पाठगत आधारमा कस्ता खालका सिकाइ उपलब्धि प्राप्त गर्नमा कत्तिको सहयोगी भूमिका खेलेका छन् भन्ने विषयमा विश्लेषण गरी अध्याय चारमा चर्चा गरी यसलाई अन्तिम रूप दिएको छ । अनुच्छेदमा भाषिक सिपका आधारमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सम्बन्धी अध्ययन गरी यसको पहिचान र यसबाट प्राप्त गरेको ज्ञानको विद्यार्थीहरूमा के-कस्ता खालका भाषिक सिप हासिल गर्नमा सहयोग गरेको छ, त्यसको व्याख्या विश्लेषण गरी अध्याय चारलाई अन्तिम रूप दिइएको छ ।

अत : कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक अभ्यासको अध्ययन विश्लेषणबाट विद्यार्थीहरूमा शुद्ध, स्तरिय मानक भाषाको प्रयोग गर्न अभिप्रेरित गर्नुका साथै गरेर सिक्ने बानीको विकास गर्नमा सहयोग पुऱ्याएको देखिन्छ । यस पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणका अभ्यासहरू पाठ्यपुस्तकमा कार्यमूलक ढङ्ग र ढाँचामा समावेश गरी भाषा र व्याकरणलाई एकीकृत गरी बढी भन्दा बढी भाषिक सिपमा अभ्यस्त बनाई भाषिक दृष्टिकोणले दक्ष एवम् सामर्थ्यवान् बनाउन खोजिएको देखिन्छ ।

## ५.२ निष्कर्ष

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सोनाठिमी भक्तपुरद्वारा निर्धारित माध्यमिक तह शिक्षा पाठ्यक्रम कक्षा दश अन्तर्गतका नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक अभ्यासलाई पाठ्यक्रम अनुरूपता र पाठगत आधारमा र भाषिक

सिप विकासको पक्षहरूको पहिचान विश्लेषण दृष्टिले अध्ययन गर्दा माथि प्रस्तुत गरिएको व्याख्या, वर्णन र विशेषणका आधारमा यस अध्ययनबाट निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

क) व्याकरण शिक्षणको परम्परावादी मान्यतालाई त्यागेर आधुनिक ढाँचामा तयार पारिएका विभिन्न विधि, पद्धति र प्रक्रियाबाट व्याकरणको शिक्षण गरी आगमनात्मक विधि प्रयोग गरी भाषा र व्याकरणलाई सँगसँगै एकीकृत ढाँचामा कार्यमूलक तरिकाले शिक्षण गरी गरेर सिक्ने बानीको विकास गर्ने प्रयास गरिएको देखिन्छ ।

ख) व्याकरणका अभ्यासहरूलाई परिचय, वर्गीकरण, प्रयोग र पहिचानका आधारमा व्याकरणका अभ्यासहरू समावेश गरी चार वटा प्रश्न ढाँचामा विभिन्न क्रियाकलापबाट भाषिक सिप प्रदान गर्ने लक्ष्य राखिएको छ ।

ग) व्याकरण कोटिहरूलाई चक्रिय प्रणालीद्वारा पुनरावृत्ति गराई सुत्र पद्धतिलाई त्यागी व्यवहारवादी पद्धतिको अनुसरण गरिएको छ ।

घ) व्याकरणका अभ्यासमा वस्तुगत प्रश्नहरूको प्रयोग गरिएकाले प्रश्नहरूको नयाँ ढाँचालाई आत्मसात् गरिएको देखिन्छ ।

ङ) भाषाभित्र व्याकरण सम्मिलित गरिएकोले भाषाको व्याकरण सिकाइमा सहज हुने गरी व्याकरण अभ्यासलाई समेटेको छ ।

च) कारक र विभक्तिको नियमलाई पनि समावेश गरी संयुक्त अभ्यास गराउने प्रयास गरिएको पाइन्छ ।

छ) विद्यार्थीहरूको स्तर, रुचि, क्षमता, उमेर तथा शब्द भण्डारका आधारमा यस पाठ्यपुस्तकमा व्याकरणलाई स्तरीय बनाउने चेष्टा गरिएको छ ।

ज) आधुनिक पद्धतिको प्रयोगले नियमलाई पाखा लगाएको र आवश्यकताअनुसार यसको मिश्रण पनि गर्नु पर्ने जरुरी रहेको पाइन्छ ।

झ) पाठ्यक्रमले तोके अनुसार विधाका आधारमा व्याकरण समेटिएकाले, कथा, कविता, निबन्ध, रूपक, चिठी जस्ता विधाहरूबाट व्याकरण कोटिको उपयुक्त ज्ञान हासिलमा जोड दिन खोजिएको छ ।

ञ)	सरल कारक र तिर्थक कारकलाई कार्यमूलक बनाउन सकिएको देखिदैन ।

ट)	पाठ्यक्रममा रहेको विभक्ति नियमलाई यस पाठमा समावेश नगरिएकाले विभक्तिको नियमबिना अर्थहीन सिकाइ हुने भएकाले आवश्यकताअनुसार सिद्धान्तलाई पनि स्थान दिन आवश्यक छ ।

ठ)	भाषिक सिप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गराउने गरी उपयुक्त सिपको आधारमा कार्यमूलक व्याकरणमा ध्यान पुऱ्याइएको र लेखाइ सिपलाई सबै भन्दा बढी जोड दिएकाले समानान्तर रूपले अभ्यास वितारण गर्नु उपयुक्त हुने देखिन्छ ।

ड)	उच्चारण, अक्षर संरचना, लेख्य चिह्न र वर्णविन्यासले भाषामा स्थिरता कायम गर्ने हुनाले उच्चारण र लेख्य चिह्नको प्रयोगात्मक ज्ञान सिक्नलाई टेवा पुग्ने र वर्णविन्यासको नयाँ नियम वि.सं. २०७३/७/६ गते खारेज भएकाले हालका लागि वर्णविन्यासलाई अशुद्ध नमानिए तापनि यसले केही समयसम्म शुद्ध लेखनमा प्रभाव पार्ने देखिएको छ ।

ढ)	समस्त शब्दको परिचय मात्र दिएको छ भने समासलाई दुवै पक्षबाट भित्र्याउने प्रयत्न नगरिएको देखिन्छ ।

ण)	शब्द निर्माणबाट विभिन्न खालका शब्दभण्डारका ज्ञान सजिलै प्राप्त गर्न सकिने भए पनि समास प्रक्रियालाई नसमेटिएकोले पाठ्यक्रमले निर्देशन नगर्नुले केही रिक्तताको महसुस गराएको देखिन्छ ।

त)	भाषा पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरण अभ्यासबाट भाषिक सिपको विकासमा टेवा पुगी शुद्ध, स्तरीय, मानक एवम् सर्वस्वीकार्य रूपको प्रयोग गरी विद्यार्थीहरूले भाषामा निपूर्णता हासिल गर्न सक्ने देखिन्छ ।

थ)	आफ्ना व्यक्तिगत विचारहरूलाई सङ्गठित गरी अभिव्यक्ति दिन सक्ने व्यावहारिक पक्षलाई आत्मसात् गरेकाले यसको अध्ययनबाट पुष्टि भएको देखिन्छ ।

द)	क्रियापदको सामान्य पहिचान बाहेक सकर्मक अकर्मक, द्विकर्मक र पूरकापेक्षी आदिलाई पाठ्यक्रमले ध्यान नदिएको देखिन्छ ।

ध) भाषाका चारवटै सिपहरूलाई विकास गराउन कार्यमूलक ढङ्गले २९५ वटा प्रश्नहरू सामेल गराई अभ्यासात्मक कार्य गराउन खोजिनु यसको सकरात्मक पक्ष मान्न सकिन्छ ।

न) समग्ररूपमा व्याकरण अभ्यासको अध्ययन गर्दा ३९२ वटा प्रश्नहरूमा अभ्यास गराउन खोजिएको छ तापनि तिनीहरूको वितरणमा सन्तुलन कायम गराउन गरिएको भने देखिएको छैन ।

प) भाव वा अर्थमा प्रेरणार्थक भावलाई पाठ्यक्रमले समेट्न नसक्नु तथा सङ्केतार्थ भावलाई अभ्यासमा कार्यमूलक रूपमा समेटिएको देखिन्छ भने वाच्यलाई पाठ १६ का लागि मात्र सिफारिस गरिनुले केही रिक्तताको अभाष देखिएको छ ।

फ) पाठ्यपुस्तकमा समावेश गरिएका सम्पूर्ण प्रश्नहरूको परिचय, वर्गीकरण, प्रयोग र पहिचानका आधारमा व्यावहारिक पक्षको अध्ययन गरिएकोले यो शोधकार्य नवीन प्रकृतिको देखिएको छ ।

ब) यस अध्ययनमा भाषिक सिपका आधारमा व्यावहारिक पक्षको अध्ययन गरिएको छ ।

## ५.३ उपयोगिता

प्रस्तुत अध्ययनको उपयोगिता विभिन्न क्षेत्र, संस्थाहरू तथा विभिन्न व्यक्तिका लागि उपयोग गर्न सक्ने भएकाले यस अध्ययनबाट प्राप्त हुने उपलब्धिलाई निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

(क) पाठ्यक्रम निर्माताहरूलाई पाठ्यक्रम निर्माण गर्दा भएका त्रुटि, कमजोरीहरूलाई सुधार गरी परिमार्जन गर्न र यसका त्रुटि निराकरण गर्नमा यसको उपयोग गर्न सकिनेछ ।

(ख) भाषापाठ्यपुस्तक निर्माताहरूले पाठ्यपुस्तक निर्माण गर्दा कमजोरी भएका पक्ष सकारात्मक रूपमा लिई यसको पुनर्लेखन तथा परिमार्जनमा केही हदसम्म उपयोग गर्न सकिनेछ ।

(ग) विद्यार्थी वर्गहरूले यसको अध्ययन गरी के कस्ता खालका कमजोरीहरू छन् भन्ने कुराको ज्ञान हासिल गरी व्याकरणका विषयवस्तु अभ्यासका ढाँचा तथा छुटेका विषयवस्तुको हेक्का राखी पाठ्यपुस्तकबाट प्राप्त हुन नसकेका ज्ञानलाई यसको उपयोगद्वारा प्राप्त गर्न सकिनेछ ।

(घ) विद्यालय तहमा नेपाली भाषा पाठ्यपुस्तक शिक्षण गर्ने शिक्षणले पाठ्यक्रम निर्माता र पाठ्यपुस्तक निर्माताबाट भएका त्रुटिहरू सच्याई शिक्षक स्वयम्ले पनि सुधार गरेर शिषण गर्न तथा विद्यार्थीहरूका मनोविज्ञान बुझेर शिक्षण गर्न विद्यार्थी मैत्री वातावरणमा शिक्षण गर्न यसको उपयोग गर्न सकिने छ ।

(ङ) प्राज्ञिक क्षेत्रका भावी अनुसन्धानकर्ताहरूलाई अध्ययन गरेका कुन कुन विषयमा र पक्षमा यसको अध्ययन गरिएको छ र अध्ययन गरिएका विषयवस्तुहरूमा केके त्रुटिहरू रहेका छन् साथै अनुसन्धान गर्न बाँकी रहेका विषयवस्तुको अध्ययन गरी आफूले गरिने अध्ययनको विषयवस्तु रोज्न सहजता हुने भएकाले यसको उपयोग गर्न सकिने छ ।

(च) शिक्षक केन्द्रित विधिलाई त्यागी समय  सान्दर्भिक विद्यार्थी केन्द्रित, विद्यार्थी मैत्री, प्रयोग पक्षलाई बढी जोड दिने पाठ्यपुस्तक निर्माण गर्दा प्राप्त भएको उपलब्धिको लेखाजोखाका लागि यसको उपयोग गर्न सकिन्छ ।

(छ) सैद्धान्तिक पक्षका साथै प्रयोग पक्षलाई जोड दिन शिक्षक, विद्यार्थी, अभिभावक तथा सरोकार राख्ने विभिन्न व्यक्ति, समुदाय, सरकारी संघसंस्था गैर सरकारी संस्थाहरूलाई व्याकरणको मर्म बुझी त्यसै अनुरूपका क्रियाकलापमा सहभागी हुन हौसला प्रदान गर्नेछ ।

### ५.३.१ नीतिगत तहमा उपयोगिता

कार्यमूलक व्याकरणले व्याकरणात्मक अभ्यासलाई नीतिगत रूपमा हेर्दा वि.सं. १९६९ को हेमाङ्गराज पण्डितको 'चन्द्रिका' व्याकरणले व्याकरण लेखनको परम्परालाई जीवित राखेको पाइन्छ । त्यति बेलाका विभिन्न व्याकरणहरू सिद्धान्तका विषयमा छुट्टै रूपमा पढाइ हुने गरेको पाइन्छ । वि.सं. २०३८ पूर्व पहिलो पत्र १५ पूर्णाङ्क र दोस्रो पत्र १० पूर्णाङ्कको व्याकरणको परीक्षा लिने प्रचलन पाइएको छ । वि.सं. २०५० यता विधाका आधारमा २० पूर्णाङ्क, वि.सं. २०५८ पछि पाठका प्रकृति अनुसार भाषातत्त्वको समावेश

गराई व्याकरणको शिक्षण गर्ने गरेको पाइन्छ भने वि.सं. २०६९ पछि मात्र कार्यमूलक व्याकरणको व्यवहारवादी सिद्धान्तका आधारमा आगमनात्मक विधिबाट विद्यार्थी केन्द्रित विधिको अवलम्बन गरिएको छ । यसका नीतिगत उपयोगितालाई निम्नलिखित बुँदाहरूमा स्पष्ट पार्न सकिन्छ :

(क) परम्परावादी सिद्धान्तलाई त्यागी आधुनिक सिद्धान्त वा आगमनात्मक विधिको प्रयोग गर्ने दीर्घकालीन नीति लिएको देखिन्छ ।

(ख) परम्परागत ढाँचामा जस्तै व्याकरणलाई छुट्टै रूपमा नभई भाषा पाठ्यपुस्तक, भाषिक सिपका माध्यमबाट व्याकरणको शिक्षण गर्ने नीति अवलम्बन गरिएको छ ।

(ग) वि.सं. २०३८ जस्तै छुट्टै पूर्णाङ्क निर्धारण नगरी भाषा पाठ्यपुस्तकभित्र व्याकरणका लागि छुट्टै पूर्णाङ्क निर्धारण नगरी भाषा र व्याकरणलाई संयुक्त रूपमा पूर्णाङ्कको निर्धारण गरी प्रयोग गर्ने नीति लिइएको पाइन्छ ।

(घ) कार्यमूलक व्याकरणका आधारमा व्यवहारवादी सिद्धान्तको उपयोग गरी विद्यार्थी केन्द्रित विधिको प्रयोगबाट व्याकरण शिक्षण गर्ने दीर्घकालीन नीति अवलम्बन गरिएको पाइन्छ ।

(ङ) व्याकरणको सिद्धान्त सिकेर मात्र व्यवहारमा उतार्न सकिन्छ भन्ने मान्यतालाई निरुत्साहित पार्दै गरेर सिक्ने मान्यतालाई आत्मसात् गर्नुपर्ने नीतिलाई अवलम्बन गरेको पाइएको छ ।

### ५.३.२ प्रयोगगत तहमा उपयोगिता

व्याकरणको अभ्यासको अध्ययनबाट के पुष्टि हुन्छ भने व्याकरण अभ्यासलाई कार्यमूलक ढङ्ग ढाँचामा निर्माण गरिएकाले भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यासलाई उदाहरण, प्रयोग, अनुकरण र व्यवहारको माध्यमबाट विद्यार्थीहरूमा भाषिक सिप विकास गराउने लक्ष्य राखिएको छ । यसको अध्ययनबाट प्रस्ट भएको देखिन्छ । यसका प्रयोगगत तह उपयोगितालाई निम्न लिखित बुँदाहरूमा स्पष्ट पार्न सकिन्छ :

(क) विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी भाषा पाठ्यपुस्तकमा व्याकरण अभ्यास समावेश गरिएकाले विद्यार्थी स्वयम् सक्रिय रूपमा सहभागी भई सिक्ने र

शिक्षकले निर्देशन गरि दिने भएकोले गरेर सिक्ने बानीको विकास गराउनमा उपयोगी हुने देखिन्छ ।

(ख) भाषाका चार वटा सिप (सुनाइ, बोलाइ,पढाइ र लेखाइ) विकास गरी स्वतन्त्र रूपले विद्यार्थीहरूले अभिव्यक्ति दिन सक्ने क्षमताको विकास गराई सिर्जनशील र व्यावहारिक हुने देखिन्छ ।

(ग) शुद्ध, शिष्ट र मानक भाषाको प्रयोग गरी व्यक्तित्वको विकास गराउनमा उपयोगी हुने देखिन्छ ।

(घ) व्याकरणलाई विभिन्न विधाका आधारमा समावेश गरिएकाले व्याकरणका विभिन्न कोटिहरूको सरल ढङ्गले प्रयोग गर्न सक्ने बानीको विकासमा उपयोगी हुने देखिन्छ ।

(ङ) सुझावका आधारमा पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माता, शिक्षक, विद्यार्थी, अभिभावकलार्य यस भाषा पाठ्यपुस्तकको सबल पक्ष र दुर्बल पक्षको अध्ययन गरी सरोकारवालाहरू सम्बन्धित विषयवस्तुमा ज्ञान हासिल गराई सुधार गर्न प्रेरित गर्ने भएकाले यसको प्रयोगगत तहमा उपयोगिता देखिएको छ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, सावित्री (२०६९), 'व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरुको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, हेमाङ्ग राज (२०७१, पाँचौ संस्क.), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, कृष्णप्रसाद (२०६४), *भाषाविज्ञान,* काठमाडौँ : क्षितिज प्रकाशन ।

आचार्य, सरस्वती (२०५९), 'निम्न माध्यमिक तह कक्षा आठमा प्रयुक्त व्याकरण अभ्यास खण्डको विश्लेषणात्मक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ओझा, रामनाथ (२०७२), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

काफ्ले, सूर्यप्रसाद (२०६५), 'कक्षा १० को नेपाली २०६४ पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खत्री, विनोदकुमार (२०७२), *कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, हरिशरण र अन्य (२०७३), *सञ्जीवनी नेपाली व्याकरण कक्षा आठ,* काठमाडौँ : सञ्जीवनी पब्लिकेसन एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

जबरा, पुष्कर शमशेर (२०५१), *नेपाली सजिलो व्याकरण,* काठमाडौँ : साझा प्रकाशन ।

दाहाल, दुर्गाप्रसाद (२०७२), *स्नातक अनिवार्य नेपाली,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

दाहाल, शोभा (२०७२), *बारा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पदवर्ग पहिचान क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निरौला, शम्भु प्रसाद र उपाध्याय, शिवलाल (२०७३), *सजिलो नेपाली व्याकरण कक्षा १०,* काठमाडौँ : त्रिज्योति पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

पाण्डे, गंगा (२०७२), *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यासको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

मैनाली, सीता (२०७१), 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणको विश्लेषण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, माधव (२०७०), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* काठमाडौँ : नेपाली प्रज्ञा-प्रतिष्ठान ।

शाही, सनतकुमार (२०७३), 'कक्षा नौको नेपाली पाठ्यपुस्तकको व्याकरण अभ्यासको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

श्रेष्ठ, शोभा (२०७२), 'कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, लालनाथ र पराजुली, हरिप्रसाद (२०५७, तेस्रो संस्क.), *नेपाली वर्णविन्यास,* ललितपुर : साझा प्रकाशन ।

## परिशिष्ट 'क'

## कक्षा दशको पाठ्यक्रम अनुरूप समाविष्ट व्याकरण

| क.सं. | विधा | क्षेत्र | भाषातत्त्व | बोध/अभिव्यक्ति |
|---|---|---|---|---|
| १. | कथा | लोक कथा | धातु र धातुका प्रकार, निणत, विस्मयादि बोधक | अनुमान र घटनावर्णन, प्रकृति र युद्धको बारेमा |
| २. | कविता | संस्कृति प्रधान | धा, लिङ्ग, वचन, पुरुष, आदरका आधारमा वाक्यहरू, लेख्य चिह्न, ह्रस्व ईकार | नेपाली संस्कृतिक बोध र अभिव्यक्तिको ज्ञान |
| ३. | जीवनी | राष्ट्रिय | क्रियायोगी, नामयोगी, र संयोजक | राष्ट्रिय व्यक्तित्वका बारे पहिचान र उनका महत्त्वपूर्ण कार्यको अभिव्यक्ति |
| ४. | निबन्ध | सामाजिक | नाम, सर्वनाम, विशेषण र क्रियापद | नाम, सर्वनाम र विशेषणका आधारमा संस्कृतिक अभिव्यक्ति |
| ५. | रूपक | मनोवाद | मूलशब्द र व्युत्पन्न शब्द, वर्तमान काल र भविष्यत् काल | मानिसका अन्तरहृदयका विविध कुराहरूको मनोवाद |
| ६. | चिठी | व्यापारिक | भूतकालिक क्रियापदहरू | चिठी र सम्वेदनापत्र लेखन, स्वास्थ्य र औषधी विज्ञानका बारेमा रचनात्मक अभिव्यक्ति |

| | | | | |
|---|---|---|---|---|
| ७. | कथा | ऐतिहासिक | क्रियापदका अपूर्ण पक्ष | सारांश लेखन र कथाकथनको संरचना वर्णन |
| ८. | कविता | प्रकृति प्रधान | उपसर्ग र प्रत्यय | उपसर्ग र प्रत्यय लगाई शब्द निर्माण गरी अनुच्छेद रचना तथा अनुकरणात्मक विधिका आधार कविता रचना |
| ९. | निबन्ध | धामिक तथा संस्कृतिक | स्वर वर्ण, द्वित्व, समास, बिग्रह लघुवाची | द्वित्व, समास, बिग्रह, लघुतावाचीको प्रयोग गरी अनुच्छेद रचना तथा जीवनी लेखन, सुचना विस्तार र आजको विश्वका बारेमा निर्देशित निबन्ध लेखन |
| १०. | रूपक | वादविवाद | पूर्ण भूत कालका पक्षहरू, सरल, मिश्र र संयुक्त वाक्य, पूर्ण भूतकाल, पूर्ण-वर्तमान काल, पूर्ण भविष्यत् | अभिव्यक्ति क्षमता र वादविवादको रचना |
| ११. | कथा | बालमनोवैज्ञानिक | पदसङ्गति, वाक्य परिवर्तन, भाव वा अर्थ | प्रश्न निर्माण तथा अनुमान वर्णन |
| १२. | जीवनी | अन्तराष्ट्रिय | लिङ्गका आधारमा वाक्य परिवर्तन सङ्केतका आधारमा एकवचन, बहुवचन, आदरार्थी | सारांश लेखन तथा आलोचनात्मक सोच सहितको स्वतन्त्र जीवनी लेखन |

| | | | | |
|---|---|---|---|---|
| १३. | निबन्ध | सामाजिक | संयोजक, सङ्केतका आधारमा वाक्य परिवर्तन, सरल, संयुक्त र मिश्र वाक्य | संयोजक र वाक्य परिवर्तनका आधारमा अनुच्छेद तथा निबन्ध रचना |
| १४. | कविता | प्रकृति प्रधान | विश्लेषित र संश्लेषित वाक्यहरू | वाक्यहरूलाई विश्लेषित तथा संश्लेषित गरेर |
| १५. | रूपक | वादविवाद | कारक र विभक्ति | वादविवादको रचना |
| १६. | कथा | सामाजिक | वाक्य परिवर्तन (कर्तृ, कर्म र भाव वाच्य) | बोध तथा कथाका घटनाहरूको क्रम निर्धारण |

# व्यक्तिवृत्त



नाम : रिता कुमारी चौधरी

जन्ममिति : २०४३/११/०९

ठेगाना : गौरीगंगा-८, कैलाली

बुवाको नाम : राज डंगौरा थारु

आमाको नाम : भगमती देवी चौधरी

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८४८४८४७५५

## शैक्षिक योग्यता

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री कान्ति राज्य लक्ष्मी माध्यमिक विद्यालय, कैलाली | २०६३ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री जनप्रिय उच्च मा.वि., कैलाली | २०६६ | द्वितीय |
| स्नातक तह (बी.एड.) | खप्तड बहुमुखी क्याम्पस, कैलाली | २०७२ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |